
विश्व कम्युनिष्ट आन्दोलनको एकताको निम्ति महत्वपूर्ण ताजा प्रस्ताव

# मूल्याङ्कन

मूल्य रु. १५/-

पूर्णाङ्क 33 मंसिर २०५२

विचार अन्तर्क्रियामुखी मासिक



क्यूबाली छापामार संघर्षमा

क. चे ग्वाभारा

के गणेशले साँच्चै नै दूध खाएको हो त ?




★ सम्मेलनका उपलब्धिहरू, यसका कमजोरीहरू

★ पारित दस्तावेजमा के के मुख्य कुराहरू छन् ?

★ बेइजिङमा नेपाली प्रतिनिधिहरूले खेलेको भूमिका

★ कस्तो व्यवस्था गरेको थियो त्यहाँ चीन सरकारले ?







के कै भए

बेइजिङ विश्व

महिला सम्मेलनमा ?




ANZ Australia | ANZ Bahamas | ANZ Bahrain | ANZ Bangladesh | ANZ Brazil
ANZ Chile | ANZ China | ANZ Cook Islands | ANZ Fiji | ANZ France
ANZ Germany | ANZ Greece | ANZ Guernsey | ANZ Hong Kong | ANZ India
ANZ Indonesia | ANZ Iran | ANZ Japan | ANZ Jersey | ANZ Jordan
ANZ Korea | ANZ Malaysia | ANZ Nepal | ANZ New Zealand | ANZ Oman
ANZ Pakistan | ANZ PNG | ANZ Phillipines | ANZ Qatar | ANZ Singapore
ANZ Solomon Islands | ANZ Sri Lanka | ANZ Switzerland | ANZ Tonga | ANZ Taiwan
ANZ Thailand | ANZ UAE | ANZ UK | ANZ USA | ANZ Vanuatu
ANZ Vietnam | ANZ Western Samoa

There's a bank that stands out in Nepal.
That bank is Nepal Grindlays Bank Limited offering a complete range of financial services.
In fact, whatever your International banking requirements, talk to Nepal Grindlays Bank Limited.
We have one of the largest International banking networks.
Providing the financial opportunities to give you the leading edge.

**Nepal Grindlays Bank Limited**

**नेपाल ग्रिण्डलेज बैंक लिमिटेड**

MEMBER ANZ GROUP

NAYA BANESHWORE, TEL: 229-333, TLX: 2531 GRNDLY NP, FAX: 977-1-226-762; KANTIPATH, TEL: 228-474, TLX: 2736 GMNEPL, FAX: 977-1-228-692; THAMEL, EXCHANGE BUREAU, TEL: 415228/236, TLX: 2268 GRCRD; LALITPUR, GPO BOX NO. 3990, TEL: 523266, TLX: 2531 GRNDLY NP; BIRATNAGAR (MORANG), P. O. BOX NO. 201, TEL: 27982, 27983, TLX: 3037 ANZBRT; DUHABI (SUNSARI), P. O. BOX NO. 201, TEL: 40030, TLX: 40177; POKHARA, LAKESIDE, TEL: 20102, TLX: 61-20318; ARGHAUN BAZAR, POKHARA, TEL: 21676, TLX: 005 NGBPOKH NP

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १३ पूर्णाङ्क ३३
२०५२ मंसिर



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल

**सह–सम्पादक**
राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**
श्याम खड्का

**कार्यालय व्यवस्थापन तथा लेखा**
वीरप्रसाद भंसारी

**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन प्रा.लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोनः ४२२७६९
पो. ब. नं. ७०५०, काठमाडौं


## बेइजिङको चर्चित विश्व महिला सम्मेलन

- ❑ यसमा के के भए ?
- ❑ त्यहाँ के के महत्त्वपूर्ण कुराहरू पास भए ?
- ❑ नेपाली प्रतिनिधि मण्डलले के के गऱ्यो ?
- ❑ के के उपलब्धि र के के कमजोरी रहे ?
- ❑ पारित मुख्य दस्तावेजमा के छ ?





**सम्मेलनका उपलब्धि र चुनौतीबारे सहभागी डा. चैतन्य मिश्रको विश्लेषणात्मक रिपोर्ट**

## ब्रुसेल्समा अन्तर्राष्ट्रिय कम्युनिष्ट एकताको निम्ति पारित महत्त्वपूर्ण प्रस्तावमा के के कुरा छन् ?

★ इण्डोनेशियामा कम्युनिष्टहरू मरेका छैनन् !

★ *भारतमा हालै सम्पन्न तीनवटा कम्युनिष्ट सम्मेलनहरू*



## विश्व विख्यात क्रान्तिकारी क. चे ग्वेभाराको भूमिका, छापामार संघर्षमा ।

## के गणेशले दूध खाएकै हो त ?

गणेशले दूध खाएको हल्लामा 'क्या हो क्या हो' भन्ने प्रगतिशीलहरू


**आवरण कथा**
*के के भए बेइजिङ सम्मेलनमा* ४

**घटना र प्रवृत्ति**
गठबन्धन सरकारको ५० दिन ३६
*नेपालगंजमा साम्प्रदायिकता* ३५
*कांग्रेसी संचार नीति र गोरखापत्रमा प्रहरी* ३७
यित्ज्याक राबिनको हत्या ३८
*रोल्पामा राज्य आतंक* ४१
राष्ट्रिय जनतान्त्रिक मोर्चाको जनजागरण ४१

**अर्थतन्त्र**
*कस्तो छ गठबन्धन सरकारको बजेट* ११

**विश्व कम्युनिष्ट आन्दोलन**
*इण्डोनेशियामा वामपन्थीहरू मरेका छैनन्* १३
*अन्तर्राष्ट्रिय कम्युनिष्ट एकताका लागि प्रस्ताव* १४
*सहभागी पार्टीहरू* १५
*भारतका आठ वामपन्थी पार्टीहरूको संयुक्त सम्मेलन* १९
*आन्ध्रमा ६ वाम-पार्टीहरुको सम्मेलन* २०
*भारतमा ठूलो मंचको निर्माण* २०

**जीवनको झाँकी**
*क्युबाली छापामार युद्धले एकवर्ष पार गरेपछि के के भयो ?* २१

**अन्तर्क्रिया**
*के संसद्को विघटनको सिफारिस गर्नु फासीकरणको उत्कर्ष थियो ?* २४
*-श्याम श्रेष्ठ*

**पर्दा / रंगमंच**
*'टुहुरो' नेपाली कथानक चलचित्र* २८
*-राजेन्द्रप्रसाद अधिकारी*
हास्य ब्यंग्यको क्यासेट *टपरटुइयाँ कस्तो छ ?* २९

**साहित्य / कथा**
पुसको रात *-प्रेमचन्द* ३०

**विज्ञान / प्रविधि**
*के गणशले दूध खाएकै हो त ?* ३२

**नीति / संस्कृति**
*जब प्रगतिशील व्यक्तिहरू पनि "क्या हो, क्या हो !" भन्न थाल्छन्* ३४
*-चन्द्रदेव नेपाली*

**हाम्रो मूल्यांकन** ४

**पाठकको कुरो** ४२



**आवरण फोटो : बेइजिङ सम्मेलनमा नेपाली प्रतिनिधिहरुको जुलूसमा सहभागिता / फोटोः शशी श्रेष्ठ र सीता खड्का / आवरण कलाः आईडियल डिजाइनर्स, भित्री पृष्ठका फोटोहरः उषा, एल्भीस जोशी, अञ्जना शाक्य / कम्प्युटरः माईक्रोविप्स, बागबजार / मुद्रणः इन्द्रेणी अफसेट प्रेस**

# यस्तै हो भने संयुक्त राष्ट्र संघको उपादेयता के ?

दोस्रो विश्वयुद्ध सकिएको लगत्तैपछि, संसारमा फेरि त्यस्तो भयानक नर-संहारकारी युद्ध नदोहोरियोस् र युद्धतिर धकेल्ने अमानवीय परिस्थिति कुनै पनि राष्ट्रमा नरहोस् भन्ने हेतुले संयुक्त राष्ट्र संघ स्थापना भएको यही अक्टोबर २४ मा पचास वर्ष पुगेको छ ।

तर विश्व एक ध्रुवीय भएपछि अहिले आइपुग्दा त्यो महान उद्देश्यले गठित राष्ट्रसंघ केही मुट्ठीभर विकसित साम्राज्यवादी मुलुकहरूका, विशेष गरी अमेरिकाका, घिनलाग्दा मनसुवाहरूमा सुनपानी छर्किदिने मेशिन बन्न पुगेको छ ।

अब अमेरिका र यूरोपेली हस्तक्षेपकारीहरूले हिजो जस्तो नांगो, सिधै र आफैं सर्वत्र बदनाम हुने गरी निहित नाफा र बजार स्वार्थको लागि अरूमाथि युद्ध थोपर्न जानु पर्दैन । उनीहरू जहाँ जानुपर्छ शान्ति र प्रजातन्त्र स्थापनाका निहुँमा राष्ट्र संघका शान्तिप्रतीक सेना-ट्यांकहरू चढेर जान सक्छन्, चाहे त्यो सोमालियामा होस् वा वोस्निया हर्जगोभिनामा, चाहे त्यो कम्पुचिया होस् वा हैटीमा ।

युद्ध रोक्न गठित राष्ट्र संघ र यसको सुरक्षा परिषद् साम्राज्यवादीहरूको क्षुद्र स्वार्थका निमित्त युद्ध र दुर्दशा थोपर्ने काममा समेत प्रयोग हुन थालेको छ । सर्वत्र आधारभूत मानव अधिकार बहालीको निमित्त स्थापित राष्ट्र संघ केही मुट्ठीभर प्रभुत्ववादीहरूको निहित स्वार्थको निमित्त करोडौं मानव जीवनलाई दुर्दशाग्रस्त पार्ने काममा समेत प्रयोग हुन थालेको छ । अहिले भूतपूर्व युगोस्लाभियामा, इराकमा जे भइरहेछ, त्यो यसको ज्वलन्त उदाहरण हो । यस प्रकार, राष्ट्र संघ, अहिलेको एक ध्रुवीय विश्वमा, नाफा र बजारको लागि जे पनि गर्ने साम्राज्यवादी शक्तिका लागि अति सुन्दर मायावी युद्ध-रथ हुन पुगेको छ ।

प्रश्न के उठिरहेछ भने, यदि यस्तै हो भने संयुक्त राष्ट्र संघको वास्तविक उपादेयता नै के ? किन पाल्ने वर्षेनी १.३ अरब अमेरिकी डलर खर्च गरेर अति महँगा ५३,५८९ कर्मचारी भएको यो सेतो हात्तीलाई ?

विश्वमा अहिले संयुक्त राष्ट्र संघ जस्तो विश्व संस्थाको आवश्यकता नै नभएको होइन । साना तथा कमजोर मुलुकहरूको निमित्त त आफ्नो अस्तित्व कायम राख्नको लागि स्वतन्त्र, तटस्थ र शक्तिशाली संयुक्त राष्ट्र संघको आवश्यकता अझ ज्यादा छ ।

युद्ध रोक्ने मामलामा त्यति सफल नभए पनि स्वास्थ्य, शिक्षा, श्रम, शरणार्थी, महिला र बालकहरूको अधिकारको मामलामा राष्ट्र संघले अहिलेसम्म गरेका कामहरू प्रशंसनीय छन् । विफरमुक्त विश्व राष्ट्र संघकै कामको प्रतिफल हो । आर्थिक सहायता बन्द गर्ने विन्दुमा अमेरिका पुग्नु पर्ने गरी यूनेस्कोले शैक्षिक र सांस्कृतिक अभियान शुरू गरेको पनि जगजाहेर छ ।

तर राष्ट्र संघ अहिले त्यत्ति पनि हैसियतमा छैन, जति यो हिजो थियो । राष्ट्र संघलाई 'सुधार' गरेर या त पूरै आफ्नो शर्तमा चल्ने स्थितिमा ल्याउने या धराशायी नै बनाउने नियतले सशक्त दवाब सिर्जना गर्न पूँजीवादी मुलुकहरूले यसलाई दिनु पर्ने बार्षिक योगदान रकम दिन बन्द गरेका छन् । अमेरिकाले मात्र यसलाई १.४ अरब डलर (अर्थात् ७८ अरव रूपैयाँ) तिर्नु बाँकी छ । राष्ट्र संघ तुरुन्तै टाट पल्टिने स्थितिमा छ ।

राष्ट्र संघले उनीहरूको पैसा पाउनका लागि यसका सामु राखिएका शर्तहरू निकै गंभीर छन् । जस्तो- सुरक्षा परिषद्का सदस्यहरू र स्थायी सदस्यहरू बढाउनु पर्ने (ता कि जर्मनी र जापान त्यसभित्र छिर्न सकून्), राष्ट्र संघको साधारण सभालाई अरू बढी अधिकारविहीन पारेर सुरक्षा परिषद्को लाइनमा ल्याउनु पर्ने, राष्ट्र संघका महासचिव नियुक्ति गर्ने प्रक्रिया बदल्नु पर्ने आदि । यी शर्त मान्ने र लागू गर्ने हो भने निश्चित छ- राष्ट्र संघ अरू धेरै पंगु हुनेछ र अमेरिकाको पूरापूर रबर स्ट्याम्पमा बदलिनेछ ।

तर विश्वका बहुसंख्यक राष्ट्र र जनताको पक्षमा, सामाजिक न्याय र प्रगतिको पक्षमा राष्ट्र संघलाई सशक्त र सक्षम बनाउने हो भने गरिनु पर्ने सुधार ती होइनन्, जुन साम्राज्यवादी मुलुकहरूले प्रस्तावित गरेका छन् । अहिलेको मुख्य आवश्यकता हो- संयुक्त राष्ट्र संघको प्रजातान्त्रीकरण । त्यो सुरक्षा परिषद्को तानाशाही विशेष अधिकार घटाउँदै लैजानु र अन्त गर्नु जरूरी छ, जसले एउटा शक्ति संपन्न मुलुकलाई बाँकी सारा बहुसंख्यक सार्वभौम मुलुकहरूका र साधारण सभाको निर्णयलाई कुल्चने विशेषाधिकार दिन्छ । प्रजातान्त्रीकरणको लागि राष्ट्र संघको साधारण सभालाई शक्तिसंपन्न पारिनु जरूरी छ । यस्तो गरियो भने राष्ट्र संघ अरू बढी सक्षम र शक्तिशाली हुन सक्छ । एउटा सक्षम र शक्तिशाली राष्ट्र संघ विश्वका बहुसंख्यक उत्पीडित जनता र राष्ट्रहरूको आवश्यकता हो । अझ, नेपाल जस्ता साना र कमजोर राष्ट्रहरूको निम्ति त यो अपरिहार्य आवश्यकता हो ।

हामीलाई लाग्दछ, राष्ट्रसंघमा एउटा सशक्त आर्थिक सुरक्षा परिषद् र कोष पैदा गर्नु जरूरी छ, जुन प्रत्येक देशको हरेक वर्षको कूल गार्हस्थ्य उत्पादनको १% योगदानबाट निर्मित हुन सक्छ । अन्तर्राष्ट्रिय मानव विकास कार्यक्रमको लागि यो कोषले, विश्व बैंकको जस्तो नाजायज साम्राज्यवादी शर्तहरू विनाको 'विश्व बैंक'को विकल्पको रूपमा काम गर्न सक्छ ।


राष्ट्र संघ अहिले गंभीर चुनौती र अस्तित्वको संकटबीच खडा छ । यसले मुट्ठीभर साम्राज्यवादीहरूको निमित्त उपयुक्त बाटो लिएर अस्तित्वमा रहने कि बहुसंख्यक राष्ट्रहरूका निमित्त उपयुक्त बाटो लिएर अस्तित्वमा रहने ?- यी दुई मध्ये एक बाटो छनौट गर्नुपर्ने भएको छ । विश्वका सबै उत्पीडित राष्ट्रहरूले यो छनौटमा सशक्त दवावको भूमिका खेल्नु जरूरी भएको छ । हैन, राष्ट्र संघले यो बाटो लिन सक्दैन भने पंगु र मुट्ठीभर साम्राज्यवादीहरूको कठपुतली राष्ट्र संघ त बहुसंख्यक राष्ट्रहरूको लागि चाहियो नै किन ? यसको उपादेयता नै के ? ❑

घटना र प्रवृत्ति

## कलकत्तामा साम्राज्यवाद विरोधी अन्तर्राष्ट्रिय सम्मेलन

**यही नोवेम्बर १४ देखि १७ सम्म अर्थात् कार्तिक २८ गतेदेखि मंसिर १ सम्म भारतको कलकत्तामा साम्राज्यवाद विरोधी अत्यन्त महत्वपूर्ण अन्तर्राष्ट्रिय सम्मेलन भइरहेको छ । सोभियत संघको विघटनपछि साम्राज्यवादका विरुद्धमा पहिलो पटक हुन लागेको यस अन्तर्राष्ट्रिय जमघटमा विश्वका धुरै चर्चित कम्युनिष्ट पार्टीहरु, वामपन्थीहरु र साम्राज्यवाद विरोधी व्यक्तित्वहरुले भाग लिने समाचार प्राप्त भएको छ । क्यूबा, फिलिपिन्स, पेरु र बेल्जियमको कम्युनिष्ट पार्टी तथा रुसको नीना एन्द्रिवाको अगुवाइमा रहेको बोल्शेविक फोरमले समेत यसमा भाग लिने कुरा थाहा भएको छ ।**

**नेपालबाट यस अन्तर्राष्ट्रिय सम्मेलनमा प्रोफेसर माणिकलाल श्रेष्ठको अगुवाइमा करीब ४१ जनाको प्रतिनिधि मण्डलले भाग लिइरहेको छ । प्रतिनिधि-मण्डलमा चर्चित वामपन्थी व्यक्तित्व तथा सांसद् पद्मरत्न तुलाधर पनि सरिक हुनुहुन्छ ।**



**सम्मेलनको आयोजना र सफलताको निम्ति भारतको सर्वोच्च अदालतका भू.पू. न्यायाधीश श्रीकृष्ण ऐय्यरको अध्यक्षतामा धुरै महत्वपूर्ण व्यक्तिहरु भएको एउटा सम्मेलन तयारी समिति गठन भएको छ ।**

**यो अन्तर्राष्ट्रिय सम्मेलनको मुख्य उद्देश्य विश्वभरिका साम्राज्यवाद विरोधी शक्तिहरुलाई एउटै एकताको सूत्रमा ल्याउने, साम्राज्यवाद विरोधी गति-विधिहरुलाई संयोजन गर्ने, अन्तर्राष्ट्रिय संयन्त्र विकास गर्ने र विश्व-भरि साम्राज्य-वादी उत्पीडन विरोधी जन चेतना र जन उभार सिर्जना गर्ने रहेको छ ।**



**स्मरणीय छ, यस्तो सम्मेलनको आयोजना गर्ने प्रस्ताव पोहोर १९९४ को अप्रिल ३० मा आयोजित अन्तर्राष्ट्रिय मार्क्सवादी सम्मेलनमा नेपालका तर्फबाट यस मूल्याङ्कन मासिकका प्रधान सम्पादक श्याम श्रेष्ठबाट राखिएको थियो । त्यो प्रस्ताव सम्मेलनले सर्वसम्मतिले पास गरेको थियो ।** ❑

*यस अंकको आवरणमा क. चे ग्वेभाराकोनाम अन्यथा हुन गएको कुरा सूचित गरिन्छ !/पृष्ठ २४ को अन्तर्क्रियासम्बन्धी लेखका लेखक श्याम श्रेष्ठ हुनुहुन्छ ।- सं.*






*चौथो विश्व महिला सम्मेलनको एउटा पोष्टर*

# के के भए बेइजिङ महिला सम्मेलनमा ?

त्यहाँ के के महत्वपूर्ण कुरा पास भए ? नेपाली प्रतिनिधि मण्डलले के के गऱ्यो ? के के उपलब्धि र के के कमजोरी रहे ?

गत सेप्टेम्बर महिनाको ४ देखि १५ सम्म (भाद्र १९ देखि ३० गतेसम्म) संयुक्त राष्ट्र संघको तत्वावधानमा जनवादी गणतन्त्र चीनको राजधानी बेइजिङमा चौथो विश्व महिला सम्मेलन सम्पन्न भयो । समानता, विकास र शान्तिका तीन उद्देश्य अन्तर्गत सम्पन्न गरिएको यस सम्मेलनको मूल मुद्दा महिलाहरुको सशक्तीकरणको प्रक्रियालाई कसरी सवल तुल्याउने भन्ने कुरामा केन्द्रित रहेको थियो । सम्मेलनमा विश्वका सबैजसो देशका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

यसै गरी अगष्टको २९ देखि सेप्टेम्बरको ८ सम्म (भाद्र १३ देखि २३ गतेसम्म) विश्वका अधिकांश मुलुकका गैरसरकारी संगठनहरुका प्रतिनिधिहरुको यसै विषयमा छुट्टै सम्मेलन सम्पन्न भएको थियो । सरकारी र गैहसरकारी प्रतिनिधि मण्डल गरी करीब ४० हजार सहभागीहरुले यो सम्मेलनमा विचार विमर्श गरे । बेइजिङ्ग सम्मेलन पूर्व आ-आफ्नो देशभित्र र क्षेत्रीय तहमा गरिएका तयारी सम्मेलनमा भाग लिनेहरु समेतको हिसाव राख्ने हो भने, यस विषयमा छलफल गर्नेहरुको संख्या पक्कै पनि करोडौंमा रह्यो होला ।

तयारी सम्मेलनहरु र बेइजिङ्ग सम्मेलनको उल्लेखनीय पक्ष के पनि रह्यो भने, अन्य विषयमा केन्द्रित रहेका सम्मेलनहरुभन्दा पृथक यस सम्मेलनका अधिकांश सहभागीहरु महिला नै रहे । यी महिला मध्ये अधिकांश आ-आफ्नै मुलुक र क्षेत्रका महिला विकास र महिला अधिकार विषय क्षेत्रमा अग्रणी स्थान ओगटेकाहरु नै थिए ।


**डा. चैतन्य मिश्र**

*सरकारी प्रतिनिधि मण्डलका वरिष्ठ प्रतिनिधि,*
*तात्कालीन राष्ट्रिय योजना आयोगका महिला क्षेत्र समेत हेर्ने सदस्य तथा समाजशास्त्री*


## चौथो विश्व महिला सम्मेलनः उपलब्धि र चुनौतीहरु !

# सरकारी प्रतिनिधि मण्डलले के के गर्‍यो ?

यस पटक बेइजिङमा पुगेको नेपाली प्रतिनिधि मण्डल यसभन्दा अघिल्लो विश्व महिला सम्मेलनको भन्दा चार गुना ठूलो थियो । ३६ जनाको प्रतिनिधि मण्डलको नेतृत्व शुरुमा श्रीमती सहाना प्रधानले गर्नु भए पनि नेपालको संसदमा अविश्वासको प्रस्तावमा मतादान हुन लागेको सन्दर्भमा उहाँ अकस्मात नेपाल फर्कनु भएपछि यसको अगुवाई अष्टलक्ष्मी शाक्यले गर्नु भएको थियो ।

"सम्मेलनमा यस्तो कुनै निर्णय भएन, जुन हाम्रो प्रतिनिधि मण्डलको पहल र जोडको कारणले नै पारित भएको होस्"- सम्मेलनकै एक जना वरिष्ठ प्रतिनिधि तथा तात्कालीन राष्ट्रिय योजना आयोगका महिला क्षेत्र हेर्ने सदस्य डा. चैतन्य मिश्रले भन्नु भयो- "हाम्रो सहभागिता त्यहाँ सामान्य रह्यो । बस् यति नै कि- अरुले सरह हामीले पनि छलफलमा भाग लियौं ।"

उहाँका अनुसार नेपाली प्रतिनिधि मण्डलले एउटा कुरामा भने आफ्नो असहमति जनाएको छ- त्यो हो धर्म परिवर्तन गर्ने स्वतन्त्रता संबन्धी सवालमा । नेपालको संविधानले त्यस्तो गर्न अनुमति प्रदान नगर्ने हुनाले हामीले यो असहमति राखेर आएका हौं"- उहाँले भन्नु भयो ।

"यहींबाट यसपालिको प्लेटफर्म फर एक्सनमा नेपालको धारणा प्रष्ट भएर जानुपर्थ्यो । तर त्यसो नभई त्यहीं गएर आफ्नो धारणा बनाउनु पर्‍यो... । ...शुरुमै प्रष्ट भएर जान नपाएकाले प्रमण्डलमा भएकाको जे जे विचार थियो, त्यही अनुरुप छलफलमा भाग लिएर विचार प्रस्तुत गर्‍यौं ।" सम्मेलनकै अर्का सरकारी प्रतिनिधि मीना आचार्यको प्रकाशित प्रतिक्रिया चाहिं यस्तो थियो । ❑

## विश्व महिला सम्मेलनहरूमा नेपालको प्रतिनिधित्व

*पहिलो सम्मेलनमा*
सरकारी प्रतिनिधि- ३ जना
गैरसरकारी प्रतिनिधि- १ जना

*दोस्रो सम्मेलनमा*
सरकारी प्रतिनिधि- २ जना
गैर सरकारी प्रतिनिधि- १ जना

*तेस्रो सम्मेलनमा*
सरकारी प्रतिनिधि- ९ जना

*चौथो सम्मेलनमा*
सरकारी प्रतिनिधि- ३६ जना
गैर सरकारी प्रतिनिधि- १७५ जना
❑

## के के पास भए ?

माथि भनिए झैं चौथो विश्व महिला सम्मेलन अन्तर्गतको विचार विमर्शको मूल उद्देश्य महिला-पुरुष समानता, सह-विकास र विश्व-शान्ति हासिल गर्नका लागि विश्वका महिलाहरुलाई कसरी, कसले र कहिलेसम्ममा सशक्तीकरण गर्न सकिन्छ भन्ने थियो । यी विषयहरुमा १९९३ को अन्त्यदेखि नै विश्वका विभिन्न मुलुकहरुभित्र, क्षेत्रीय तहमा र विश्व तहमा भएका विचार विमर्शलाई संगाल्दै र अभिलेख राख्दै तयार पारिएको दस्तावेजमा छलफल गरी, सो दस्तावेजलाई पारित गर्नु रहेको थियो । यी विभिन्न तहमा छलफल भई तयार पारिएको मस्यौदा दस्तावेज सबै मुलुकहरुलाई संयुक्त राष्ट्र संघले उपलब्ध गराएको थियो ।

संयुक्त राष्ट्र संघका अन्य दस्तावेज झैं यो दस्तावेज पनि दुई खण्डमा विभाजित थियो: पहिलो, घोषणा-पत्र र दोस्रो, कारवाहीको लागि प्रस्थान विन्दु (Platform for action) ।

प्रस्तावित घोषणा-पत्र खण्डमा विश्व-परिस्थिति, यस सम्मेलनको उद्देश्य र रणनीतिबारे विवेचना गरिएको थियो । कार्यवाहीका लागि प्रस्थान विन्दु खण्डमा उद्देश्य र रणनीति अनुरुप कुन कार्ययोजना कुन कार्यकारी मार्फत लागू गर्न आवश्यक छ भन्नेबारे विवेचना गरिएको थियो ।

कार्ययोजना लागू गर्ने मूल जिम्मेवारी सहभागी राष्ट्रका सरकारहरुको हो भन्ने तय भयो भने तोकिएको कार्ययोजना लागू गर्न बहुपक्षीय मुलुक र अन्तर्राष्ट्रिय संघ-संगठनहरुले तदारुकता देखाउनु पर्ने पनि तय भयो ।

## बेइजिङ घोषणा-पत्र

सम्मेलनमा पारित दुई वटा प्रमुख दस्तावेज मध्ये एउटा थियो- बेइजिङ्ग घोषणा-पत्र ।

लामो छलफलपछि सम्मेलनको अन्तिम दिन पारित गरी जारी गरिएको घोषणा-पत्रका मूल बूँदाहरु निम्न छन्:

❑ गएको केही दशकमा विश्वमा महिलाको स्थिति केही मुलुकमा सुध्रेको तर पुरुष-महिला असमानताको स्थिति कायम नै रहेको छ ।

❑ अधिकांश मुलुकका वासिन्दाहरुका लागि बढ्दो गरीबीले महिला पुरुष असमानता झन् चर्काएको छ ;

❑ यस्तो स्थितिको सामना गर्न मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणपत्र, महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने र बाल अधिकार संबन्धी महासन्धि, विकासको हक सम्बन्धी घोषणापत्र र संयुक्त राष्ट्र संघको तत्वावधानमा जारी गरिएका अन्य घोषणा-पत्र र महासन्धिहरु अनुरुप महिलाहरुको सशक्तीकरण गर्ने सबै सहभागी राष्ट्रहरुको अठोट र विश्वास रहेको छ ;

❑ यी विश्वास र अठोटहरुको आधारमा महिलाहरुको सशक्तीकरण गर्न, शक्ति संरचना, निर्णय निरुपण, स्रोत-साधन र अन्य क्षेत्रहरुमा महिलाहरुको समान अधिकार कायम गर्नुपर्छ र महिला अधिकार मानव अधिकार हो भन्ने कुरामा हामी विश्वस्त छौं ;

❑ यसै गरी हामी विश्वस्त छौं कि- दीगो आर्थिक वृद्धिमा आधारित गरीबी उन्मूलन, वातावरणको बचावट र सामाजिक न्यायमा आधारित समाज खडा गर्न महिलाको पूर्ण सभागिता पूर्वशर्त नै हो ;

❑ हामी यी तथ्यहरुमा पनि विश्वस्त छौं कि- महिलाहरु आफैंले आफ्नो स्वास्थ्य र खास गरी, प्रजनन सम्बन्धी स्वास्थ्यबारे स्वअधिकार कायम गर्नुपर्छ, स्थानीय, क्षेत्रीय र विश्वकै शान्ति महिलाको प्रगतिसँग अन्योन्याश्रित छन्, महिलाहरुको पूर्ण सहभागिता र अन्य निकायहरुको सहयोगमा महिला विकासका नीतिहरुको निर्माण, कार्यक्रमहरुको योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण गर्ने गरिनुपर्छ;

❑ यसैगरी हामी यो कुरामा पनि विश्वस्त छौं कि- हाम्रा देशका सरकार र अन्तर्राष्ट्रिय समुदायहरुले माथि भनिएका महिला अधिकार विकासका कार्यक्रमहरुप्रति संलग्न र दत्तचित्त रहनु कार्यक्रमको सफलताका पूर्वशर्त हुन् ;

❑ यसर्थ, हामी महिला स्वतन्त्रता र अधिकारका निमित्त, बालिकाका हक र हितका निमित्त, महिलाहरुको गरीबी निवारणको लागि, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनका निमित्त, महिलाका शिक्षा र सुस्वास्थ्यका निमित्त र शान्ति स्थापनाका निमित्त, जसको अभावमा उपरोक्त कार्यहरु सफल हुन सक्दैनन्, तदारुकताका साथ नीति निर्माण गर्न र उपयुक्त कार्यक्रम संचालन गर्न प्रतिवद्ध छौं ;




*बेइजिङमा प्ले-कार्ड सहित नेपाली महिलाहरू*




**'महिला अधिकार: मानव अधिकारको' को नारा सहितको जुलूस प्रदर्शन**

❑ हामी स्रोत-संसाधन, जमीन, ऋण, वैज्ञानिक र प्राविधिक सीप, सूचना र संचार आदिको क्षेत्रमा महिलाको पहुँच पुरुषहरुको बराबरी तुल्याउन प्रतिवद्ध छौं !

❑ यसै गरी यो वृहद कार्यवाहीका निम्ति प्रस्थान विन्दु सफलीभूत तुल्याउन हामी सबै सरकार, अन्तर्राष्टिय संस्था र सबै तहका संघ-संगठनहरु प्रतिवद्ध छौं । आर्थिक विकास, सामाजिक विकास र पर्यावरणीय सुरक्षा दीगो विकासका अन्योन्याश्रित आधार हुन् र यो मार्फत मात्र विश्वका सबै जनताको जीवनस्तर उकास्न सकिन्छ । गरीबी उन्मूलन गर्न र खास गरी, गरीब महिलाहरुलाई उकास्न उनीहरुको सशक्तीकरण जरुरी छ । दीगो हुनसक्ने आर्थिक विकास अन्तर्गत सबै जनता अटाउन सक्ने र दीगो आर्थिक वृद्धिले मात्र सामाजिक विकास र सामाजिक न्याय दिलाउन सक्दछ ;

❑ यो कार्यवाहीका निम्ति प्रस्थानविन्दुको सफलताका पूर्वशर्त मध्ये राष्ट्रिय र अन्तर्राष्ट्रिय स्रोतबाट जुटाउनु पर्ने नयाँ र थप वित्तीय संसाधन एक हुन् । यस्ता संसाधन राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय महिला विकास संरचनाहरुलाई सवल तुल्याउनमा समेत लगाउन सकिन्छ ;

❑ हामी यो कार्यवाहीका निम्ति प्रस्थानविन्दुलाई सफल तुल्याउन हाम्रा समस्त नीति एवं कार्यक्रमहरु लैंगिक दृष्टिकोणबाट विवेचना गरी लागू गर्न प्रतिवद्ध छौं । हामी संयुक्त राष्ट्र संघ अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरु, अन्य अन्तर्राष्ट्रिय संघ-संस्थाहरु र सबै पुरुष र महिलाहरुलाई यो कार्यवाहीका निम्ति प्रस्थान विन्दुलाई सफल तुल्याउने काममा सहयोग गर्न पनि आग्रह गर्दछौं ।

## कार्यवाहीका निमित्त प्रस्थान विन्दु

अन्तिम दिन, उल्लिखित घोषणा-पत्र पारित गरेको लगत्तैपछि चौथो विश्व महिला सम्मेलनले पारित गरेको "कार्यबाहीको निम्ति प्रस्थानविन्दु" अन्तर्गत विश्वका महिलाहरुका लागि १२ वटा प्रस्थान विन्दुहरुलाई प्राथमिकता दिइएको छ । यी १२ प्रस्थानविन्दुहरु खास खास मुलुकका र महिलाका तात्कालीन स्थिति, विशेषताहरुका आधारमा बढी वा कम महत्वपूर्ण ठहर्न सक्छन् । यी १२ विन्दुहरु निम्नि छन्:

### गरीबी उन्मूलन

❑ कार्यवाहीका निम्ति प्रस्थान-विन्दुहरु मध्ये सबै भन्दा बढी प्राथमिकता समष्टिगत गरीबी उन्मूलन र खासगरी, महिलाहरुको गरीबी उन्मूलनलाई दिइएको छ । त्यसमा भनिएको छ कि- अनिश्चित विश्व आर्थिक परिस्थिति, बाह्य ऋणको मात्रा, आर्थिक समायोजन कार्यक्रम, युद्ध, वातावरणीय विनाश र आर्थिक शक्ति विभाजनमा महिलाहरुको शक्तिहीनता महिला गरीबीका मुख्य कारण हुन् । यसर्थ, सबै मुलुकका सरकारहरुले लैंगिक दृष्टिकोणलाई यथेष्ट महत्व प्रदान गरेर गरीबी उन्मूलनपट्टि उन्मुख नीति निर्माण गर्नु र कार्यक्रम संचालन गर्नु अत्यावश्यक छ ।

यसैगरी सबै महिलाको लागि खेतीयोग्य जग्गा र आवासको व्यवस्था गर्न महिलालाई सक्षम बनाउन र खाद्य सुरक्षा, उत्पादक-नियन्त्रित सहकारीको व्यवस्था आदिमा महिलाको पहुँच बढाउनु आवश्यक छ । बहुपक्षीय बित्तीय संस्थाहरुलाई गरीब महिलातिर उन्मुख हुन पनि आव्हान गरिएको छ ।

### महिला शिक्षा

❑ महिला शिक्षालाई यसमा मानव अधिकारको रुपमा लिइएको छ । यसमा भनिएको छ- समानता, विकास र शान्ति प्राप्त गर्ने महत्वपूर्ण औजार शिक्षा हो र यसले पुरुष र महिलाबीच समानता कायम गर्न महत्वपूर्ण भूमिका खेल्दछ ।

यसमा विश्वका निरक्षर मध्ये दुइ तिहाई महिला नै रहेको तथ्य स्मरण गराउँदै सन् २००० सम्ममा उपयुक्त उमेरका बालबालिका मध्ये कमसेकम ८०% लाई आधारभूत शिक्षा उपलब्ध गराउने, सन् २००५ सम्ममा स्कूल शिक्षा आर्जनमा बालक र बालिकाको भेद हटाउने, सन् २००० सम्ममा महिला निरेक्षता आधा घटाउने, महिलाहरुलाई बजारोन्मुख र जीवनोपयोगी सीप प्रदान गर्ने प्रतिवद्धता जाहेर गरिएको छ ।

### महिला र स्वास्थ्य

❑ यसमा स्वास्थ्य भन्नाले रोग र कमजोरीविहीन स्थिति मात्र होइन, शारीरिक, मानसिक र सामाजिक तीनै रुपको तन्दुरुस्तीको रुपमा लिइएको छ ।




बेइजिङ: भूटानी महिलाहरुको जुलूस प्रदर्शन




भूटानी महिलाहरुको जुलूसमा नेपाली महिलाहरुको पनि सहभागिता

# नेपाली एन.जी.ओ. फोरमले के के गऱ्यो ?

❑ पहिलो दिन नै नेपालले पाएको पालमा नेपाली महिलाहरुको कानूनी अधिकार र उनीहरुमाथि हुने घरेलु हिंसाबारे नाटक प्रदर्शन गरिनुको साथै त्यसबारे भाषण र प्रश्नको उत्तर दिने कार्यक्रम गरियो ।

❑ चेलीबेटी बेचबिखन, देह-व्यापार र महिलामाथिको घरेलु हिंसा विरुद्ध र महिलाहरुको समान राजनैतिक अधिकारको लागि जुलुस प्रदर्शन गरियो । यसलाई चीनको प्रमुख समाचार पत्रहरु एवं अन्य संचार माध्यमहरुले पनि प्रचार गरे ।

❑ महिला समानताको लागि करीब २७ देशका महिलाहरुद्वारा कालो लुगा लगाएर हातमा आ-आफ्ना देशका परंपरागत बत्तीहरु र मैनबत्ती लिएर जुलुस प्रदर्शन गरियो । यसको नेतृत्वमा नेपाली महिलाहरु रहेका थिए ।

❑ अरु देशका महिलाहरुले निकालेका जुलुसहरुमा सामेल भएर ऐक्यवद्धता जाहेर गरियो ।

❑ भूटानी शरणार्थीहरुले निकालेको जुलुसमा सामेल भएर उनीहरुसित एकता जाहेर गरियो ।

❑ नेपाली महिलाहरुको बढी परिश्रम परेको र उनीहरुले नै निर्माण गरेको हस्तकलाको प्रदर्शन गरियो ।

❑ नेपालमा नै एन.जि.ओ. कोलिसनले पारित गरेर लगिएको नेपाली महिलाहरुको गंभीर समस्याहरुको फोल्डर वितरण गरियो ।

❑ अष्टमातृका र घरेलु हिंसाबारे तर्कर लगेको सिरक प्रदर्शन गरियो ।

❑ नेपाली खानाको वितरण गरेर मितेरी सम्बन्ध विस्तार गरियो ।

❑

# बेइजिङ सम्मेलनमा सहभागिता

सम्मेलनमा
राष्ट्रिय सहभागीहरू- १७०००

तीमध्ये १८९ देशबाट
सरकारी प्रतिनिधिहरू- ६०००

NGO प्रतिनिधिहरू- ४०००

संचार कर्मीहरूका प्रतिनिधि- ४०००

NGO फोरममा
सहभागीहरू करीब- ३००००

❑



बेइजिङ: ग्रेट हलको अगाडि कार्यक्रम हुँदै

र, महिलाहरुको हालको स्वास्थ्यको स्थितिबारे चिन्ता व्यक्त गर्दै महिला स्वास्थ्यलाई महिला अधिकारको अर्थमा व्याख्या गरिएको छ ।


दीपावलीको उपलक्ष्यमा समस्त देशवासीहरुमा हार्दिक शुभकामना !

अध्यक्ष तिलक राई
पथरी गाविस परिवार,
पथरी बजार, मोरङ्ग


महिलाहरुको लागि लैंगिक हिसाबले संवेदनशील स्वास्थ्य कार्यक्रमहरु, महिलाहरुलाई जीवनभर स्वास्थ्य आवश्यकता पूरा गर्ने विकेन्द्रित स्वास्थ्य सेवाहरु उपलब्ध गराउनु पर्ने, निरोधक स्वास्थ्य प्रवर्द्धन गर्ने, यौनजन्य र प्रजननसँग सम्बन्धित स्वास्थ्य सेवा सबल बनाउने, महिला स्वास्थ्यसंग सम्बन्धित क्षेत्रहरुमा बजेट खर्च वृद्धि गर्ने र उच्चस्तरीय सुपरिवेक्षण निकाय गठन गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ ।

### महिला र हिंसा

यसमा पहिलो पटक महिला विरुद्धको हिंसालाई समानता, विकास र शान्ति प्राप्तिको लागि बाधकको रुपमा लिइएको छ । यसमा भनिएको छ- लैंगिक भेदको आधारमा गरिने कुनै पनि शारीरिक, मानसिक वा यौनजन्य नोक्सान पुऱ्याउने र पुऱ्याउन सक्ने काम वा धम्की एवं स्वतन्त्रता-हरण महिलाका विरुद्ध हिंसा हुन् ।

यस्तो हिंसाको प्रतिरोध गर्न कानूनी पुनरावलोकनका साथै आम संचारका माध्यमहरु (जसले यस्ता हिंसालाई बढावा दिन सक्छन्) लाई उत्तरदायित्वपूर्ण प्रदर्शन गर्न र व्यावसायिक नीति-नियम बनाउन एवं तिनलाई पालना गर्न-गराउन प्रतिवद्धता व्यक्त गरिएको छ । यसै गरी, देहव्यापार बिरुद्धका अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरु पालना गर्ने प्रतिवद्धता पनि व्यक्त गरिएको छ ।

### सशस्त्र झडपहरु र महिला

सशस्त्र संघर्षहरुका घटनाहरुको मात्रा शीत युद्धको समाप्तिपछि यथावत नै छन् र यस्ता संघर्षका मुख्य शिकार मध्ये महिला र बालबालिका हुने गरेका छन् । विश्वका २ करोड ३० लाख शरणार्थी र २ करोड ६० लाख आन्तरिक रुपमा विस्थापित जनसमुदाय मध्ये ८० % महिला र बालबालिका छन् ।

यसैले यो दस्तावेजमा भनिएको छ- शान्ति स्थापना र पुनर्निर्माणको काममा महिलाहरुलाई बढी मात्रमा संलग्न हुन सवल बनाइनु पर्दछ ।

यसै गरी, महिला र बाल बालिकालाई सशस्त्र संघर्षबाट सुरक्षा प्रदान गर्न लागू गरिएका अन्तर्राष्ट्रिय संझौताहरुमा सहभागी हुन सबै सरकारहरुलाई आव्हान गरिएको छ ।

### आर्थिक सहभागिता

❑ यसमा भनिएको छ- आर्थिक र राजनैतिक संरचनाहरुमा महिलाहरुको निर्णायक भूमिका न्यून रहेको छ किनकि आर्थिक स्रोत, संसाधन र आर्थिक शक्ति दुवैमा पारिवारिक तहदेखि वृहद् सामजिक तहसम्म महिलाहरुले पुरुष बराबरको हैसियत राख्न पाएका छैनन् ।

यसर्थ महिला र पुरुषकाबीच समान कामको लागि समाज ज्यालादर कायम गर्ने कानूनी प्रावधान तयार गरी लागू गर्न र कामदार भर्ना गर्दा, पदोन्नति गर्दा र सामाजिक सुरक्षा प्रदान गर्दा महिला पुरुष दुवैलाई समान कानूनी प्रावधान अन्तर्गत मात्र गर्न प्रतिवद्ध छौं ।

### राज्य र अन्तर्राष्ट्रिय संयन्त्रहरु

विश्वका सबै सरकारहरु अन्तर्गत महिला विकास हेर्ने निकाय गठन भैसकेको भएतापनि यस्ता निकायहरु अधिकांश मात्रमा अस्पष्ट कार्य विवरण र अपर्याप्त जनशक्ति, सीप, सूचना र राष्ट्रिय नेतृत्वबाट उपयुक्त मद्दतको अभावमा सिंगो सरकारी संयन्त्रभित्र सीमान्त महत्वका मात्र रहन पुगका छन् । क्षेत्रीय र विश्व तहका महिला सम्बन्धी निकायहरुको स्थिति पनि लगभग यस्तै रहेको छ ।

यस परिस्थितिलाई सुल्ट्याउन यसमा भनिएको छ- स्पष्ट कार्य विवरण सहितको पर्याप्त स्रोत र जनसाधन समेत भएको र हरेक सरकारको सकेसम्म माथिल्लो तहमा क्याविनेट स्तरको मन्त्री समाहित भएको महिला मामिला हेर्ने निकाय स्थापित गर्न प्रतिवद्ध छौं ।

### महिलाहरुको स्थान

❑ महिलाहरुको सशक्तीकरण र सामाजिक मर्यादास्तर माथि उठाउन सकेमा मात्र दीगो विकास र दीगो आर्थिक विकास संभव छ । यसर्थ यस कुरामा विश्वस्त हुन सकिन्छ कि

*डडेल्धुराका यी बालिकाहरुलाई बेइजिङ सम्मेलनबारे के थाहा होला ?*





बेइजिङ : तगेको कलात्मक सिरक प्रदर्शन गर्दै नेपाली महिलाहरु

समाजका विभिन्न तह र अंगमा गरिने नीति निर्माण र हरेक कार्यक्रम कार्यान्वयन गर्दा यस्तो नीति वा कार्यक्रमले महिलाको स्थितिलाई माथि उकास्छ वा उकास्दैन र महिलाको सशक्तीकरणलाई अघि बढाउँछ वा बढाउँदैन भन्ने विवेचना पश्चात् मात्र सो नीति वा कार्यक्रम लागू गर्नुपर्छ ।

### महिला र संचार माध्यमहरु

❑ परम्परागत र आधुनिक आम संचारका माध्यमहरुले महिला विकासमा हालको भन्दा ज्यादै महत्वपूर्ण भूमिका खेल्न सक्छन् । महिला र पुरुषबीच समानताको बारे सरकार र अन्तर्राष्ट्रिय संस्थाहरुले आम संचारका माध्यम मार्फत् बोध गराउन सक्छन् । तर अधिकांश देशहरुमा विभिन्न किसिमका आम संचारका माध्यमहरुले महिलाको वास्तविक सकारात्मक भूमिकालाई उचित स्थान दिन सकेका छैनन् । उनीहरुले महिलाहरुको छवी विगार्ने काम भने गरिरहेको पाइन्छ । यो स्थिति परिवर्तन गर्न अति जरुरी छ ।

यस स्थितिको सामना गर्न महिलाहरुलाई आम संचारका माध्यमहरुमा निर्णयकारी र कलात्मक रुपले उच्च स्थान ओगट्न सक्षम बनाउनु र आम संचारका माध्यमहरुलाई पुरुष र महिलालाई वास्तविक रुपमा प्रदर्शन गर्न लगाउनु जरुरी छ । यसै गरी, शिक्षा, सूचना र संचार क्षेत्रमा लैंगिक समता झल्काउने रणनीति विकास गर्नु पनि आवश्यक छ ।

### महिला र बालिकाहरुको विश्वव्यापी अधिकार

❑ यसमा भनिएको छ - महिला र बालिकाको अधिकार मानव अधिकारको अभिन्न र अक्षुण्ण अंग हो । यस्तो अधिकार महिला विकासको लागि अति महत्वपूर्ण पनि छ । यसर्थ सबै सरकारहरुले मानव अधिकारको अन्तर्राष्ट्रिय सन्धि अनुमोदन गर्न आव्हान गरिन्छ । यसै गरी, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि, बाल अधिकार महासन्धि अनुमोदन गर्न पनि सबै राष्ट्रहरुलाई आव्हान गरिन्छ । साथै, महिलाहरुलाई मानव अधिकारबारेको शिक्षा र सूचना प्रदान गर्ने कार्यक्रम तयार गर्न र महिलामाथि हुने हिंसा विरुद्ध कारवाही गर्न पनि आव्हान गरिन्छ ।

### महिला र पर्यावरण

❑ पर्यावरणमा आएको ह्रासले दीगो विकासमा हानी पुऱ्याउनको साथै, खास गरी, महिलाहरुलाई उत्पादनमुखी क्रियाकलापबाट बन्चित तुल्याउँदै स्वास्थ्य सुरक्षामा समेत हानी पुऱ्याएको छ ।

तसर्थ सबै सरकारहरुले पर्यावरण संबन्धी नीति निर्माण र कार्यक्रम संचालनमा महिलाहरुलाई सहभागी गराउनु जरुरी छ । राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहहरुमा रहेका पर्यावरण सम्बन्धी निकायहरुलाई सवल तुल्याउन जरुरी छ । साथै, वातावरणीय नीतिबाट महिलाहरुमाथि हुने असरबारे अध्ययन गर्नु पनि जरुरी भएको छ ।

### बालिकाहरु

सबै देशका सरकारहरुलाई बालिकाहरुमाथि हुने सबै प्रकारको भेदभाव र अधिकारको हनन अन्त गर्न आव्हान गरिएको छ ।

❑ अन्त्यमा बालिकाहरुका विरुद्ध शैक्षिक क्षेत्रमा, स्वास्थ्य उपचारमा, पोषण सम्बन्धमा, बालिकाप्रतिको सांस्कृतिक दृष्टिकोणमा विद्यमान भेदभाव र हिंसालाई अन्त्य गर्न आव्हान गरिएको छ । सबै राष्ट्रका सरकारहरुले बालिकाहरुको जीवन, सुरक्षा र विकासका लागि समष्टिगत रणनीति तय गरी लागू गर्न र लिङ्गको आधारमा बालक र बालिकाबीच कुनै भेदभाव नगर्न आव्हान गरिएको छ । पारिवारिक सम्पत्तिको बण्डामा लैंगिक भेदभाव नराख्न र विवाहको लागि हद उमेर तोक्न, सबै बालबालिकालाई आधारभूत शिक्षा उपलब्ध गराउन, सबै बालबालिकालाई आर्थिक शोषणबाट मुक्त राख्न र शारीरिक, मानसिक, नैतिक, सामाजिक र आत्मिक विकासमा आघात पर्ने गरी श्रममा नलगाउन पनि आव्हान गरिएको छ ।

## के के उपलब्धिहरु भए ?

चौथो विश्व महिला सम्मेलनले पारित गरेको ३८ प्याराग्राफको घोषणापत्र र १५० पेज, ३६१ प्याराग्राफ र करीब १ लाख शब्द रहेको कारवाहीको लागि प्रस्थान विन्दुको दस्तावेजमा विश्वका महिलाको स्थितिबारे विहंगम दृष्टि पुऱ्याउने कोशिस गरिएको छ ।

— बेइजिङः विविध देशका महिलाहरुबीच आपसी भेटघाट —




मुसुरो उत्पादन गरी निकासी बढाऔं

☛ खेत बाँझो नराखौं।
☛ सिंचाई सुविधा नभएको जग्गामा मुसुरो खेती गरौं।
☛ कम खर्चमा बढी फाइदा लिउँ।
☛ मुसुरो खेती गरी अन्य वालीको लागि आवश्यक पर्ने प्रमुख तत्व नाइट्रोजनको विकासमा सहयोग गरौं ।
☛ मुसुरोको निकासी बढाइ निकासी प्रबर्द्धनमा योगदान गरौं ।

व्यापार प्रबर्द्धन केन्द्र
स्टावेक्स परियोजना
पाटन ढोका
ललितपुर
फोन नं. ५-२५७०२
५-२६८०२

# बेइजिङ विश्व महिला सम्मेलनद्वारा पारित मुख्य दस्तावेज

बेइजिङमा भाद्र १९ देखि ३० सम्म आयोजित संयुक्त राष्ट्र संघको चौथो विश्व महिला सम्मेलनद्वारा पारित दुई प्रमुख दस्तावेजहरुमध्ये एउटा हो- Platform for action अर्थात् कारवाहीका निम्ति मञ्च ।

१५० पेज र ३६१ प्याराग्राफ भएको यो दस्तावेजले महिला समानता, समुन्नति र सशक्तीकरणका निम्ति हरेक देशको सरकार, गैरसरकारी संगठनहरु, अन्तर्राष्ट्रिय समुदाय र क्षेत्रीय संगठनहरुले के के रणनीति, लक्ष्य र कदमहरु लिनु पर्ने हो, त्यसको विस्तृत रुपमा उलेख गरेको छ । त्यसमध्ये पनि पहिलो प्राथमिकता आगामी ५ वर्षभित्र कार्यान्वयन गर्ने कुराहरुलाई दिइएको छ ।

दस्तावेजले यसका निम्ति १२ वटा सरोकारका क्षेत्रहरु पहिल्याएको छ । ती हुन्- गरीबी, शिक्षा, स्वास्थ्य, हिंसा, आर्थिक सहभागिता, मानव अधिकार, बालिकाहरु, महिला र संचार माध्यम, महिला र वातावरण, राज्य र अन्तर्राष्ट्रिय संयन्त्रहरु, सशस्त्र झडपहरु, र अधिकारको हिस्सेदारी र निर्णय प्रक्रियामा सहभागिता ।

यी सरोकारका क्षेत्रहरुमध्ये महिला हिंसा, बालिकाहरुको र महिलाहरुको अधिकार सामाजिक अधिकार हो भन्ने कुरा पहिलो पटक संयुक्त राष्ट्र संघीय महिला कार्यक्रममा समावेश गरिएको हो ।

## कार्यवाहीका निम्ति मञ्च (Platform for action) मा के छ ?

प्रस्तुत छ, कारवाहीका लागि मञ्चले औंल्याएका प्रमुख सवालहरु- अति संक्षिप्तमा :

### *महिलाहरूको गरीबी*

मञ्चले महिलाहरुको गरीबी उन्मूलनलाई सरोकारका १२ वटा क्षेत्रहरुमध्ये पहिलो प्राथमिकताको क्षेत्र बनाएको छ । विश्वका १ अरब गरीबहरुमध्ये ठूलो बहुसंख्या महिलाहरुकै छ भनेर यसले औंल्याएको छ ।

गरीबी उन्मूलनका लागि मंचले निम्न सवालहरु मुख्य रुपमा उठाएको छ :

❑ महिलाहरुको सशक्तीकरण गरीबी उन्मूलनका निम्ति निर्णायक तत्व हो ।

❑ सबै सरकारहरुले लैंगिक दृष्टिकोणबाट आफ्ना नीति र कार्यक्रमहरुको विश्लेषण गर्नुपर्छ ।

❑ उत्पादनशील साधनहरुको, संपत्तिको, अवसरहरुको, आम्दानीको र सेवाहरुको बढी समतामूलक वितरण हुने गरी सबै सरकारहरुले आफ्ना नीति र कार्यक्रमहरुको समायोजन गर्नुपर्छ ।

❑ गरीबीमा बाँचिरहेका र सामाजिक तवरले सीमान्त स्थितिमा बाँचिरहेका महिलाहरुलाई उत्पादनशील रोजगारी र अर्थतन्त्रको मूल धारासित एकीकृत र पुनर्एकीकृत गरिनु पर्छ ।

❑ महिलाहरुको गरीबी निवारणका लागि महिलाहरुकै पूरापूर र समान सहभागिता हुनुपर्छ । यसका लागि सबै देशका सरकारहरुले आफ्ना समष्टिगत आर्थिक र सामाजिक नीतिहरुको पुनरावलोकन र हेरफेर गर्नुपर्छ ।

❑ दीगो विकास र आर्थिक संवृद्धि महिलाहरुको आर्थिक, सामाजिक, राजनीतिक, कानूनी र सांस्कृतिक स्तर माथि उकासेर मात्र संभव हुन्छ ।

❑ विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष र क्षेत्रीय विकासका संस्थाहरु जस्ता बहुपक्षीय वित्तीय र विकास संबन्धी

बाँकी ३९ पेजमा

यस दस्तावेजमा गएको २० वर्षयता महिला- संसारले गरेको प्रगतिको पनि व्याख्या गरिएको छ ।

१२ बुँदे यो दस्तावेजमा माथि लेखिए झैं महिलाका मूल समस्याहरुको विवेचना गर्नुका साथै यी समस्याहरु सुल्झाउन कसले र कसरी जिम्मेवारी बहन गर्नुपर्दछ भन्नेबारे पनि विस्तृतमा प्रष्ट्याउने कोशिस भएको छ ।

यो १२ बुँदा मध्ये पनि महिलाहरुको गरीबी र यसलाई अन्त गर्ने रणनीतिहरु, निरक्षरता, अशिक्षा, यसबारे राखिएका ठोस लक्ष्यहरु, महिला स्वास्थ्यको परिभाषा र यसबारे यसले देखाएको महिलामाथिको हिंसा विरुद्धका रणनीतिहरु, राजनैतिक र आर्थिक निर्णय गर्ने तहहरुमा महिलाहरुका लागि यथेष्ट स्थान र मात्रामा पुग्न नसक्नुका कारणहरुको विवेचना, महिला अधिकारलाई मानव अधिकारको अभिन्न अंगको रुपमा ग्रहण गर्ने प्रतिवद्धता र बालिकाहरुको स्थितिप्रति देखाएको सजगता नेपालमा र अन्य कतिपय समकक्षीय मुलुक र क्षेत्रका लागि अत्यन्त महत्वपूर्ण छन् ।

यो सम्मेलन संयुक्त राष्ट्र संघको तत्वावधानमा आयोजना गरिएको अन्य कतिपय सम्मेलनहरु भन्दा केही विशिष्ट उपलब्धिहरु हासिल गर्न पनि सक्षम रह्यो । विकसित मुलुकहरुले अल्पविकसित मुलुकका महिलाहरुको विकासको लागि नयाँ र थप वित्तीय सहयोग प्रदान गर्ने प्रतिवद्धता जाहेर गर्नु, महिलाहरुलाई पारिवारिक सम्पत्तिको हकदार बनाउने प्रतिवद्धता सबै राष्ट्रहरुले जाहेर गर्नु, महिला शिक्षातर्फ विशिष्ट लक्ष्य सहित प्रगति हासिल गर्ने अठोट राख्नु र सोको लागि समयावधि समेत निर्धारण गरिनु र विश्वभरि नै गरिएका महिला विरुद्धको हिंसाको विरोधमा सबै मुलुकका सरकारहरुको एकै स्वर रहनु आदिलाई यस सम्मेलनको विशिष्ट उपलब्धिहरु मध्ये गणना गर्न सकिन्छ ।

## सम्मेलनका सीमाहरु

यति हुँदा हुँदै पनि यी उपलब्धिहरु र सम्मेलनले पारित गरेको दुई दस्तावेजहरु हालको विश्वको अर्थराजनीतिक संरचनाको सीमाभित्र बाँधिएको छ ।

महिलाहरुको अधिकार, स्वतन्त्रता, समानता र विकास कस्तो अर्थतन्त्र, राज्ययन्त्र र सांस्कृतिक संरचना अन्तर्गत छिटो फस्टाउन र दीगो रहन सक्छ भन्ने कुराको समष्टिगत यथार्थवादी विवेचना यी दस्तावेजहरुमा पाइन्नन ।

संसारमा अहिले बजारमुखी अर्थतन्त्रको विगविगी छ । पूर्ण बजारमुखी अर्थतन्त्रले महिलाहरुलाई अरु सारा बजारका उपभोग्य बस्तु जस्तै एउटा आकर्षक उपभोग्य बस्तुमा बदल्छ । महिलाहरु मानव कम, उपभोग्य बस्तु बेसी हुन जान्छन् । त्यो स्थितिमा महिलाहरु कसरी स्वतन्त्र र समान हुन सक्छन् ? यो समस्या र यसको समाधानाबारे यी दस्तावेजहरुमा कुनै उल्लेख भेटिँदैन ।

यसैगरी, निहित बजारको स्वार्थको लागि विश्वका विभिन्न महत्वपूर्ण भागमा आफ्नो कब्जा जमाउन अहिले विकसित मुलुकहरुमा सस्त्रअस्त्रको होडबाजी लागेको छ । यसमा लाग्ने खर्च र यस अन्तर्गतको विश्व संत्रासले महिलाहरुको स्थितिमा के असर पार्छ र पारेको छ, त्यसको व्याख्यान पनि यी दस्तावेजहरुले प्रस्तुत गरेको देखिएको छैन ।

एकातिर, भौतिक रुपले अति संपन्न मुलुकहरु र अर्कोतिर, कठीन श्रम गरेर पनि सिंगै जीवन अपहेलना, अभाव र गरीबीमा बाँच्नु पर्ने विश्वका अधिकांश महिलाहरु- यी दुई बीच के संबन्ध र साइनो छ ? यसको खोज र समाधान यी दस्तावेजमा पाउन सकिदैन दस्तावेज यसमा मौन रहेको देखिन्छ ।

भौतिक रुपले अति संपन्न मुलुकका निवासीहरुले विश्व संपदा र पर्यावरणमा पारेका दीर्घकालीन नकारात्मक प्रभाव र यसले महिलाहरुमाथि पार्ने असरबारेमा पनि दस्तावेजहरु मौन रहेका छन् ।

विगतका संयुक्त राष्ट्र संघीय महिला सम्मेलनमा पनि महिला सशक्तीकरण र समानता संबन्धी थुप्रै राम्रा कुराहरु पास भएका थिए । जस्तो- नैरोबीकै सम्मेलनमा पनि । तर ती मध्ये धेरै निर्णयहरु कागजी रहे, ती व्यावहारिक जीवनमा धेरै ठाउँमा कार्यान्वयन नै भएनन् । अहिले पनि त्यही चुनौती संयुक्त राष्ट्र संघ र सहभागी सरकारहरुका सामुन्ने छ ।

त्यस्तो नयाँ प्रक्रिया, पद्धति र संरचना के हुन सक्छ, जसले गर्दा बेइजिङ सम्मेलनका यी निर्णयहरु विगतमा जस्तै दस्तावेजका पानाहरुमा मात्र सीमित नहोउन् ? यसबारे संबन्धित निकायहरुले र विशेषत: महिला अग्रणीहरुले अहिलेदेखि नै सोच्नु जरुरी छ । निर्णयहरु लागू गर्न गराउन उत्पीडित महिलाहरु स्वयंले सशक्त दवाब सिर्जना गर्नु नै बेइजिङ सम्मेलनका उपलब्धिहरुलाई वास्तविक उपलब्धिका रुपमा बदल्ने प्रमुख उपाय हो । ❑

## कस्तो व्यवस्था गरेको थियो चीन सरकारले बेइजिङ सम्मेलनमा ?

बेइजिङमा हुने संयुक्त राष्ट्रसंघीय चौथो विश्व महिला सम्मेलनमा जानुभन्दा अगाडि चीनमा हराइन्छ, पुलिसले पक्रन्छ, असुरक्षा हुन्छ, पानी र ट्वाइलेटको समस्या हुन्छ भन्ने हल्लाले डर र त्रास बोकेर गएका अधिकांश प्रतिनिधिहरु त्यहाँबाट फर्कदा चीन सरकारले गरेको सुरक्षा र सेवाको प्रवन्धबाट निक्कै प्रभावित भएर फर्केका थिए ।

चीन सरकारले यति धेरै सुरक्षाको व्यवस्था गरेको थियो कि त्यति धेरै महिलाहरुको जमघटमा पनि कुनै महिलाको अपहरण, कसैमाथि आक्रमण र बलात्कारका घटनाहरु घटेनन् । राती ९/१० बजेसम्म पनि महिलाहरु एक्लै निर्धक्कसंग बाटोमा हिड्न सक्थे । बाटोमा हिंड्दा भारत/नेपालमा वा अन्य देशहरुमा जस्तो पुरुषहरुबाट महिलाहरुमाथि अश्लील व्यवहार गर्ने, जिस्क्याउने जस्ता कुनै घटनाहरु त्यहाँ घटेनन् ।

गेटबाट लगिएको थियो । एयरपार्टको भन्सारमा सहभागीहरुको सामान जाँच्ने र खानतलासी गर्ने नियम पनि सहभागीहरुमा लागू भएन । तर उनीहरुको प्रत्येक क्रियाकलापको निरीक्षण गर्न भिडियो खिच्ने व्यवस्था भने गरिएको थियो । सबै प्रतिनिधिहरुलाई सिधै हवाइरोको पेट्रोलियम भवनमा लगेर होटेल रजिष्ट्रशन र एन.जि.ओ फोरम कन्भेन्सनको रजिष्ट्रेशन जाँची सकेपछि मात्र सम्मेलनको परिचय पत्र दिएर आ-आफ्नो होटेलमा पठाइएको थियो ।

केही अपवाद बाहेक, सम्मेलनमा भाग लिन गएका सहभागीहरुका सामानहरु हराउने वा चोरी हुने घटनाहरु घटेको देखिएन , सम्मेलनमा भएको सुरक्षा र सुविधाहरुलाई समग्रमा हेर्ने हो भने, चीन सरकारले सम्मेलनका सहभागीहरुको निक्कै ठूलो सुरक्षा र सुविधाको व्यवस्था गरेको थियो ।

चीन सरकारले गरेको सुविधा र सुरक्षाबाट अधिकांश सहभागीहरु प्रभावित भएतापनि एउटा कुरामा भने उनीहरुले तीतो अनुभव गरेर फर्केका थिए । त्यो तीतो अनुभव थियो- अत्याधिक मोलमोलाइ ।

मोलमोलाइ यतिसम्म भएको थियो कि एक बोतल मिनरल वाटरको १ युआन्देखि १६ युआनसम्म तिर्नु परेको थियो । ५०० युआन मोलेको सामान ८५ युआनसम्ममा पाइएको थियो ।



सम्मेलनमा भाग लिन जाने प्रतिनिधिहरुको सुरक्षा र सुविधाको लागि चीन सरकारले उनीहरुको सामान सर्भ गर्ने, दोभाषे र प्रत्येक कोठामा गाइड गर्ने छुट्टाछुट्टै स्वयंसेवकहरुको व्यवस्था गरेको थियो । एयरपोर्टको गेटबाट निक्लने वित्तिकै स्वयंसेवकहरु तैनाथ थिए । उनीहरुले नै सहयोगीहरुको सामान र सहभागीहरुलाई निश्चित स्थानमा पुऱ्याई दिन्थे ।

सम्मेलनमा भाग लिन जाने सहभागीहरुलाई एयरपोर्टमा अलग्गै यतिसम्म कि - भात खानमा समेत मोलमोलाइ भएको थियो ।

एन.जी.ओ. फोरमकी प्रतिनिधि- शशी श्रेष्ठका अनुसार यदि चीन सरकारले यसमा पनि उचित ध्यान दिएको भए सम्मेलनमा भाग लिन गएका अधिकांश व्यक्तिहरु चीनबाट निक्कै प्रभावित भएर फर्कन्थे ।

❑

स्रोतः शशी श्रेष्ठ, एन.जि.ओ. फोरम/ रेणुका वजगाई- इन्हुरेड इन्टरनेशनल/ निर्मला सिवाकोटी- प्रकाश साप्ताहिक

# कस्तो छ गठबन्धन सरकारको बजेट ?

गठबन्धन सरकारका अर्थमन्त्री रामशरण महतले कार्तिक २९ गते संसद्मा पेश गरेको नयाँ बजेटले एकसाथ दुइटा तारो हान्न खोजेको देखिन्छ । एकातिर, विश्व साम्राज्यवादी खेमालाई हरतरहले खुशी पार्न खोज्नु, अर्कोतिर, सुधारवादको प्रतिस्पर्धामा एमालेलाई समेत उछिनेर आफ्[illegible]ोट-बैंक विस्तार गर्न खोज्नु ।

करीव ५१ अरब ६५ करोडको यो बजेट यी दुवै लक्ष्यको खिचडी भएको छ । बजेटको थैली एमाले सरकारको भन्दा करीव सवा अरव रुपैयाँले सानो छ । तर बजेटले राखेको महत्वाकांक्षा र पपुलिष्ट चरित्र भने अघिल्लोभन्दा पनि निक्कै ठूलो देखिन्छ ।

कांग्रेस र राप्रपाले एमालेको बजेटलाई 'वितरणमुखी' भनेर तीव्र आलोचना गरेका थिए । त्यसले 'कनिका छरे झैं' स्रोत साधन छरेको आरोप लगाइएको थियो । विश्व बैंक र जापानी राजदूत समेतको आरोपको भाषा त्यही थियो । तर 'मौलिक परिवर्तन' गरिएको भनिएको यो बजेट पनि त्यत्तिकै वितरणमुखी देखिएको छ; जति एमाले सरकारको थियो । 'कनिका छर्ने' र सुधारको लर्को लगाउने मामलामा यसले हूवहू एमाले सरकारकै पदचिन्हमाथि ट्रेकेर हिंड्ने काम गरेको देखिएको छ । फगत केही परिमार्जनसहित कार्यक्रमको नाम फेरिएका छन्, चरित्र फेरिएका छैनन् । यसले देखाएको छ- कांग्रेस-राप्रपाका आरोप खालि आरोपका लागि आरोप थिए, ती नैतिकतापूर्ण र जायज आरोप थिएनन् ।

प्रत्येक गा.वि.स. लाई ५ लाख दिने कुरा होस् वा बृद्ध भत्ता, प्राविधिक सीप तालीम कार्यक्रम होस् वा स्वरोजगार सहयोग कार्यक्रम, साक्षरता अभियान होस् वा सुपथ मूल्यको पसल, साना-मझौला जल विद्युत आयोजना होस् वा सिंचाइ कार्यक्रम- सबैमा यो बजेटले एमालेकै लीकमा हिंड्न खोजेको देखिन्छ ।

> विश्व साम्राज्यवादी खेमाको सेवालाई सुधारवादको मख्मली लुगाले राम्ररी छोप्ने जमर्को

एमालेले जुन सुधारवाद नौ महीनामा अभ्यास गऱ्यो, त्यसले यस्तो स्थिति सिर्जना गरिदिएको छ कि- सुधारमा प्रतिस्पर्धा नगरिकन अर्को सरकार सत्तामा टिकिरहन कठीन छ । चुनावी स्वार्थ र भोटकट्टीको भयले गर्दा नेपालमा अहिले सुधारको होडबाजी नै प्रारंभ भएको छ । सुधारमा एमालेलाई पनि पछि पारेर भोट बैंक विस्तार गर्न गठबन्धन सरकारको बजेटले अशक्त भत्ता, असहाय विधवा भत्ता, जनजाति उत्थान कोष, कामको लागि खाद्यान्न कार्यक्रम, छात्रावृत्ति कार्यक्रम, साना तथा घरेलु विकास बैंकको स्थापना जस्ता नयाँ कार्यक्रमको पनि घोषणा गरेको छ ।

चुनावी स्वार्थले गर्दा भइरहेको यो सुधारवादको प्रतिस्पर्धाले अप्रत्यक्ष रुपमा देश विकासको फल कहिल्यै चाख्न नपाएका उपेक्षित र उत्पीडित वर्गहरुले भने थोरै भए पनि राहत पाउने भएका छन् । यसबाट उनीहरुको जीवनस्तरमा थोरै मात्र भए पनि सुधारको संभावना पैदा भएको छ ।

तर यसको नकारात्मक पक्ष पनि छ । यो सुधारको प्रतिस्पर्धाको असली नियत पर्दाफास गरिएन भने र सुधारप्रतिको सही दृष्टिकोण जनतामा विकास गरिएन भने यसले जनतामा सुधारको बाटोप्रति भ्रमपूर्ण आशावादिता पनि जन्माउन संभव छ । यस्तो आशावादिताले क्रान्तिको चाहनाको भ्रुणलाई गर्भमै तुहाइदिने काम गर्छ ।

यो बजेटले सबैभन्दा बेसी ध्यान दिएको पक्ष- विश्व साम्राज्यवादी खेमा र नेपालको ठूलो पूँजीपति वर्गको स्वार्थसिद्धि हो ।

अति उत्पादन, पूँजीको अति केन्द्रिकरण र नयाँ वैज्ञानिक प्रविधिहरुको बाढी, तर तिनलाई बेच्ने र लगानी गर्ने पर्याप्त बजारको अभाव-यो चरम समस्याले गर्दा विश्व साम्राज्यवादी खेमा अहिले संकटग्रस्त छ । यो समस्या हल गर्न उनीहरु एकातिर आपसमा मिलेर सामूहिक क्षेत्रीय बजार सिर्जना गर्न लाग्दैछन् भने, अर्कोतिर, विश्वका अरु राष्ट्रहरुका बजार आफ्नो लागि बेरोकटोक खुल्लमखुल्ला पार्न सर्वत्र आर्थिक उदारवादको नारा लाउँदैछन् । अरु राष्ट्रको सीमा आफ्नो लागि खुला गर्न उनीहरु आफूसित उत्तिकै थन्केर बसिरहेको विशाल वित्तीय पूँजीलाई माछो लोभ्याउन बल्छीमा राखिने कीराको रुपमा प्रयोग गर्दैछन् । तिमीहरु हाम्रो आर्थिक सहायता वा पूँजी लगानी चाहन्छौ भने तिम्रो देशको सीमा हाम्रो पूँजी, तयारी बस्तु र प्रविधिको लागि खुला छोड, भन्सार महशूल निकै घटाऊ,



## कृषि क्षेत्रमा उदारीकरण संबन्धी यो बजेटको कार्यक्रम र नीति हेर्दा यस्तो प्रतीत हुन्छ- यो विश्व बैंक र मुद्रा कोषको कुनै कर्मचारीले सोमालियाकै ढाँचामा नेपालको लागि समेत मस्यौदा गरिदिएको हो ।

विदेशी लगानीको निम्ति सारा व्यवधानहरु हटाऊ, हाम्रो प्रविधि चोर्न नपाउने व्यवस्था गर, अर्थात् राज्य उदार बन, सबैमा राज्यको नियन्त्रण हटाउँदै जाऊ, उद्योग र जरुरी सेवाबाट पनि राज्य हट्दै जाऊ, त्यो संचालन गर्ने जिम्मा हामीलाई देऊ, नत्र सहायताको आशा नगर । उनीहरु सारा राष्ट्रलाई अहिले यसो भनिरहेछन् र यस्तै गर्न हरतरहले दर ब दिँदै छन् । उदारवादको मुख्य सार यही हो ।

एमाले सरकारले विश्व साम्राज्यवादी खेमालाई खुशी पार्न बजेटमा उदारवादलाई सिद्धान्ततः स्वीकार गऱ्यो । तर आफ्नै क्रान्तिकारी कार्यकर्ताको दवाब, हिजोको आफ्नै क्रान्तिकारी धडधडे र जनतामा छिट्टै बदनाम होइएला भन्ने भयले गर्दा उदारवादलाई फुक्काफाल छोड्न सकेन । उसले छनौट उदारवाद (Selective Liberalism) अप्नायो । विदेशी तयारी बस्तुको निम्ति उसले भन्सार महशूल निकै घटाइदियो । (११०% बाट ६०% सम्म) तर कांग्रेसले जस्तो मनपरी निजीकरण भने गरेन । उसले विदेशी लगानीको निम्ति दुई करोडसम्म पूँजी लगानी हुने साना उद्योग समेत खुला गरिदियो र लगानीका निम्ति धेरै व्यवधानहरु हटाइदियो, तर केही स्वदेशी उद्योगलाई संरक्षण गर्ने नीति पनि साथसाथै घोषणा गऱ्यो । एमालेको यस्तै छ्यासमिसे दोधारे नीति र विभाजित मनस्थितिबाट विश्व साम्राज्यवादी खेमा निकै रुष्ट र सशंकित भयो ।

अहिले गठबन्धन सरकारको बजेटले त्यही रोगको जरो र आशंका पूरै हटाइदिएको छ । त्यसले उदारवादलाई नेपालको अर्थतन्त्रको "प्रमुख रणनीति" घोषित गरेको छ । यसबाट यो सरकारप्रति विश्व साम्राज्यवादी खेमा निकै प्रशन्न हुनेछ ।

उदारवादको कार्यान्वय गर्ने क्रममा यो बजेटमार्फत गठबन्धन सरकारले व्यापक निजीकरण गर्न लागेको छ । निजीकरणको मेलोमेसोमा अब सडक, टेलिफोन, विद्युतीय संचार माध्यम, विद्युत, पर्यटन, विमान सेवा मात्र होइन, जनतालाई राज्यले आपूर्ति नगरी नहुने खानेपानी, रासायनिक मल समेत पार्न लागिएका छन । "प्रायः निष्क्रिय रहेका कृषि फर्म, मत्स्य विकास केन्द्र, बागवानी केन्द्र र कृषि प्रयोगशालासमेत प्रयोगात्मक रुपले केही ठाउँमा राज्यले सहुलियतपूर्ण ऋण दिएर निजी क्षेत्रलाई चलाउन दिने घोषणा यो बजेटले गरेको छ । "आधुनिक क्षेत्रबाट सरकार क्रमशः हट्दै जाने" र त्यो निजी क्षेत्रलाई सुम्पँदै जाने बाचा बजेटमा गरिएको छ । नेपालमा यसले निकै नकारात्मक गंभीर स्थिति पैदा गर्ने संभावना छ ।

रासायनिक मलमा राज्यले आफ्नो नियन्त्रण र योगदान छोडिदिने र त्यो पूरापूर व्यापारीको हातमा छोडिदिने हो भने महत्त्वपूर्ण समयमा उनीहरुले कृत्रिम अभाव सिर्जना गरेर यसको मोल कैयन गुणा बढाइदिने टड्कारो संभावना हुन्छ । यसबाट किसानहरुको र कृषि व्यवसायको मेरुदण्ड नै भाँचिने खतरा छ । त्यस्तै, कृषि फर्म, कृषि प्रयोगशाला, मत्स्य विकास केन्द्र र बागवानी केन्द्रहरु निजी क्षेत्रलाई छोडिदिने हो भने- किसानहरुले निकै महँगो मोल चुकाएर मात्र उन्नत कृषि प्रविधि सिक्ने स्थिति खडा हुनेछ । यसबाट ठूलो पैमानामा खेती गर्न सक्ने निकै धनी र आफैले उन्नत प्रविधिको लागि फर्म चलाउन सक्नेहरुको हातमा मात्र खेतीपाती केन्द्रित हुन जाने स्थिति पैदा हुनेछ । कृषि उपजको मोलमा उनीहरुसित प्रतिस्पर्धा गर्न नसक्ने किसानहरु धराशायी हुनेछन् । अझ पशु स्वास्थ्य केन्द्रै पनि निजी क्षेत्रका विज्ञहरुलाई चलाउन दिने बजेटको नीति कार्यान्वयन हुने हो भने- नेपालको साना र मझौला किसानको पशुपालन व्यवसाय निकै महँगो भएर धराशायी हुनेछ ।

नेपालमा समय-समयमा खाद्यान्न संकट भएर बाहिरबाट आयत गर्नु परेको जगजाहेर छ । तर उदारीकरणको रणनीति मुताविक यो बजेटले अब उप्रान्त प्रमुख खाद्यान्नलाई समेत जतिसुकै पनि निर्यात गर्न सकिने पारेको छ, संपूर्ण कृषिउपजहरु जतिसुकै पनि निर्यात गर्न सकिने, तिनीहरुमा परिमाणात्मक बन्देज नहुने पारिएको छ । यसबाट सोमालियामा जस्तै यहाँको सरकारले पनि "निर्यातमुखी खेती" शुरु गर्न लागेको भान हुन्छ । यसबाट सस्तोमा कृषि उपज र प्राथमिक वस्तु खोजिरहेका साम्राज्यवादी मुलुकका निम्ति त निकै फाइदा हुनेछ, तर नेपालमा भने खाद्यान्नको हाहाकार हुनेछ र अमेरिकाले "खाद्यान्न सहायता कार्यक्रम" अन्तर्गत यहाँ आफ्नो महँगो गहुँ बेच्ने बजार खडा हुनेछ ।

कृषि क्षेत्रमा उदारीकरण संबन्धी यो बजेटको कार्यक्रम र नीति हेर्दा यस्तो प्रतीत हुन्छ- यो विश्व बैंक र मुद्रा कोषको कुनै कर्मचारीले सोमालियाकै ढाँचामा नेपालको लागि समेत मस्यौदा गरिदिएको हो ।

उदारीकरण अन्तर्गत यो बजेटले आयात भन्सार महशूललाई एमालेले घटाएकै दरमा नै कायम राखेको छ र यस अघिको बजेटले महशूल दरलाई पाँच वर्गमा राखेकोमा चार वर्गमा झारेको छ । ठूलो र दलाल पूँजीपति वर्गलाई कर छल्ने व्यापक शुभ अवसर प्रदान गर्न यो बजेटले 'स्वेच्छाले' कर निर्धारण गर्ने र तिर्ने नीति अघि सारेको छ । उनीहरुकै निम्ति संपत्ति कर पूरै खारेज गरेको छ । अतः नेपालमा सबै ठूला पूँजीपति वर्गको प्रतिनिधि र संस्थाहरुले यी नीतिहरुको व्यापक सह्राहना गरेका छन् । अब सरकारले उनीहरुको निमित्त चुंगीकर पनि खारेज गर्ने तत्परता देखाएको छ, खालि अहिले ऊ विकल्पको र बाटोको खोजीमा छ ।

यी सबै नीतिहरुले देखाइरहेछन्- सरकार अब नेपाललाई WTO अर्थात् विश्व व्यापार संगठनमा प्रवेश गराउने भूमिका तयार गर्दैछ ।

यो बजेटले कृषिलाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्न खोजेको देखिएको छ । र, कृषिमा आधारित जनसंख्यालाई अन्यत्र स्थानान्तरण गर्ने पनि यसको प्रयत्न देखिएको छ । यी दुवै आफैँमा खराब कुरा होइनन् । तर कुन वर्गको हित हुने गरी यो गरिन्छ ? के का लागि यो गरिन्छ र कसरी गरिन्छ ? यी भने महत्त्वपूर्ण सवालहरु हुन ।

बजेटले के संकेत दिएको छ भने- यो धनी किसानको हितमा गरिनेछ र फगत उत्पादन बढाउनका लागि

बाँकी ४१ पेजमा

### एमाले सरकारको र वर्तमान सरकारको बजेट
#### एक तुलना

| | एमालेको बजेटमा | प्रतिशत (कूल बजेटको) | वर्तमान बजेटमा | प्रतिशत (कूल बजेटको) |
|---|---|---|---|---|
| ❑ कुल बजेट खर्च रु. | ५२८९.४६ | - | ५१६४.७८ | - |
| ❑ साधारण तर्फ खर्च रु. | २२३४.२८ | ४२.२ | २२८२.१५ | ४४.१९ |
| ❑ विकासतर्फ-खर्च रु. | ३०५५.१७ | ५७.८ | २८८२.६३ | ५५.८१ |
| *साधारण खर्च* | | | | |
| ❑ प्रहरी प्रशासन खर्च रु. | १८५.१६ | ३.५ | १९३.५२ | ३.७ |
| ❑ रक्षा खर्च रु. | २१५.८० | ४.१ | २२०.२० | ४.३ |
| ❑ साँवा र ब्याज भुक्तानी खर्च रु. | ६८२.९३ | १२.९ | ७२२.६५ | १४.० |
| *विकास खर्च* | | | | |
| ❑ शिक्षामा रु. | १५१.३२ | २.९ | १४२.०४ | २.८ |
| ❑ स्वास्थ्यमा रु. | १३६.३१ | २.६ | १०८.१६ | २.१ |
| ❑ स्थानीय विकासमा रु. | २४३.५० | ४.६ | २४२.७१ | ४.७ |
| ❑ कृषिमा रु. | २५७.३४ | ४.८ | २३४.८० | ४.५ |
| ❑ उद्योग र खानीमा रु | ३४.९२ | ०.७ | २३.११ | ०.४ |
| ❑ विद्युतमा रु. | २८७.२५ | ५.४ | १६८.९८ | ३.३ |
| ❑ यातायातमा रु. | ३५३.३२ | ६.७ | ३४३.९९ | ६.७ |
| ❑ संचारमा रु. | ९९.९९ | १.९ | ९२.२४ | १.८ |
| *आम्दानीतर्फ* | | | | |
| ❑ राजस्वबाट आम्दानी रु. | ३१७८.२९ | ६०.१ | ३१६०.५ | ६१.२ |
| ❑ वैदेशिक अनुदानबाट रु. | ५४१.०४ | १०.२ | ५५५.९७ | १०.८ |
| ❑ वैदेशिक ऋणबाट रु. | १३४०.१३ | २५.३ | १२२८.३० | २३.८ |
| ❑ आन्तरिक ऋणबाट रु. | २३०.० | ४.४ | २२०.० | ४.३ |

स्रोत : अर्थमन्त्रालय, दुवै बजेट वक्तव्यहरू / विश्लेषण : मूल्यांकनको आफ्नै

# इण्डोनेशिया: वामपन्थीहरू मरेका छैनन् !

'इण्डोनेशियामा साम्यवाद बाँचिरहेको छ र त्यो विभिन्न रूप परिवर्तन गरेर कार्यरत रहेको छ !'

यो कुनै कम्युनिष्ट नेताको भनाइ होइन, इण्डोनेशियाका फासिष्ट शासक सुहार्तोको सैनिक शक्ति- ABRI को सामाजिक-राजनीति मामिला सम्बन्धी विभागको सहायक चीफ मेजर जनरल स्यारवन हमीदको भनाइ हो ।

मेजर जनरल हमीदले इण्डोनेशियामा साम्यवाद बाँचिरहेको कुराको 'रहश्य उद्घाटन' गर्ने काम जाभाको एउटा सेमिनारमा गरेका थिए । गत असोज २८ गते 'सैनिक गुप्तचरी र सामाजिक-राजनीतिक विश्लेषण' विषयक सेमिनारमा मेजर हमीदले यसरी रहश्योद्घाटन गरेको कुरा जाकार्ता पोष्टले रिपोर्टिङ्ग गरेको थियो ।

सुहार्तोकै सैनिक शक्तिको 'चीफ अफ जनरल एफेयर्स' लेफ्टिनेन्ट जनरल सुयानोले त म्यागासेसे पुरस्कार प्राप्त गरेका प्रसिद्ध लेखक प्रमुद्या अन्नत तुर, मजदूर नेता मुख्तार पाकपाहान र प्राज्ञ जर्ज अडिकोण्डरोलाई कुनै रुप-आकार विनाका कम्युनिष्ट संगठनहरुमार्फत षडयन्त्रकारी कम्युनिष्टहरुको भूमिका खेलिरहेको गंभीर आरोप लगाएका छन् ।

यसरी आरोप लगाउने काम विगत केही महीना अगाडिदेखि सुहार्तोको तानाशाही सरकार र सैनिक शक्तिले तीव्र रुपमा गर्दै आएको देखिएको छ । विश्वकै सबैभन्दा ठूला कम्युनिष्ट पार्टीहरुमध्ये एक मानिने इण्डोनेशियाली कम्युनिष्ट पार्टी र राष्ट्रवादी राष्ट्रपति सुकार्णोविरुद्ध अमेरिकी साम्राज्यवादको सहयोगमा सैनिक शक्तिद्वारा १९६५ मा अघोषित युद्ध छेडी विजयी भएका तानाशाह सुहार्तोले आफ्नो ३० औं विजय दिवसको उपलक्ष्यमा गत महीना पनि कम्युनिष्टहरु विरुद्ध अनेकौ आरोप लगाएका थिए । यसै सन्दर्भमा सुहार्तोको सरकार र सैनिक शक्तिले 'इण्डोनेशियामा भयावहपूर्ण डरलाग्दोसित कम्युनिष्टहरुको पुनरुत्थान भइरहेको' कुरा पटक-पटक उठाएका थिए ।

स्मरणीय छ, १९६५ मा सुहार्तो र नाशुसन जस्ता अमेरिकी साम्राज्यवादका मतियार सेनाका जनरलहरुले लाखौं लाख वामपन्थीहरुको हत्या गरेका थिए । राष्ट्रवादी राष्ट्रपति सुकार्णोसँग मिलेर सत्तामा पुग्न खोजेको देखेर इण्डोनेशियाली कम्युनिष्ट पार्टी (PKI) का लाखौं लाख नेता, कार्यकर्ता, समर्थक र शुभेच्छुकहरुको समेत निर्मम हत्या गरेका थिए । लाखौं लाई जेल सजाय दिइएको थियो ।

दोस्रो विश्वयुद्ध पछिको सबैभन्दा ठूलो नरसंहारमा गनिने यस इण्डोनेशियाको नरसंहारपछि त्यहाँबाट कम्युनिष्टहरु लुप्त भएको दाबी र प्रचार गरिएको थियो ।

इण्डोनेशियाली कम्युनिष्ट पार्टीले सुहार्तो-नाशुसन सैनिक सरकारको दमनको विरोधमा कैयौं वर्षसम्म सशस्त्र संघर्ष चलाउनुका साथै विभिन्न जनसंगठनहरु मार्फत संघर्षहरु संचालन गरेको थियो । तर ती संघर्षहरु फासिष्ट सरकारको दमनको अगाडि केही फितलो सावित भएतापनि निरन्तर जारी नै रहेको थियो ।

*(पढ्नुहोस् यस सम्बन्धी विस्तृत रिपोर्ट- 'मूल्यांकन', १० र ११ अंक)'*

हालै मेजर जनरल स्यारवन हमीदले जाभाको सेमिनारमा स्पष्ट शब्दमा भनेका छन्- प्रतिबन्धित इण्डोनेशियाली कम्युनिष्ट पार्टी (PKI) का पूर्व सदस्यहरु विभिन्न प्रान्तहरुमा अहिले पनि क्रियाशील छन् । PKI ले विभिन्न नयाँ नयाँ रुप र चरित्र परिवर्तन गर्दै आफूलाई क्रियाशील गरिरहेको कुरा उठाउँदै मेजर हमीदले भनेका छन् - 'यो त PKI ले आफ्नो शक्तिलाई पुनः निर्माण गर्न परम्परागत कम्युनिष्ट प्रविधि प्रयोग गरेको मात्रै हो ।'

पीकेआईका नयाँ नयाँ रुप र चरित्रलाई उजागर गर्ने नाममा मेजर हमीदले गैरसरकारी संस्थाहरु (NGO) लाई प्रयोग गरिरहेको आरोप लगाएको छ । गैर सरकारी संस्थाहरु (NGO) मार्फत् पीकेआईले सामाजिक असन्तुष्टि र विद्रोहलाई भड्काउने र धनी गरीबबीचको खाडलको फाइदा लुट्ने काम गरिरहेको आरोप लगाइएको छ । आरोप लगाउने क्रमलाई अझ बढाउँदै मेजर हमीदले कतिसम्म पनि झुठो आरोप लगाएका छन् भने- इण्डोनेशियाली कम्युनिष्टहरु 'इस्लामी राज्य' निर्माणको लागि कार्यरत रहेका छन् । उनले आफ्नो आरोपलाई पुष्टि गर्न केही दिन अगाडि केन्द्रीय जाभाका सुरक्षाकर्मीहरुले पहिले जेलमा कैदी जीवन बाँचिसकेका वामपन्थीहरुलाई इण्डोनेशियामा इस्लामी राज्यको पुनर्स्थापनाको लागि कार्यरत भइरहेको बेला गिरफ्तार गरेको कुरा अगाडि सारेका छन् ।

तानाशाह सुहार्तोको शासन अन्तर्गत तड्पिरहेको इण्डोनेशियामा कम्युनिष्ट हुनु भनेको मृत्युदण्डको सजाय भोग्न तयार हुनु हो । इण्डोनेशियाली जनताको मुक्तिको सपना देख्नुको अर्थ हुन्छ- जेलको चिसो छिँडीमा आजन्म कैदको सजाय भोग्नलाई अघि सर्नु ।

यी सबै डर, धम्की र त्रासका बावजूद इण्डोनेशियाली कम्युनिष्टहरु बाँचिरहेका छन्, कम्युनिष्ट शासन स्थापना गर्न लडिरहेका छन्, मरिरहेका छन्, जेलको सजाय भोगिरहेका छन् ।

यो कटु यथार्थदेखि भयभीत इण्डोनेशियाली तानाशाह सुहार्तो र उनका मतियार-सैन्य शक्ति अब जो कोहीलाई पनि कम्युनिष्ट देख्न थालेका छन् र दमनको लागि आरोपको वर्षा गरिरहेका छन् ।

१९९३ को मजदूर विद्रोहका नेता मुख्तार पाकपाहानले आफू 'साम्यवादविरोधी' भएको समेत उल्लेख गर्दै सरकारी आरोप हास्यास्पद भएको विचार व्यक्त गरेका छन् । सरकारद्वारा अस्वीकृत मजदूर संगठन- SBSI का नेताको भनाइले सरकारी आरोप कति झूठमूठले पूर्ण छ भन्ने देखिन्छ । त्यस्तै अष्ट्रेलियाको मर्डाक यूनिभर्सिटिका एशियाली अध्ययन सम्बन्धी विषयमा भिजिटिङ्ग प्रोफेसर एवं प्राज्ञ जर्ज अडिकोण्डरोले आफूलाई कम्युनिष्ट भनी सरकारले आरोपित गर्नुको पछाडि आफूले पूर्वी टिमोरमाथि इण्डोनेशियाले कब्जा गरिरहेको सन्दर्भमा विरोध गरेको कारणले हुन सक्ने कुरो बताएका छन् । उनले आफूले गान्धीवादी भएको, वामपन्थी, सामाजवादी पनि भएको तर मार्क्सवादमा भन्दा बढी गान्धीवादी समाजवादमा विश्वास गर्ने व्यक्ति भएको कुरा जनाएका छन् ।

इण्डोनेशियाली कानूनी सहायता परियोजनाका डाइरेक्टर लुहत पांगारिबुअनले कुनै कानूनी आधारविना कम्युनिष्टको आरोप लगाउनुको उद्देश्य भनेको आफ्नो सत्ता-शक्तिलाई सुदृढ गर्नु हो भनेका छन् । लण्डनस्थित एक मानवअधिकारवादी संस्थाले गत महीनामै कम्युनिज्मको भूत देखाएर सुहर्तोको शासनले विपक्षीहरुलाई दमन गर्न खोजिरहेको विचार अघि सार्दै त्यहाँ कम्युनिष्टहरुको पुनरुत्थानको कुनै प्रमाण नभेटिएको अचम्मको विश्लेषण प्रस्तुत गरेको थियो ।

इण्डोनेशियाको यथार्थले भन्छ- इण्डोनेशियाली कम्युनिष्टहरु मरेका छैनन्, उनीहरु कहिले गैरसरकारी संस्थाहरुमा देखा पर्छन् त कहिले मजदूर संघर्षहरु मार्फत् । सबैभन्दा स्पष्ट रुपमा त म्यागासेसे पुरस्कारले सम्मानित प्रसिद्ध लेखक प्रमुद्या अनन्त तुरका साहित्यहरु मार्फत साहित्यका पात्र-पात्राहरु र पाठकहरु मार्फत देखा पर्दछन् । यसरी देखा पर्ने क्रमलाई हिटलरले त दमन गर्न सकेन भने सुहार्तोको के चल्छ र ?

— राजेन्द्र महर्जन

—— म्यागासेसे पुरस्कार प्राप्त गरेका प्रसिद्ध लेखक प्रमुद्या अनन्त तुर, मजदूर नेता मुख्तार पाकपाहान र प्राज्ञ जर्ज अडिकोण्डरोलाई षडयन्त्रकारी कम्युनिष्टहरूको भूमिका खेलिरहेको गंभीर आरोप लगाइएको छ ।



*दशौं लाख कम्युनिष्टहरूलाई संहार गर्ने तानाशाह सुहार्तो*

## महत्वपूर्ण दस्तावेज

*हामीले हाम्रो पूर्णाङ्क ३१ मा बेल्जियमको राजधानी ब्रुसेल्समा गत बैशाख १९ देखि २१ सम्म मे दिवसको उपलक्ष्य पारेर आयोजित अन्तर्राष्ट्रिय कम्युनिष्ट सेमिनारको रिपोर्ट प्रकाशित गरेका थियौं । ३७ देशका ६० वटा भन्दा बढी पार्टीहरु सहभागी भएको उक्त सेमिनारले "अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको एकताका लागि प्रस्ताव" नामक ब्रुसेल्स घोषणा पत्र-१९९४ लाई अन्तर्क्रियाको मूल विषय बनाएको थियो ।*

*सो घोषणा पत्रलाई पछि छलफलको आधारमा उन्नत र परिस्कृत गरिएको थियो । सो परिस्कृत घोषणा पत्र हामीले गत अंक ३२ मा पाठकसामु प्रस्तुत गर्ने घोषणा गरेका थियौं । उक्त अंकमा प्रस्तुत हुन नसकेको सो घोषणा पत्र यस अंकमा प्रस्तुत गरिएको छ ।*

*सोभियत संघको पतनपछिको वर्तमान समयमा विश्वभरिका कम्युनिष्टहरु अन्तर्राष्ट्रिय स्तरमा एकतावद्ध हुन विगतका अनुभवहरुबाट कसरी पाठ सिकिरहेछन् भन्ने कुराको एक गंभीर झलक यसले हाम्रो पाठक वर्गलाई दिनेछ भन्ने हाम्रो विश्वास रहेको छ । विश्वका कम्युनिष्ट पार्टीहरु बीच अनेकता छ भन्ने कुरा स्वीकार्दै यस घोषणा पत्रले एउटै सांगठनिक अनुशासनसहितको एकताको महत्वाकांक्षी लक्ष्य राखेको छैन । तर अनेकतालाई हल गर्ने जनवादी बाटोको खोजी गर्न भने प्रयत्न गरेको छ । संशोधनवादको खतरालाई यसले गंभीरतापूर्वक लिएको छ भने सृजनात्मकताको पक्षमा पनि यो गंभीर नै देखिन्छ ।*

*यी र अन्य थुप्रै सन्दर्भहरुमा प्रकाश पारिएको यो घोषणा-पत्र नेपाली कम्युनिष्ट आन्दोलनका निम्ति पनि गंभीर र व्यापक छलफल एवं चिन्तनको विषय हुनुपर्छ भन्ने हामीलाई लागेको छ ।*

*– मूल्यांकन*

# अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको एकताको लागि प्रस्ताव

## प्रस्तावना



१ गोर्वाचोभ र येल्तसीनको प्रतिक्रान्तिकारी नीतिको अनुशरण गर्दै सोभियत संघ धराशायी हुनु र त्यो देश तथा पूर्वी यूरोपमा बेलगाम पूँजीवादको स्थापना हुनु अन्तर्राष्ट्रिय परिस्थितिमा एउटा मोड हो । यसले साम्राज्यवाद र प्रतिक्रियावादको विजयको प्रतिनिधित्व गर्दछ ।

२ यी प्रतिक्रान्तिकारी घटनाहरुले विश्वका तमाम आधारभूत अन्तर्विरोधहरुलाई, समाजवादी देशहरु र साम्राज्यवादबीचको अन्तर्विरोधलाई, एशिया, अफ्रिका र ल्याटिन अमेरिका तथा साम्राज्यवाद बीचको अन्तर्विरोधलाई र श्रमिक वर्ग र पूँजीपति वर्गको बीचको अन्तर्विरोधलाई चर्काउने काम गरेका छन् । प्रतिक्रियावाद, नश्लवाद, फासीवाद र युद्धका पक्षधर शक्तिहरुले विश्वव्यापी स्तरमा आक्रमण शुरु गरेका छन् ।

३ यो परिस्थितिमा, मार्क्सवाद-लेनिनवादका क्रान्तिकारी आम नियमका पक्षधर पार्टी र संगठनहरु ती प्रतिक्रान्तिकारी प्रक्रियाबाट पाठ हासिल गर्न आफूलाई समर्पित गर्छन्, जसले सोभियत संघमा समाजवादलाई ध्वंश गऱ्यो । प्रतिक्रियावादीहरुबाट भएका हमलाहरुलाई सामना गर्दै उनीहरु उत्पीडित र शोषित जनसमुदायहरुको पक्षमा प्रत्याक्रमणको निम्ति एकजूट हुन जरुरी महशूस गर्छन् । ता कि- समाजवाद र साम्यवादको झण्डालाई माथि उठाइराख्न सकियोस् र पूँजीवाद र साम्राज्यवादको विरुद्ध लडिरहेका तमाम मानिसहरुमा मानव जातिको समाजवादी भविष्यबारे विश्वास पुनर्जागृत गर्न सकियोस् ।

४ हामीले विभिन्न प्रवृत्तिका मार्क्सवादी लेनिनवादी एक आपसमा भेट्न सकून, अनुभव र विश्लेषणहरु साटासाट गर्न सकून् र साझा पहलकदमीहरु लिन सकून् भनेर न्यूनतम साझा आधार-खाका तयार पारेका छौं ।

५ यो दस्तावेजमा खिचिएको त्यो न्यूनतम साझा आधार-खाकाले



हामीलाई निसंकोच रुपले र खुला दिलले विचारधारा र सिद्धान्तको क्षेत्रमा विद्यमान महत्वपूर्ण विभेदहरुको जाँचपरख गर्न र राजनीति एवं कार्यनीतिहरुको क्षेत्रमा भएका वास्तविक सवालहरुको निदान गर्न अनुमति प्रदान गर्नेछन्। यसरी न्यूनतम साझा आधार-खाकाले हामीलाई सैद्धान्तिक र राजनीतिक एकताको निम्ति प्रक्रिया शुरु गर्न मौका दिनेछन्।

# मार्क्सवादी लेनिनवादी पार्टीहरु बीचका पुराना विभाजनहरु खत्तम पार्न सकिन्छ

१ १९५६ देखि नै अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन टुक्रियो र फुट्यो। ख्रुश्चोभले अख्तियार गरेको संशोधनवादी कार्यदिशा नै विभाजनको पहिलो र मुख्य कारण हो। पछि गएर उग्र-वामपन्थी रुभानको प्रभावले गर्दा संशोधनवाद विरोधी आन्दोलन टुक्रियो।


२ गोर्वाचोभको अगुवाइमा पूँजीवादको पुनर्स्थापनाको परिणामस्वरुप "सोभियत संघ पक्षधर" प्रवृत्ति, जुन हिजो बहुसंख्यामा थियो, आज असंख्य सूक्ष्म प्रवृत्तिहरुमा विभाजित भएको छ। साठीको दशकमा "चीन पक्षधर" एउटा प्रवृत्तिको उदय भएको थियो, जुन माओको मृत्युपछि विभिन्न प्रवृत्तिहरुमा टुक्रियो। "अल्बानिया पक्षधर" प्रवृत्ति पनि अस्तित्वमा रहेको थियो। जुन अल्बानियामा समाजवादको पतनपछि टुक्रियो र "क्यूबा पक्षधर" प्रवृत्ति पनि रहेको थियो, मुख्य रुपले ल्याटिन अमेरिकामा। अन्ततः माथि उल्लिखित प्रवृत्तिहरुकै हाराहारीमा, केही पार्टीहरुले "स्वतन्त्र" स्थिति पनि निर्वाह गरेका थिए।

३ इतिहासको एउटा खास बिन्दुमा भएका यी फूटहरुको सहीपना र आवश्यकता बारेमा जसको जेसुकै मत किन नहोस्, आज यी विभाजनहरुलाई अन्त गर्न र विभिन्न धारहरुमा विभाजित मार्क्सवादी लेनिनवादी पार्टीहरुलाई एकतावद्ध गर्ने संभावना विद्यमान छ।

४ मार्क्सवाद-लेनिनवादप्रति निष्ठावान तमाम पार्टीहरु के कुरामा सजग छन् भने, संशोधनवादले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई कमजोर पारेको छ र विभाजित गरेको छ र अन्ततः त्यो खुलेआम विश्वासघातमा पतित भएको छ।


५ सोभियत संघमा पूँजीवादको पूरापूर पुनर्स्थापना पछि सारा कम्युनिष्टहरु के कुरामा सहमत हुन सक्छन् भने, संशोधनवाद नै मार्क्सवाद-लेनिनवादको सबैभन्दा खतरनाक विचारधारात्मक दुश्मन हो। जीवनले यो सावित गरेको छ कि संशोधनवादले साम्यवादी आन्दोलनभित्र पूँजीपति वर्गको प्रतिनिधित्व गर्छ।

६ विगतमा विशिष्ट राजनीतिक र विचारधारात्मक दिशा निर्देशमा आधारित भएर पार्टीहरु र संगठनहरु फेरि समूहवद्ध भएका छन्। त्यसरी समूहवद्ध भएका विभिन्न समूहहरु मध्ये, केही पार्टीहरुले जनसमुदायहरुबीच गहिरो जरा गाड्न सफलता पाएका छन्, आफ्नै क्रान्तिकारी अनुभव हासिल गरेका छन् र आफ्नो देशको यथार्थसित मार्क्सवाद लेनिनवादलाई गाँस्न सफलता प्राप्त गरेका छन्। यसरी समूहवद्ध प्रत्येक समूहहरुमध्ये, केही संगठनहरु वामपन्थी वा दक्षिणपन्थी अवसरवादको बाटोमा भड्केका छन्, संघर्षमा पकड कायम नगरीकन यताउता बरालिएका छन् र लोप भएका छन्।



७ यो वास्तविक परिस्थितिमा, मार्क्स-वाद,-लेनिनवादको क्रान्तिकारी आम नियमहरुमा प्रतिवद्ध तमाम पार्टीहरु पहिलेको विभाजनलाई मिचेर अघि जाने र एकतावद्ध हुने आवश्यकता महशूस गर्छन्।

८ साम्यवादीहरु मार्क्सवाद-लेनिनवाद र सर्वहारा अन्तर्राष्ट्रवादका आधारमा एकतावद्ध हुनुपर्छ। जब विल्कूलै भिन्न इतिहास बोकेका पार्टीहरु र संगठनहरु अन्तर्राष्ट्रिय स्तरमा एकतावद्ध हुने सवाल आउँछ, पहिले विचारधारात्मक एकताकै माग गर्नु असंभव हुन्छ। आलोचना र प्रत्यालोचनालाई स्वीकार्ने र एकतालाई जोगाउने हो भने हामीले यो स्वीकार्नै पर्छ कि असहमतिहरु, तिनीहरुमध्ये केही त निकै गंभीर




**आज यी विभाजनहरूलाई अन्त गर्न र विभिन्न धारहरूमा विभाजित मार्क्सवादी लेनिनवादी पार्टीहरूलाई एकतावद्ध गर्ने संभावना विद्यमान छ**

## कुन कुन कम्युनिष्ट पार्टीहरु सहभागी भएका थिए ?

❑ पार्टीडो कम्युनिष्ट रिभोल्यूशनारियो डे ला अर्जेन्टिना ❑ पार्टीडो रिभोल्यूशनारियो डो ब्राजिल ❑ मोभिमेन्टो रिभोल्यूशनारियो डि औतुब्रो (ब्राजिल) ❑ ओर्गनाइजेशन कम्युनिष्टा रिकाबारेन (चिली) ❑ पार्टी कम्युनिष्टा क्यूबेन (क्यूबा) ❑ पार्टी रिभोल्यूशनारे हैटिशन (PRH)– हैटी ❑ फ्रेन्टे डोमोक्रैटिको ओरिन्टल डि मेक्सिको इमिलियानो जापाता (मेक्सिको) ❑ एल डायरियो इन्टरनेशनल (पेरु) ❑ पार्टीडो कम्युनिष्टा (मार्क्सिष्टा-लेनिनिष्टा) रिपाब्लिका डोमिनिकाना (डोमिनिकन रिपब्लिक) ❑ वमेन अगेन्स्ट फण्डामेन्टलिज्म (अफगानिस्तान) ❑ पार्टी वतन डि' अफगानिस्तान ❑ वर्कर्स पार्टी अफ बांग्लादेश ❑ सोशिलिष्ट पार्टी अफ बांग्लादेश ❑ ले पार्टी डु ट्राभेल डे कोरिय (कोरिया) ❑ पार्टी कम्युनिष्टे बल्गेरिया ❑ पार्टी कम्युनिष्टे मार्क्सिष्टे-लेनिनिष्टे डु डेनमार्क ❑ पार्टीडो कम्युनिष्टा डे इस्पाना (स्पेन) ❑ सेरले हेनरी बारबुसे (फ्रान्स) ❑ ए. सीनेचिया (ग्रीस) ❑ इ.के.के.इ. (ग्रीस) ❑ ल्गेन्ता पर ला पेस इ इल सोशिलिज्मो (LPS) (इटाली) ❑ मोभिमिन्टो पर ला इ इल सोशलिज्मो MPS (इटाली) ❑ गोर्डिक रेडिकल लक्जम्वर्ग ❑ पार्टी कम्युनिष्ट औविरिर्य (नर्वे) ❑ एन.सी.पी.एन. (नेदरल्याण्ड) ❑ यूनियन अफ पोलिश कम्युनिष्ट्स (पोल्याण्ड) ❑ यूनिआयो डेमोक्रैटिका पोपुलर UDP (पोर्चुगल) ❑ एसोसियसन अफ इण्डियन कम्युनिष्ट्स (बेलायतमा बसीरहेका भारतीय कम्युनिष्टहरु) ❑ कम्युनिष्ट पार्टी अफ इण्डिया (मार्क्सिष्ट-लेनिनिष्ट) जनशक्ति ❑ सोशलिष्ट यूनिटी सेन्टर अफ इण्डिया (एस.यू.सी.आई.) ❑ सी.पी.आई.(एम.एल.)- इण्डिया ❑ तुदेह पार्टी (इरान) ❑ फ्रन्ट पपुलरे डे लिवरेशन डे ला प्यालेस्टाइन- FPLP ❑ मार्क्सिष्ट इकोनोमिष्ट (प्यालेस्टाइन) ❑ कम्युनिष्ट पार्टी अफ दि फिलिपिन्स ❑ अर्बितेरबुन्द फर डेन वेइदराउफबाउ डेर क्रो (जर्मनी) ❑ कोमिनिनिश्चे आर्बितेर्जेतुङ्ग (KPD) (जर्मनी) ❑ मार्क्सिस्तिश्च लेनिनश्चे पार्टिइ ड्वेश्चलायण्ड-MLPD जर्मनी ❑ भेरियत फ्यूर्डाइ फोर्याडिरङ्ग डेर गेइचेक्ते डेर आर्बितेर बेवेगङ्ग कोइलन (जर्मनी) ❑ एसोसियसन अफ कम्युनिष्ट वर्कर्स (रोमानिया) ❑ न्यू कम्युनिष्ट पार्टी-NCP (रोमानिया) ❑ कम्युनिष्ट लीग (रोमानिया) ❑ के.पी.एम.एल. (स्वीडेन) ❑ यूनियन रिभोल्यूनशनरी कम्युनिष्ट् अफ टर्की-TIKB (टर्की) ❑ पार्टी कम्युनिष्टे (मार्क्सिष्टे-लेनिनिष्टे) फाउण्डेशन MLKP-K (टर्की) ❑ कुर्दिस्तान बोल्शेविस्तिश्चे पार्टी (टर्की) ❑ फन्ट डो लिवरेशन नेशनल डु कुर्दिस्तान ❑ कुर्दिस्तान वर्कर्स पार्टी (PKK) (टर्की) ❑ येरी पोलिटिका (टर्की) ❑ दि कम्युनिष्ट पार्टी अफ टर्की (एम.एल.)- टर्की ❑ डि एच के.पी-ई (टर्की)

असहमतिहरु, लामो समयसम्म रहिरहन सक्ने छन् । मार्क्सवाद-लेनिनवादलाई र एकतालाई अंगीकार गर्नु दृढ क्रान्तिकारी नीतिका दुई पक्षहरु हुन् ।

# संशोधनवादविरुद्ध संघर्ष गर र मार्क्सवाद लेनिनवादको रक्षा गर



लेनिनले मार्क्स र एंगेल्सको क्रान्तिकारी कार्यलाई जारी राख्नु भयो र साम्राज्यवादको नयाँ परिस्थितिमा यसको विकास गर्नुभयो

स्तालिनले लेनिनवादी आम नियमहरु नै लागू गर्नुभयो र उहाँकै नेतृत्वमा बोल्शेविक पार्टीले एउटा पछौटे र ध्वष्तनष्ट मुलुकलाई एउटा औद्योगीकृत समाजवादी देशमा रुपान्तरित गऱ्यो

१ १९१९ मा यसको स्थापनापछि नै अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनले इतिहासमा हलचल मच्चाएको छ र संसारकै दृष्टिकोण फेरिदिएको छ । जुलाई १९२० मा आयोजित कम्युनिष्ट इण्टरनेशनलको दोस्रो अधिवेशनले एउटा विधान, प्रवेशका निम्ति पूर्वशर्तहरु, घोषणापत्र र अन्य जरुरी प्रस्तावनाहरु अनुमोदन गऱ्यो, जसले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई सामाजिक जनवादकै हाराहारीमा उभ्यायो । १९५६ सम्म यसले आफ्नो क्रान्तिकारी दिशा, आफ्नो एकता र आफ्नो ताकतलाई कायम गरिराख्यो, र विश्वमा यसको प्रभाव वृद्धि भइरह्यो ।

२ विश्व रंगमंचमा एउटा उल्लेखनीय धारको रुपमा फेरि देखा पर्नका लागि विश्व कम्युनिष्ट आन्दोलनले यही साझा इतिहासमाथि दावी गर्नुपर्छ ।

३ लेनिनले मार्क्स र एंगेल्सको क्रान्तिकारी कार्यलाई जारी राख्नु भयो र साम्राज्यवादको नयाँ परिस्थितिमा यसको विकास गर्नुभयो । उहाँले कम्युनिष्ट पार्टी निर्माणका आम नियमहरु प्रस्तुत गर्नुभयो, विस्तृत रुपमा समाजवादी क्रान्तिको रणनीति र कार्यनीति तर्जुमा गर्नुभयो र तिनीहरुलाई व्यवहारमा पनि उतार्नु भयो । उहाँले सामाजिक जनवादलाई श्रमिक वर्गको आन्दोलनभित्रको पूँजीपति वर्ग र साम्राज्यवादको विचारधाराका रुपमा निन्दा गर्नुभयो । उहाँले सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत समाजवादी निर्माणको लागि दिग्दर्शक कार्यदिशा पनि तर्जुमा गर्नुभयो । उहाँले कम्युनिष्ट इण्टरनेशनल स्थापना गर्नुभयो र सर्वहारा अन्तर्राष्ट्रवादको रक्षा गर्नुभयो ।


४ स्तालिनले लेनिनवादी आम नियमहरु नै लागू गर्नुभयो र उहाँकै नेतृत्वमा, बोल्शेविक पार्टीले एउटा पछौटे र ध्वष्तनष्ट मुलुकलाई एउटा औद्योगीकृत समाजवादी देशमा रुपान्तरित गऱ्यो । सोभियत कृषिको सामूहिकीकरण र आधुनिकीकरण, समाजवादी औद्योगीकरण, सांस्कृतिक क्रान्ति, लाल सेनालाई चूरोको रुपमा राखेर बलवान प्रतिरक्षा शक्तिको निर्माण, देशभक्तिपूर्ण फासीवाद-विरोधी युद्धमा विजय, देशको पुनर्निर्माण र विश्वशान्तिलाई रक्षा गर्दै तथा एशिया, अफ्रिका र ल्याटिन अमेरिकाको उपनिवशवादविरोधी र नवउपनिवेशवादविरोधी संघर्षहरुलाई समर्थन गर्दै दृढ परराष्ट्र नीतिको अवलम्वन ऐतिहासिक र विश्वव्यापी महत्वका उपलब्धिहरु हुन् ।




५ स्तालिनको विचार के थियो भने, समाजवादअन्तर्गत वर्ग संघर्ष जारी रहन्छ । उहाँले के जोड दिनु भएको थियो भने, पुराना सामन्ती र पूँजीवादी शक्तिहरुले आफू पुनर्स्थापित हुनका लागि संघर्ष गर्न बन्द गरेका हुँदैनन् र पार्टीभित्रका अवसरवादीहरु, ट्राट्स्कीपन्थीहरु, बुखारिनपन्थीहरु, पूँजीवादी राष्ट्रवादीहरु र नोकरशाही तत्वहरुले समाजवाद विरोधी वर्गहरु र तप्काहरुलाई आफ्नो शक्ति पुनर्संगठित गर्न मद्दत गरिरहेका हुन्छन् ।

६ खुश्चोभले उसको संशोधनवादी कार्यदिशालाई सोभियत पार्टी र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको एउटा हिस्सामाथि थोपऱ्यो । यो कार्यदिशा बीसौं महाधिवेशनमा प्रस्तुत उसको प्रतिवेदनमा, स्तालिनसंवन्धी उसको गोप्य प्रतिवेदनमा र बाइसौं महाधिवेशनमा प्रस्तुत उसको प्रतिवेदनमा सूचीवद्ध गरिएको थियो ।


७ १९५६ मा खुश्चोभले पार्टीको आधारभूत विचारधारात्मक र राजनैतिक कार्यदिशामा फेरबदल ल्याउने अभिप्रायले स्तालिनको घरेलु र विदेश नीतिमाथि हमला गर्न थाल्यो । त्यसपछि संपूर्ण रणनीतिक र आर्थिक व्यवस्थाको क्रमिक पतन भयो । "संपूर्ण जनताको राज्य" र "संपूर्ण जनताको पार्टी" संबन्धी खुश्चोभको सिद्धान्तको परिणामस्वरुप सर्वहारा वर्गको अधिनायकत्व नै ध्वंश भयो र पूँजीवादी शक्तिहरु र प्रभावहरु विरुद्धको वर्ग संघर्ष रोकियो । "संपूर्ण जनताको शान्ति र सुरक्षाको लागि संघर्ष गर्ने सिलसिलामा सोभियत संघ र संयुक्त राज्य बीच सहयोग" संबन्धी सिद्धान्त साम्राज्यवाद विरोधी संघर्षमा एउटा ठूलो झापड भयो । "समाजवादतर्फ संसदीय








संशोधनवादी ख्रुश्चोभ र ब्रेझनेभका कार्यदिशाहरू र गोर्वाचोभका नीतिहरू बीचको सम्बन्धलाई गहीराइमा विश्लेषण गर्नु पर्छ









र शान्तिपूर्ण बाटो" संबन्धी उसको सिद्धान्तले थुप्रै कम्युनिष्ट पार्टीहरुमा सामाजिक जनवादी प्रवृत्तिहरुलाई मजबूत पार्ने काम गऱ्यो ।

८ ब्रेझनेभले बीसौं र बाइसौं महाधिवेशनको संशोधनवादी कार्यक्रममाथि कहिल्यै प्रश्न उठाएनन् । उनले त झन् "संपूर्ण जनताको पार्टी र राज्य" को प्रस्तावनालाई विकास गरे र घोषणा गरे कि सोभियत संघमा पूँजीवादको पुनर्स्थापना अब कदापी संभव छैन । उनले संपूर्ण क्रान्तिकारी सजगतालाई नाश गरे, नोकरशाहीवाद, प्रविधिशाहीवाद (Technocratism), व्यक्ति उन्नतिवाद (Careerism) र भ्रष्टाचारलाई मौलाउन दिए ।

९ गोर्बाचोभ र येल्त्सीनको पालामा, संशोधनवादलाई यसको अन्तिम परिणामहरुतिर धकेलियो, सोभियात संघलाई टुक्रा टुक्रा पारियो र बेलगाम पूँजीवादलाई स्थापित गरियो ।

१० संसारभरि पूँजीपति वर्ग समाजवादको पराजयको उत्सव मनाउँदैछ । वास्तवमा, हामी ३५ वर्षअघि खुश्चोभले शुरुवात गरेको संशोधनवादको पराजय देखिरहेछौं । यो संशोधनवादको अन्त पूरापूर आर्थिक विफलतामा, साम्राज्यवादसमक्ष आत्मसमर्पणमा, पूँजीवादको पुनर्स्थापनामा, सामाजिक वर्बादीमा र प्रतिक्रियावादी गृहयुद्धहरुमा गएर भइरहेछ ।

११ खुश्चोभले आफ्नो विनाशकारी काम के घोषणा गरेर शुरु गरेको थियो भने, उसले लेनिनवादको मौलिक शुद्धतालाई स्थापित गर्ने उद्देश्यले नै स्तालीनका गल्तीहरुको आलोचना गरेको हो । वामपन्थी शक्तिहरुलाई दिग्भ्रमित पार्न तिनै भावनात्मक प्रतिज्ञाहरु गऱ्यो । तर "स्तालिनवाद" को आलोचना मार्क्सवाद लेनिनवादका आम नियमहरुमाथिको आक्रमणलाई छोपछाप पार्ने एउटा दाउ मात्रै थियो । गोर्वाचोभले जुन दिन "स्तालिनवाद"लाई पूरै ध्वंश गरे, उनले लेनिनवादविरुद्ध खुलेआम शत्रुताको र सामाजिक जनवादप्रति आफ्नो निष्ठाको घोषणा गरे ।

**साठीको दशकमा माओ त्से तुङ्ग र अनवर होक्सा नै त्यस्ता मानिस हुनुहुन्थ्यो, जसले संशोधनवादको खतरालाई सबैभन्दा राम्ररी बुझ्नु भयो । हो चि मिन्ह, किम इल सुङ, चे ग्वे भारा र अन्य साम्यवादी नेताहरूले संशोधनवाद विरोधी संघर्षमा महत्वपूर्ण योगदान दिनुभएको थियो**

१२ स्तालिनको मातहतमा सोभियत संघको कम्युनिष्ट पार्टीको अनुभव संबन्धी बहस अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा फेरि खुला गरिनुपर्छ । स्तालिनवादको विरोध साम्यवादको विरोधको नीम्ति अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको पंक्तिभित्र छोडिएको घोडा सरह भएको छ ।

१३ एउटा निश्चित समयसम्म, कमरेड स्तालिनका कामहरुको मूल्याङ्कनको सवालमा असहमतिहरु रहिरहनेछन् । यी बहसहरुलाई वैज्ञानिक विधिबाट र वर्ग अडानमा आधारित भएर संचालित गर्नुपर्छ ।

१४ विगतका घटनामाथि दृष्टिगोचर गरेर हामी के भन्न सक्छौं भने, सोभियत संघको कम्युनिष्ट पार्टीको बीसौं अधिवेशनपछि बहुसंख्यक कम्युनिष्ट पार्टीहरुले खुश्चोभको संशोधनवादलाई प्रष्टतः नजरअन्दाज गरेका थिए ।

**सोभियत संघको पतनको प्रकाशमा कमरेड माओ त्से तुङ्गका कामहरुको पुनर्मूल्याङ्कन गर्नु जरुरी छ**



१५ साठीको दशकमा माओ त्से तुङ्ग र अनवर होक्सा नै त्यस्ता मानिस हुनुहुन्थ्यो, जसले संशोधनवादको खतरालाई सबैभन्दा राम्ररी बुझ्नु भयो । हो चि मिन्ह, किम इल सुङ, चे ग्वे भारा र अन्य साम्यवादी नेताहरुले संशोधनवाद विरोधी संघर्षमा महत्वपूर्ण योगदान दिनुभएको थियो ।

१६ सोभियत संघको पतनको प्रकाशमा कमरेड माओ त्से तुङ्गका कामहरुको पुनर्मूल्याङ्कन गर्नु जरुरी छ । एउटा विशाल तेस्रो विश्वको देशमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति र यसको समाजवादी क्रान्तिमा रुपान्तरणलाई नेतृत्व गरेर उहाँले विश्वव्यापी महत्वको योगदान दिनु भएको छ । माओ त्से तुङ्गले खुश्चोभको र पछि गएर ब्रेझनेभको संशोधनवादको प्रतिरोध गर्नु भयो । पार्टीभित्रका पतनशील प्रवृत्तिहरु विरुद्धको संघर्षमा आम जनसमुदायहरुलाई उतार्ने प्रयत्न उहाँले इतिहासमा पहिलो पटक गर्नुभयो ।

१७ माओ त्से तुङ्गका गुणहरुको संबन्धमा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा विभिन्न मतहरु निश्चित समयसम्म रहिरहनेछन; तिनीहरुप्रति तथ्यहरुको आधारमा सत्य खोज्दै निष्पक्ष ढंगले व्यवहार गरिनुपर्छ ।

१८ संशोधनवाद विरुद्धको विचारधारात्मक संघर्ष एउटा जटील र दीर्घकालीन कार्य हो । यत्तिका धेरै पार्टीहरुलाई ध्वस्त गर्ने संशोधनवाद आफैं स्वतः लोप भएर जानेछैन । टिटोको संशोधनवादमाथि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनले १९४८ तिर नै आलोचना गरिसकेको थियो । आफ्नो अवसरवादी बाटो विकास गर्ने क्रममा, खुश्चोभले वास्तवमा टिटोवादले अघि सारेका थुप्रै संशोधनवादी प्रस्थापनाहरुलाई नै नक्कल गरेका थिए । यदि संशोधनवादी विचारहरु र प्रस्थापनाहरुलाई गहीराइमा विश्लेषण र आलोचना गर्ने कार्य भएन भने तिनीहरु अस्तित्वमा रहिरहनेछन् र

विसर्जनवादी धारले फेरि हमला गर्ने र नयाँ शिकार मार्ने दावी गर्न सक्छ । खुश्चोभ र ब्रेज्नेभका कार्यदिशाहरु र गोर्वाचोभका नीतिहरुबीचको संबन्धलाई, साथसाथै पतनशील प्क्रियाको उत्पत्तिदेखि आखिरी परिणामसम्मको विकासलाई गहीराइमा विश्लेषण गरिनुपर्छ ।

१८ संशोधनवादको घृणित प्रभावले सामाजिक जनवादी विचारधारा, ट्राट्स्कीवाद र साम्यवादको विरोधलाई फेरि मजबूत पार्ने काम गऱ्यो । सामाजिक जनवादी र ट्राट्स्कीपन्थी विचारधाराहरुको विरुद्ध संघर्ष नै मार्क्सवादी-लेनिनवादी आन्दोलनको विकासको शर्त हो ।

## फुटपरस्त चिन्तन (Splitism) विरुद्ध संघर्ष गर र एकता कायम गर

१ खुश्चोभले उसको संशोधनवादको विरोध गर्ने पार्टीहरुसित संबन्ध विच्छेद गरेर अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको एकतालाई नष्ट गर्न शुरु गऱ्यो । केही मुलुकहरुमा, जहाँ यसको नेतृत्वले खुश्चोभको संशोधनवादको पिछलग्गू हुने काम गरिरहेको थियो, त्यहाँका कम्युनिष्टहरुले नयाँ मार्क्सवादी-लेनिनवादी पार्टी स्थापना गर्नु सही कुरा थियो ।

२ तर पछि गएर, संकीर्णतावाद र उग्र वामपन्थी चिन्तनको फलस्वरुप अनगिन्ती नाजायज फूटहरु भए । विश्लेषण र निर्णयमा विद्यमान वास्तविक भिन्नताहरुले शत्रुतापूर्ण द्वन्द र सम्बन्ध विच्छेदको स्थितितिर डोऱ्याएर लगे । चेकोस्लोभाकियाको सवाललाई लिएर १९६८ मा, कम्बोडियालाई लिएर १९७९ मा, अफगानिस्तानलाई लिएर १९८० मा, चियाङचिङको वरपरका प्रवृत्तिहरुको समापनलाई लिएर १९७६ मा, तेस्रो विश्वको सिद्धान्तलाई लिएर १९७७ मा, देङ शियोओ पिङको कार्यदिशालाई लिएर १९८० को दशकको शुरुमा र त्यस्तै अन्य सवाललाई लिएर महत्वपूर्ण विचारधारात्मक र राजनीतिक द्वन्द भएका छन् ।

३ यी सबै द्वन्दहरु महत्वपूर्ण थिए । आधारभूत असहमतिहरुलाई स्पष्ट पारिनु पर्छ, तर यसले समय र गंभीर वस्तुवादी विश्लेषण र वहसहरुको माग गर्छ । हरेक पार्टीले इमान्दारिपूर्वक विभिन्न द्वन्दरत दृष्टिकोणहरुलाई अध्ययन गरेको हुनुपर्छ, आन्दोलनको एकतालाई रक्षा गर्दै आफ्नै दृष्टिकोण तय गर्नुपर्छ ।

४ हरेक पार्टीले आफ्नै अवधारणा मुताविक मार्क्सवादी-लेनिनवादी आम नियमहरुलाई वर्तमान वास्तविकताहरुमा लागू गर्छ । अर्को पार्टीले जुन बूँदालाई महत्वपवूर्ण ठान्दछ, त्यो बूँदामा कसैले पनि ऊसित सहुलियतको माग गर्न सक्दैन । हरेक पार्टीले पूर्ण स्वाधीनताकासाथ आफ्नो नीतिलाई परिभाषित गर्छ । तर यसले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा एकता कायम गर्ने कर्तव्यसित विरोध राख्दैन । किनकि यो एकता पनि एउटा महत्वपूर्ण आम नियमको सवाल हो ।

५ सि.आइ.ए. र अन्य गुप्तचर सेवाहरुले कम्युनिष्ट पार्टीहरु बीचको असहमतिहरुबाट फाइदा उठाउनका लागि गरेका अभ्यासहरुबारे पर्याप्त दस्तावेजहरु मौजूद छन् । कम्युनिष्टहरुबीचको एकताको महत्वबारे दुश्मन सजग छ र विभाजन र फूटहरुलाई तीव्र पार्नको लागि अक्सर गरेर दक्षिणपन्थी संशोधनवाद र वामपन्थी रुझानहरुलाई प्रोत्साहित गर्दै यसले संपूर्ण अकेन्द्रकारी प्रवृत्तिहरुलाई समर्थन गर्छ ।

६ आन्दोलनको एकतालाई रक्षा गर्ने क्रममा, हरेक पार्टीले बेसी र अरु तीव्र गतिमा सिक्न सक्नेछन् । हामीले सामान्यतः हामी सहमत भएका ती पार्टीहरुसित मात्र होइन, बरु त्यस्ता पार्टीहरुबाट समेत सिक्न सक्छौं, जो हाम्रो विचारमा देब्रे वा दायाँ अवसरवादी बाटो समात्दैछन् ।

७ पहिलो कुरो त, हाम्रो निर्णय नै गलत हुन सक्छ ।

दोस्रो, अनुभवले सिकाएको छ कि- आफू असहमत भएका पार्टीहरुको जनसमुदायहरु बीचको कामको खास-खास पक्षहरुबाट, अनुभवहरुबाट, सैद्धान्तिक कार्यहरुबाट र यस्तै अन्य कार्यहरुबाट पार्टीहरुले शिक्षा ग्रहण गर्न सक्छन् ।

तेस्रो, आधारभूत असहमतिले नश्लवाद, ट्रेड यूनियन आधिकार र साम्राज्यवाद विरोधी आदि संघर्ष जस्ता सवाललाई लिएर सहयोगका खास खास रुपहरु अँगाल्न र साझा संघर्ष थाल्न छेकेवार खडा गर्नु हुँदैन ।

चौथो, हामीले संभावित विकासलाई पनि ध्यानमा राख्नुपर्दछ । दक्षिणपन्थी अवसरवादी वा वामपन्थी अवसरवादी पार्टीहरु स्वयंले आफूलाई सच्याउन सक्छन्, अथवा त्यसभित्र केही गुटहरुले सकारात्मक तवरले विकास गर्न सक्छन् । अन्तमा, हामीले अवसरवादी संझेका पार्टीहरु पूरै पतित हुन सक्छन् र खुलेआम पूँजीवादीहरुको खेमामा जान सक्छन् । उनीहरुसितको हाम्रो संबन्धले नकारात्मक उदाहरणद्वारा हामीलाई थुप्रै उपयोगी पाठ सिकाउन सक्छ ।

## संगठनात्मक प्रस्थापनाहरु

१ हामीले त्यस्तो एउटै साझा पहकदमी व्यवस्थित गर्ने निर्णय गरेका छौं, जुन यथार्थपरक होस्, आजको वास्तविकतासित मेल खाने खालको होस् र जसले मार्क्सवाद-लेनिनवाद र सर्वहारा अन्तर्राष्ट्रवादप्रति निष्ठावान सबै पार्टीहरुलाई हरेक साल वा हरेक दुई दुई वर्षमा एकै ठाउँमा भेला गर्ने आवश्यकता पूरा गरोस् ।

एउटा यथार्थपरक एकात्मक पहलकदमीले नै समय र उच्च पदस्थ कार्यकर्ताहरुको युक्तिसंगत लगानीको सवालका साथसाथै दक्षता र अधिकतम फल प्राप्तिको ग्यारेण्टी गर्न सक्छ ।

अधिकांश कम्युनिष्ट पार्टीहरुसित, विशेषगरी तेस्रो विश्वका पार्टीहरुसित, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका विभिन्न घटकहरुसँग भेटघाट गर्नका निम्ति भनेर वर्षको कैयन पटक विदेशयात्रा गर्न न त वित्तीय साधन नै उपलब्ध छ, न कार्यकर्ता नै ।

हामीमध्ये हरेक संगठनसित स्रोत साधनहरु सीमित छन् । हामीमध्ये कसैले पनि सबै जरुरी विषयवस्तुहरुको सांगोपांगो अध्ययन गर्न सक्दैनौं । हामीसित सीमित संख्यामा मात्रै मूल्यवान व्यवहारिक अनुभवहरु हुन सक्छन् । हामीमध्ये हरेकले, तीव्र गतिमा प्रगति गर्ने हो भने अरुका सर्वोत्तम सैद्धान्तिक रचनाहरु र सर्वोत्तम व्यवहारिक अनुभवहरुलाई ग्रहण र आत्मसात गर्ने जमर्को गर्नेपर्ने हुन्छ । यसले पनि एकात्मक पहलकदमीको माग गर्छ ।

२ यस वास्तविक परिस्थितिमा, एउटा नेतृत्वदायी अंग र सबै सदस्यहरुको निम्ति साझा अनुशासन भएको तेस्रो इण्टरनेशनलको मोडेलको एउटा नयाँ अन्तर्राष्ट्रिय संगठन निर्माण गर्नु संभव छैन । एकात्मक कम्युनिष्ट पहलकदमीको आधारभूत उद्देश्य आदान-प्रदान र सहयोगलाई सजीव पार्नु हो ।

३ हालको लागि, एकात्मक पहलकदमीको निम्ति सबैभन्दा उपयुक्त सांगठनिक स्वरुप सेमिनार हो । यसको पहिलो उद्देश्य सूचना, दस्तावेजहरु र विश्लेषणहरुको आदानप्रदान हो । राजनीतिक र सैद्धान्तिक विश्लेषणहरु तथा व्यवहारिक अनुभवहरु संबन्धी रिपोर्टहरुको प्रस्तुतीकरणद्वारा विभिन्न पार्टीहरुले एक अर्कालाई चिन्न र आफ्ना ज्ञानहरु एक आपसमा बँड्न सिक्नेछन् ।


दोस्रो, साझा चाखका अत्यन्त महत्वपूर्ण मुद्दाहरुमा बहसहरु संगठित गर्नुपर्छ ।

तेस्रो, स्वैच्छिक आधारमा कारवाहीहरु र क्रियाकलापहरुको संयोजन गर्न सकिन्छ ।

व्यापक सम्मतिको भावनामुताविक प्रस्तावहरुको मस्यौदा गरिनेछ । हरेक पार्टी र संगठनलाई प्रस्तावमा सही गर्ने वा नगर्ने र प्रस्तावित क्रियाकलापहरुमा सहभागी हुने वा नहुने हक हुनेछ ।

सेमिनार शुरु हुनभन्दा पहिले नै मस्यौदा प्रस्तावहरु पेश गरिसक्नु पर्नेछ ।

४ वर्तमान परिस्थितिमा



ब्रुसेल्सको वाम-पन्थीहरुको अन्तर्राष्ट्रिय सेमिनारको एक झलक

साम्राज्यवाद र साम्राज्यवादी आक्रमणहरुको विरुद्ध संघर्ष गर्ने सवालले विशेष महत्व राखेको हुनाले मे १९९६ को सेमिनारले यी मुद्दाहरुका बारेमा छिनोफानो गर्नेछ । केही पार्टीहरुका क्रान्तिकारी अनुभवहरुका बारेमा कागजातहरु पेश गरिनेछन्, साथसाथै साम्राज्यवादको वास्तविक रणनीतिबारे विश्लेषण गरिएका कागजातहरु तथा प्रस्तावहरु र कारबाहीको लागि प्रस्तापनाहरु संबन्धी कागजातहरु पनि पेश गरिनेछन् ।

साझा सहमतिद्वारा निर्धारित गरिएका सेमिनार र अन्य कामहरुको जिम्मेवारी सम्हाल्न एउटा संयोजक समूह स्थापना गरिनेछ ।

१९९७ को सेमिनारले महान अक्टोबर

५ क्रान्तिको ८० औं वर्षगाँठ मनाउन साम्यवादी आन्दोलनको अन्तर्राष्ट्रिय सम्मेलनको औपचारिक स्वरुप ग्रहण गर्नेछ। हामी के आशा गर्छौं भने, यो सम्मेलन पहिलेको सोभियत संघमा आयोजना गर्न सकिन्छ र पहिलेको सोभियत संघका मार्क्सवादी-लेनिनवादीहरु यसको तयारीमा सामेल हुन सक्छन् ।

६ १९९७ को सम्मेलनले कम से कम यी बूँदाहरुको छिनोफानो गर्नुपर्छः

लेनिन, स्तालिन, खुश्चोभ, ब्रेझनेभ र गोर्वाचोभको मातहतमा सोभियत संघको कम्युनिष्ट पार्टीको इतिहास, संशोधनवादको विकास र यसको अन्तिम पतन

केही पूर्वी यूरोपेली मुलुकहरुको विशिष्ट अनुभव

लेनिन र अक्टोबर क्रान्ति

७ १९९७ को सम्मेलनको तयारीको निम्ति, १९९५/९६ मा एउटा पुस्तक प्रकाशित गरिनेछ, जसमा पहिलो दुई बूँदाहरुका बारेमा विभिन्न पार्टीहरुद्वारा गरिएका विश्लेषणहरुको धारावाहिकता हुनेछ ।

८ नियमित रुपमा विभिन्न पार्टीहरुसँग संपर्क कायम राख्नका लागि, अनुभव र विश्लेषणहरु आदान-प्रदान गर्नका लागि र बहसहरु संगठित गर्नका लागि एउटा सैद्धान्तिक पत्रिका प्रकाशित गर्न जरुरी छ। संयोजक समूहले यस प्रकारको पत्रिका प्रकाशनको पहलको लागि संभाव्यता र विधिबारे अध्ययन गर्नेछ ।

९ मार्क्सवाद लेनिनवादप्रति निष्ठा नभएका क्रान्तिकारी साम्राज्यवाद-विरोधी संगठनहरुलाई पनि पर्यवेक्षकको रुपमा १९९६ को सेमिनारमा भाग लिन निमन्त्रित गर्न सकिनेछ ।

*ब्रुसेल्स, मे ४, १९९५*

**साभार** : *Proletarian Era July, 1995*

**अनुवादः श्याम श्रेष्ठ**

# भारतका आठ वटा वामपन्थी पार्टीहरुको संयुक्त सम्मेलन

**अनेकौं समूहमा विभाजित भारतीय वामपन्थी आन्दोलनमा हालै विहारमा सम्पन्न ८ वटा वामपन्थी पार्टीहरुको संयुक्त सम्मेलनले नयाँ जनआन्दोलनको आशा जगाएको छ ।**

विहारमा भूमिसुधार आन्दोलन कसरी संयुक्त रुपमा चलाउन सकिन्छ भन्ने विषयमा केन्द्रित गरी उक्त सम्मेलन भएको थियो । विहारको पटनास्थित आइ एम ए हलमा संपन्न सो सम्मेलनमा सशस्त्र संघर्ष गरिरहेका वामपन्थी पार्टीहरु बाहेक अधिकांश वामपन्थी पार्टीहरुको सहभागिता थियो ।

भूमिसुधार सम्बन्धी संयुक्त वाम सम्मेलनमा सहभागी पार्टीहरुमा भारतीय कम्युनिष्ट पार्टी (भाकपा) देखि लिएर भाकपा (मार्क्सवादी), भाकपा (माले)-लिवरेशन समूह, एस.यू.सी.आई., फरवार्ड ब्लक, आर.एस.पी., मार्क्सवादी समन्वय समिति तथा एम.सी.पी.आई. समेत छन् ।

सम्मेलनको शुरुवात संयुक्त रुपमा तयार गरिएको भूमिसुधार आन्दोलनको इतिहास, महत्व र आवश्यकतादेखि लिएर आगामी संघर्षका रुपरेखाको प्रस्तुतिद्वारा भयो । उक्त कार्यपत्रमा विहारको गौरवशाली किसान आन्दोलन, विशेषतः स्वामी सहजानन्द सरस्वतीको नेतृत्वमा भएको संगठित किसान संघर्षले गर्दा जमीन्दारी प्रथा अन्त्य भएको कुरा उल्लेख गरिएको छ । कार्यपत्रमा जमीन्दारी प्रथाको अन्त्य भएतापनि जमीन्दारहरुसँग काफी जमीन थुप्रिरहेको र सामन्ती शोषण र अत्याचार आजसम्म पनि जारी रहेको कुरा उल्लेख गर्दै भारतमा सबै प्रान्तमाभन्दा पहिले भूमिसम्बन्धी कानून बनाउने प्रान्त विहारमा कानूनको कार्यान्वयन पक्ष सबैभन्दा उपेक्षित रहेको तथ्य उद्घाटन गरिएको छ ।

सरकारी आंकडा अनुसार नै वर्तमान हदवन्दी कानून अनुसार १७ लाख ७६ हजार एकड जमीन हदवन्दी भन्दा बढी रहेको भएता पनि १९९० सम्ममा करीब चार लाख एकड मात्र अधिग्रहण गरिएको र त्यसमध्ये पनि २ लाख ६२ हजार एकड मात्रै वितरण भएको तथ्य कार्यपत्रमा स्पष्ट रुपमा राखिएको छ ।

## बिहारमा भूमिसुधार आन्दोलन

कार्यपत्रमा सबै कांग्रेसी सरकारहरुले यस मुद्दालाई उपेक्षा गरिरहेको र ३७८ जना ठूला भूस्वामीहरुको हदवन्दी भन्दा बढी भएको जमीन खोस्ने घोषणासहित विहारको सरकारमा आएको जनता दलको सरकारले पनि आफ्नो घोषणा बिर्सिसकेको स्थितिमा गरीब किसान र खेत मजदूरहरुको भूमिसुधार सम्बन्धी आन्दोलनलाई सबै वामपन्थी शक्तिहरुले संयुक्त रुपमा उठाउनु जरुरी भएको बोध पनि व्यक्त गरिएको छ ।

कार्यपत्रमा लामो अन्तर्क्रियापछि बहसमा आएका सबै सकारात्मक विचारहरुलाई केन्द्रिकृत गरी त्यसलाई दस्तावेज र मागहरुमा सामेल गर्ने सहमति कायम गरियो । सम्मेलनले सर्वसम्मतिले हरेक जिल्लामा जिल्लास्तरीय वामपन्थी सम्मेलन गर्ने र प्रत्येक जिल्ला मुख्यालयमा संयुक्त विरोध प्रदर्शन गर्ने दुई वटा कार्यक्रम पनि पारित गरेको थियो । अहिलेसम्ममा ती दुवै कार्यक्रम सफलतापूर्वक कार्यान्वयन पनि भइसकेको बताइन्छ ।

विहारको सन्दर्भमा भूमिसुधार सम्बन्धी ८ वटा वामपन्थी पार्टीहरुको संयुक्त सम्मेलन र दुई दुईवटा संयुक्त कारवाहीको प्रयास निकै नौलो त होइन । किनकि यस्तै खालको प्रयास सन् १९९२ मा पनि भएको थियो । त्यसबेला शुरु भएको संयुक्त वाम-संघर्षमा शसस्त्र संघर्ष गरिरहेको माओवादी कम्युनिष्ट सेन्टर (एम.सी.सी.) समेतको सहभागिता थियो । सो संघर्ष एक वर्षसम्म चलेको थियो र उपलब्धी पनि हासिल भएको थियो ।

विगतको यस संघर्षबाट पाठ सिकेर संचालन गरिएको यस संयुक्त आन्दोलन पनि सफलतातिर उन्मुख हुँदै गएमा यसले भारी महत्व प्राप्त गर्ने देखिन्छ । भाकपा (माले)- लिवरेशन समूहले यस संघर्ष, विहारमा वामपन्थीहरुको एकतावद्ध संघर्षको प्रयासको राष्ट्रियस्तरमा ठूलो महत्व रहेको छ भनी गरेको मूल्याङ्कनलाई अतिशयोक्तिपूर्ण भन्न सकिँदैन । संभावना छ- भारतमा आज वामपन्थीहरुको राष्ट्रिय एकताको ठोस शुरुवात विहारको यसै संघर्षबाट हुन सक्छ । ❑

भूमि-आन्दोलनको क्रममा पटनामा मुख्यमंत्रीलाई घेर्ने अभियानमा भएको भिडन्तको एक दृश्य



# आन्ध्र प्रदेशमा ६ वटा वामपन्थी पार्टीहरूको सम्मेलन

आन्ध्र प्रदेश सरकारका जनविरोधी नीतिहरुको विरुद्ध ६ वटा वामपन्थी पार्टीहरुले हालै एउटा राज्यस्तरीय सम्मेलन आयोजना गरेका छन् ।

आन्ध्र प्रदेशमा कार्यरत ६ वटा वामपन्थी पार्टीहरुको समन्वय समितिद्वारा विजयवाडामा आयोजित सम्मेलनमा विभिन्न वामपार्टीका नेता र कार्यकर्ताहरुले भाग लिएका थिए । आन्ध्र प्रदेशका विभिन्न जिल्लाका २५ सय प्रतिनिधिहरुले भाग लिएको सो सम्मेलन निकै अर्थपूर्ण रहेको बताइन्छ ।

सो सम्मेलनमा भाकपा (माले)-लिवरेशन समूह, भाकपा (माले)-प्रजापंथा, एस. यू. सी. आई., एम. सी. पी. आई., मार्क्सवादी-लेनिनवादी कमिटी र भाकपा (माले)-जनशक्ति समूह थिए ।

सम्मेलनलाई एम. सी.पी.आई. का नेता क. ओंकार, मार्क्सवादी-लेनिनवादी कमिटीका नेता क. कोल्ला वैंकैय्या, प्रजापंथाका क. वेमलापल्ली वेंकटैय्या, जनशक्तिका क. मांडला, लिवरेशनका क. एन. मूर्ति एवं एस.यू.सी.आई. का नेताले सम्वोधन गरेका थिए । सम्वोधनको क्रममा ती वामपन्थी नेताहरुले ६ वटा वामपन्थी पार्टीहरुको सहयोग, समन्वय र संयोजनामाथि जोड दिएका थिए ।

> ६ वटा वामपन्थीहरुको विजयवाडा सम्मेलनलाई संचार माध्यमहरु र राजनीतिक क्षेत्रले व्यापक महत्व र स्थान दिएर सम्मेलनको औचित्यलाई अझ बढी प्रमाणित गऱ्यो !

तर, भाकपा (माले)-प्रजापंथाका राज्यस्तरीय नेता क. राजन्नाले वामपन्थीहरु बीचको सहयोग अहिलेलाई केवल जनसंगठनहरुको स्तरमा मात्र हुनुपर्ने र राजनीतिक पार्टीहरुको स्तरमा हुनु नहुने विचार पोख्दै उनको आफ्नो यस शर्त नमानिएको खण्डमा आफ्नो पार्टी त्यस समन्वय समितिबाट पछि हट्ने घोषणा गरे ।

फेरि अर्कोतिर, जनशक्ति समूहका आधिकारिक प्रतिनिधिले भने आफ्नो राज्य पार्टी नेतृत्वसँग आफ्नो मत-विरोधका वावजूद यस फोरमले राजनीतिक पार्टीहरुको मंचको काम गर्नु पर्ने विचार व्यक्त गरे । अन्य पार्टीका कमरेडहरुले आ-आफ्नो पार्टीका अन्तर्विरोधहरु, विवाद र बहसहरु यस संयुक्त मंचमा नल्याइयोस् भन्ने माग गर्दै त्यसले संयुक्त मंचको एकतामाथि नै आँच पुग्ने सतर्कता पनि व्यक्त गरे ।

भाकपा र भाकपा (मार्क्सवादी) जस्ता राष्ट्रियस्तरका वामपन्थी पार्टीहरु र आन्ध्र प्रदेश लगायत कैयौं प्रान्तमा सशस्त्र संघर्ष गरिरहेका भाकपा (माले) पिपुल्स वार ग्रुप र भाकपा (माले)- चन्द्र पुल्ला रेड्डी समूहहरुको सहभागिता विनाको यस सम्मेलन कति व्यापक होला र भन्ने सवाल उठेको देखिन्छ । तर यस सम्मेलनका आयोजकहरु मध्येका केहीको विचारमा आन्ध्र सरकारका जनविरोधी नीतिहरुलाई बुझ्न र व्याख्या गर्न असमर्थ 'अवसरवादी' वामपन्थीहरु र 'अराजकतावादी' वामपन्थीहरुका बीचबाटोबाट यस्तो समन्वय हुनु जरुरी देखिन्छ ।

यो सवाल-जवाफलाई एकछिन थाँती राखेर हेर्दा के देखिन्छ भने- आन्धका वामपन्थी पार्टीहरुको राजनीतिक समन्वय, सहयोग र संयोजनको जरुरत लामो समयदेखि महशूस गरिदै आइरहेको विषय हो र यसलाई सबैले मनन गरे भोलि राष्ट्रिय स्तरमै समन्वय र सहयोगको विस्तारमा यसले टेवा दिन सक्छ ।

जेहोस्, ६ वटा वामपन्थीहरुको विजयवाडा सम्मेलनलाई संचार माध्यमहरु र राजनीतिक क्षेत्रले जसरी व्यापक महत्व र स्थान दिएर सम्मेलनको औचित्यलाई अझ बढी प्रमाणित गऱ्यो, त्यसरी नै आन्धका क्रान्तिकारीहरुले आफ्नो संयुक्त मंचलाई अधिक बलियो, सुगठित र शक्तिशाली एवं व्यापक बनाउने चुनौतिलाई पनि बहन गर्नुपर्ने स्थिति आएको देखिन्छ ।

❑

# भारतको स्वतन्त्रता पछिको सबैभन्दा ठूलो मञ्चको निर्माण

भारतका अधिकांश वामपन्थी पार्टीहरुका जनसंगठनहरुको राष्ट्रिय मंचको आव्हानमा एउटा महत्वपूर्ण राष्ट्रिय सम्मेलन हालै संपन्न भएको छ ।

भारतको राजधानी दिल्लीको मावलंकर हलमा आयोजित उक्त राष्ट्रिय सम्मेलनमा मजदूर, किसान, खेत मजदूर, महिला, युवा, विद्यार्थी, कर्मचारी र अन्य काम गरीखाने तप्काका प्रतिनिधिहरुको ठूलो सहभागिता थियो ।

> भारतका अधिकांश वामपन्थी पार्टीहरुका जनसंगठनहरुको राष्ट्रिय मंचको राष्ट्रिय सम्मेलन

सम्मेलनको क्रममा अधिकांश जनप्रतिनिधिहरुले कांग्रेसी सरकारले लागू गरिरहेको नयाँ आर्थिक-औद्योगिक नीतिको विरोधमा व्यापक अन्तर्क्रिया गरेका थिए । अन्तमा सम्मेलनले एउटा महत्वपूर्ण घोषणापत्र पारित गरेको थियो । उक्त घोषणापत्रमा बहुराष्ट्रिय पूँजी र भारतीय एकाधिकारी वित्तीय पूँजीको गठजोडद्वारा अन्तर्राष्ट्रिय र राष्ट्रिय बजारमा नाफा कमाउने उद्देश्यले जुन नयाँ आर्थिक औद्योगिक नीति र ग्याट (GATT) संझौता लागू गरिंदैछ, त्यसको कडा विरोध गरिएको थियो । घोषणा पत्रमा ती नीतिहरु फिर्ता लिने माग गर्दै ती नीतिहरुको विरोधमा आन्दोलनका कार्यक्रम पनि घोषणा गरिएको थियो ।

घोषित कार्यक्रम अनुसार पहिलो चरणमा त्यस घोषणापत्रको समर्थनमा देशभरि राज्यस्तरीय, जिल्लास्तरीय सम्मेलनको आयोजना गर्दै नयाँ आर्थिक नीतिको विरोधमा ठूलो देशव्यापी संयुक्त संघर्ष निर्माण गर्ने पहल गर्ने कार्यक्रम राखिएको बताइन्छ । त्यस्तै दोस्रो चरणमा जिल्ला मुख्यालयहरुमा विशाल जनसभाहरु गर्ने, त्यसपछि राज्यका सबै जिल्लाहरुमा जन-प्रदर्शन गर्ने, सबै राज्यहरुमा पदयात्रा कार्यक्रम गर्ने कार्यक्रम राखिएको छ ।

तेस्रो चरणको कार्यक्रममा यही मंसीर महीनाको दोस्रो हप्तातिर संसद्समक्ष र जिल्ला अधिकारीहरुको कार्यालयसमक्ष विशाल धर्ना आयोजना गर्ने कार्यक्रम राखिएको छ ।

आन्दोलनका कार्यक्रमहरुको घोषणा गर्नु राम्रो हुरा हो । लामो समयको अन्तरालपछि वामपन्थीहरुका जन-संगठनहरुको राष्ट्रिय मंचले आफ्नो होश सम्हालेर आन्दोलनका कार्यक्रमहरु घोषणा गर्नु र त्यसलाई क्रियान्वयन गर्नु त झनै राम्रो र महत्वपूर्ण काम हो । तर स्मरणीय कुरो के हो भने, यसै राष्ट्रिय मंचको तालकटोरा स्टेडियममा भएको विगतको सम्मेलनले घोषणा गरेको आन्दोलनको २० सूत्रीय कार्यक्रम लागू गर्नु अझै बाँकी छ ।

स्मरणीय छ, भारतका अधिकांश वामपन्थी पार्टीहरुका जनसंगठनहरुको राष्ट्रिय मंचको पहिलो सम्मेलन १५, अप्रिल, १९९३ मा सम्पन्न भएको थियो । सो सम्मेलनले आन्दोलन सम्बन्धी २० सूत्रीय कार्यक्रम घोषणा गर्दै त्यसको कार्यान्वयन समेत गर्न थालेको थियो । त्यसैलाई क्रियान्वयन गर्नका लागि

बाँकी ४२ पेजमा

*भारतमा कांग्रेसी सरकारको नयाँ आर्थिक-औद्योगिक नीतिको विरोधमा जन-प्रदर्शन*



विश्व-क्रान्ति-योद्धा चे ग्वेभाराको धारावाहिक जीवनी ४

# क्युबाली छापामार युद्धले एक वर्ष पार गरेपछि के के भयो ?



विश्व-क्रान्ति-योद्धा क. चे ग्वेभाराको
६७ औं जन्म दिवसको उपलक्ष्यमा
हामीले क. चेको धारावाहिक जीवनी प्रकाशन गर्ने
सिलसिला थालेका छौं ।
एकजना मेडिकल डाक्टर भएर पनि
अर्जेन्टिना, चिली, पेरू, बोलिभिया, ग्वाटेमाला र
मेक्सिकोको जीवन एवं जगतको अध्ययन भ्रमणको क्रममा
उहाँ कसरी क्रान्तिकारी हुनुभयो भन्ने कुरा हालसम्म
तपाईहरूले पढ्नु भयो ।
क. चेको जन्मदेखि मेक्सिको प्रवेशसम्म र
मेक्सिको प्रवासकालमा कसरी चेले क. फिडेल
क्यास्त्रोसँग भेट्नु भयो ?
कसरी क्युबामा छापामार युद्धको
तयारी गर्नु भयो ? भन्ने प्रसंग एवं
क्युबाली क्रान्तिमा उहाँहरूद्वारा संचालित
छापामार युद्धको बारेमा यस अघि विवेचना गरियो ।
यस पल्ट प्रस्तुत छ :
छापामार युद्धले एक वर्ष पार गरेपछिका
संघर्षहरूको रोचक विवरण !

मूल्याङ्कन

## एल उवेरोको युद्ध

सन् १९५७, २७ मई का दिन सब छापामार नेताहरुको भेलामा क. क्यास्त्रोले एल उवेरो चौकी सम्बन्धी संपूर्ण जानकारी लिइसकेपछि ४८ घण्टाभित्र एल उवेरोस्थित बतिस्ताको सैनिक चौकीमाथि आक्रमण गर्ने घोषणा गर्नुभयो । उहाँले आ-आफ्ना छापामारहरुलाई हतियार, खर खजानाकासाथ 'मार्च' गर्न तयार भइराख्नका लागि आव्हान गर्नुभयो ।

रातारात मार्च गरेर छापामारहरुले पूर्व नियोजित कार्यनीति अनुरुप सैनिक चौकीलाई तीनतिरबाट घेरे । २८ मईको विहानै क. क्यास्त्रोले आफ्नो टेलिस्कोपयुक्त राइफलद्वारा चौकीमाथि पहिलो पटक आक्रमण गर्नु भएपछि सबै छापामारहरुले पनि आ-आफ्नो ठाउँबाट आक्रमण गरे ।

दुई घण्टा पैतालीस मिनेट लामो आक्रमण-प्रत्याक्रमण अन्ततः सरकारी सैनिकहरुको आत्मसमपर्णमा गएर टुङ्गियो । सरकारी सैनिकहरुमाथि छापामारहरुको यस ठूलो विजयले क्यूबाली क्रान्तिकारीहरुको छापामार संघर्षलाई बालापनबाट मुक्त गरी प्रौढ बनाउने काम गर्‍यो ।

क. चेको पनि प्रमुख भूमिका रहेको एल उवेरोको युद्धबाट नयाँ भर्ति भएका छापामारहरु पनि राम्ररी प्रशिक्षित भए र छापामारहरुको शक्ति पनि काफी सदृढ र सबल भयो । युद्धको विजयले गर्दा आत्मविश्वास उच्च भएका छापामारहरु नयाँ-नयाँ आक्रमण, आफ्नो पंक्तिको सुदृढीकरण एवं मुक्त इलाकाको विस्तारका लागि लागिपरे ।

एल उवेरोको पराजयले गर्दा हतोत्साहित भएका बतिस्ताका सेनाहरु छापामारहरुको हातमा विशाल इलाका छाडेर, सियरा माइस्त्राका पहाडहरुमा रहेका ब्यारेक, चौकी र स्टेशनहरुबाट भागे । सियरा माइस्त्राका पहाडहरुमा चलिरहेको छापामार युद्धले एल उवेरोको युद्धपछि ठूलो फड्को मार्‍यो ।

यस युद्धले गर्दा चे र अन्य छापामार कमाण्डरहरुले बुझे- गाउँले किसानहरुको सहयोग र समर्थन, शहरबाट प्राप्त हुने नयाँ स्वयं सेवकहरु र हतियार एवं आर्थिक-भौतिक सहयोगको जरुरत र महत्व कति ठूलो रहेछ ।

छापामारहरुप्रति सियरा माइस्त्राका किसानहरुको सहयोग र समर्थन छापामार युद्धको सफलता र सरकारी सेनाको दमनसँग जोडिएको थियो । अलेग्रिया डि पियोको प्रथम लडाईंमा परास्त भएका छापामारहरुप्रति सहानुभूतिशील भएका किसानहरुमाथि सरकारी सेनाको दमन अचाक्ली बढेपछि उनीहरुको सहयोग र समर्थन पनि अलिकति कम भएको थियो । तर छापामार युद्धले सरकारी सेनाको दमनलाई किनारा लगाउँदै गएपछि एल उवेरोको विजयसम्म पुग्दा त उनीहरुको सहयोग र समर्थनमा काफी बृद्धि भयो । कैयौं किसानहरु त छापामार पंक्तिमा समाहित भएर तानाशाही शासन विरोधी संघर्षमा समेत हाम्फालेका थिए ।

छापामारहरुले शहरिया सघर्षसित सम्पर्क गर्ने कामलाई पनि घनीभूत रुपमा कायम गरे । शहरबाट प्राप्त हुने स्वयंसेवक र आर्थिक-भौतिक सहयोगलाई जारी राख्ने क्रममा शहरको 'नेशनल कमिटी' र 'ओरियन्ते प्रोभिन्सियल कमिटी' बाट प्राप्त हुने सहयोगलाई अझ बढी निरन्तर र घनीभूत पारियो ।

तर, शहरबाट आउने सहयोग प्राप्त गर्न साह्रै गाह्रो र जोखिमपूर्ण रहेछ भन्ने कुरा अमेरिकाको मियामी शहरबाट आएको हातहतियार सहितको स्वयंसेवक दलको संहारबाट थाहा भयो । मियामीबाट आएको सहयोगलाई सुरक्षित गर्नका लागि एल उवेरोको लडाई संचालन गरेर सरकारी सेनाको ध्यान अन्तै मोड्न त छापामारहरु सफल भएका थिए, तर त्यस स्वयंसेवक दलका लागि हतियार किन्न मद्दत गर्ने प्रियो भन्ने व्यक्ति स्वयं नै गद्दार भई

निस्केकोले स्वयंसेवकहरुको नरसंहार मई महिनामा बीच बाटैमा भयो ।

उक्त 'एल कोरिन्तिया अभियान' नामक सहयोग दलको नेतृत्व गरिरहेका क्यालिस्तो साँचेज लगायत अधिकांश स्वयंसेवकको हत्या गर्ने अपराध काउलेइ भन्ने सैनिक अधिकारीको सेनाले गरेको थियो । स्मरणीय छ, पछि उक्त सैनिक अधिकारीलाई छापामारहरुले कडा सजाय दिएका थिए ।

छापामारहरुको १९५७ को जून महिना घाइते साथीहरुको उपचार, नयाँ भर्ति भएकाहरुको ससाना समूहहरुको गठन र प्रशिक्षण एवं फिडेल क्यास्त्रोको नेतृत्वमा रहेका छापामारहरुको पर्खाइ र खोजीमा बित्यो । मार्च महीनामा एल टर्क्विनोका भीरहरुमा क. क्यास्त्रोद्वारा नेतृत्व गरिएको छापामार सेनासँग अन्य छापामारहरुको पुनर्मिलन भयो ।

छापामारको बढ्दो आक्रमणका कारणले सरकारी सेनाले सियरा माइस्त्राका पहाडहरुबाट हटेको स्थितिमा अर्थोडोक्स पार्टीका राऊल चिबास र नेशनल बैंकका सभापति फेलिपे पाजोस त्यहाँ आए । बतिस्ताको तानाशाही शासन विरोधी भनी परिचित ती दुई व्यक्तिहरुसँगको छलफलपछि क. क्यास्त्रोले उनीहरुसंग मिली बृहत् नागरिक क्रान्तिकारी मोर्चा निर्माण गर्ने उद्देश्य सहित बतिस्ता विरोधी संयुक्त बक्तव्य १२ जुलाईमा जारी गर्नु भयो । बतिस्ताको तानाशाही शासन विरोधी यस कार्यनीतिक मोर्चाको प्रक्रिया पूरा भएपनि नभएपनि एउटा कुरा चाहिं पूरा भयो- बिपक्षीहरुद्वारा समेत छापामारहरुको अस्तित्वलाई स्वीकार्ने कार्य ।

यसैबीच, क. चेलाई दोस्रो कोलमका छापामारहरुका कमाण्डर बनाइयो । उनीहरुले इस्त्रादा पाल्मास्थित सैनिक चौकीमाथि आक्रमण गर्ने महत्वाकांक्षी योजना बनाए । अझ त्यसबीच अन्य दुईवटा सैनिक ब्यारेकहरु बीचबाटैमा कब्जा गर्ने योजनालाई पनि कार्यान्वयन गर्ने फैसला गरे । तर क. क्यास्त्रोसँग सहमति लिन नसकेको कारणले उनीहरुले मिनासस्थित सैनिक ब्यारेकमाथि आक्रमण गरे । आक्रमणको सफलतापछि उनीहरुले किसानहरुबाट हार्दिक अभिवादन प्राप्त गरे । त्यसपछि बाटोभरिका पूलहरु ध्वस्त गर्दै उनीहरु तीन वटा ट्रकबाट लासमिनास पुगे । आल्तो डे क्यालिफोर्निया हुँदै पुनः पहाडी भीरहरुमै पुगेका मात्र थिए, उनीहरुले अचानक निकै दुःखद समाचारहरु सुने ।

उनीहरुले सुने- बतिस्ताको तानाशाही शासनले सैनिक शासनलाई घोषित रुपमा लागू गर्नुका साथै सेन्सरशीप लागू गरी बोल्ने-लेख्ने स्वतन्त्रतालाई पूरै अवरुद्ध गऱ्यो । उनीहरुले सुने- सान्टियागो शहरमा क्रान्तिकारी आन्दोलनको नेतृत्व गरिरहेका क. फ्रान्क पाइसलाई सान्टियागोको सडकमा निर्ममतापूर्वक हत्या गरियो ।

साथसाथै, उनीहरुले यो सुखद समाचार पनि सुने- क. पाइसको निर्मम हत्याको विरोधमा सान्टियागो र हवाना लगायतका क्यूबाली शहरहरुमा जनताले स्वतःस्फूर्त रुपमा सडकमा उत्रेर विरोध प्रदर्शनहरु गरे । यसले शहरिया संघर्षलाई अझ राम्ररी मुखरित गऱ्यो ।

## एल हम्बरितोको लडाई

छापामार अभियानको क्रममा विना आराम-विराम यात्रा गर्दै हिंडेका छापामारहरु जब २९ अगस्तको राति एल हम्बरितोको उपत्यकामा पुगे, तब एक जना किसानले सरकारी सेना सियरा माइस्त्रातिर कूच गर्न एल हम्बरितोका बाटोहरुमा देखिएको सूचना दियो । सूचना सही ठहरिएपछि सोही राति उनीहरु लुकेर अकस्मात सरकारी सेनामाथि छापामार आक्रमण गर्ने पोजिशनमा बस्न थाले ।




**तानाशाही बतिस्ताको सरकारद्वारा छापामारहरूमाथि दमन गर्न प्रकाशित गरिएको पोष्टर/ पोष्टरमा क. चे र क. सिमिलो सियनफ्यूगोसको फोटो देखिन्छ !**

छापामारहरुको गोप्य योजना थाहा नभएका सरकारी सेनाका जवानहरु मस्तीसँग गफ चुट्दै हिंडिरहेको अवस्थामा अचानक छापामारहरुको आक्रमण भयो । आफूभन्दा निकै ठूलो सेनामाथि अकस्मात गरिएको यो आक्रमण शक्ति सन्तुलनको हिसावले र हतियारको हिसावले फितलो सावित भयो । यसपछि छापामारहरुले त्यहाँबाट पछि हट्ने निर्णय गरे । र, पुनः नयाँ तरीकाले अकस्मात छापामार आक्रमण गर्ने योजना बनाउने थाले । कैयौं कमी-कमजोरीका बाबजूद पछि त्यो योजनामा छापामारहरुले ससानो विजय प्राप्त गरे ।

उता क. फिडेलको नेतृत्ववाला छापामार दलले पनि सोही समयमा सेनामाथि विजय हासिल गऱ्यो । सैनिक ग्यारिशनमाथि गरिएको सो आक्रमणबाट सरकारी सेनामा काफी हताहत भएको र अन्ततः आफ्नो पोजिशनबाट भाग्न विवश पारिएको सो आक्रमण क. चेहरुको विजयभन्दा पनि महत्वपूर्ण थियो ।

क. फिडेलका छापामारहरुसँग क. चे. र अन्य व्यक्तिको कमाण्डमा रहेका छापामारहरुको भेटघाटपछि आफ्ना कमजोरी र सबलताहरुको मूल्याङ्कन गर्दै उनीहरुले आगामी आक्रमणको योजना बनाउन थाले । उनीहरुको योजनाको तत्कालीन लक्ष्य थियो- अमेरिकी साम्राज्यवादद्वारा समर्थित बतिस्ताको हत्यारो सेनाका कमाण्डरहरुमध्ये सबैभन्दा बलियो, सबैभन्दा नरसंहारकारी र हिंस्रक कमाण्डर साँचेज मोस्क्युराको सेनालाई परास्त गर्नु ।

## पिनो डेल अगुवाको प्रथम युद्ध

यो योजनालाई कार्यान्वयन गर्न सबै छापामारहरु कहिले सँग-सँगै त, कहिले समूहवद्ध भएर छुट्टाछुट्टै ढंगले कैयौं दिनसम्मको लामो मार्च गरी पिनो डेल अगुवामा पुग्ने प्रयास गर्न थाले । बीच बाटोमा पर्ने पाब्लो डे याओ गाउँमा गाउँलेहरुबाट छापामारहरुको भव्य स्वागत भयो । उनीहरुले त्यहाँ किसानहरुसँग र व्यापारीहरुसँग आफूलाई चाहिने सामान किन्ने काम गरे । त्यहीं केही कमरेडहरुले, र सान्टियोगोबाट आएका जोर्गे सातुसले समेत भगुवापन देखाए । बारो नामक युद्धवन्दी सैनिक भाग्न सफल भयो ।

यी सबका बावजूद पनि १० सेप्टेम्बरमा छापामारहरुले पिनो डेल अगुवा पुगे । उनीहरु ट्रकमा चढेर सियरा माइस्त्रातिर आक्रमण गर्न जाने सरकारी सेनामाथि जंगलको सडकमा लुकेर आक्रमण गर्न ७ दिनसम्म ढुकीरहे । सातौं दिनमा ५ वटा ट्रकमा त्यहाँ आएको सरकारी सेनामाथि चारैतिरबाट अचानक आक्रमण गरियो । त्यहाँ कैयौं अत्याधुनिक हतियार र केही ट्रकहरु छापामारहरुले हात पारे । आक्रमणमा विजयी भएपछि छापामारहरु आफ्ना कमरेडहरुलाई



**विजयको मुस्कान !**

**क. चे (बायाँ) र क. अन्तोनियो नुनेज आफ्ना छापामार साथीहरुसँग**



एकत्रित गरिरहेकै बेला आकाशमाथि सेनाका प्लेनहरु उड्न थाले । उनीहरुले शक्तिशाली मेशिनगनले प्लेनमाथि ताकेर प्रहार गरेपछि प्लेन भाग्न विवश भयो । आकाशमाथि बाट B - 26 प्लेनहरु पछि पछि पनि आकाशमा उडे पनि छापामारहरु भने आराम गर्न थाले ।

त्यसैबीच, चार ट्रक सरकारी सेना पुनः सडकमा देखा पऱ्यो । छापामारहरु हवाई फायर गर्दै पछि हटे र पिको वर्देमा पुनः एकीकृत हुने र क. क्यास्त्रोलाई भेट्ने लक्ष्यसहित यात्रा गर्न थाले ।

## सुदृढीकरण अभियान

पिनो डेल अगुवाको यस लडाईपछि उनीहरुले आफ्नो शक्तिलाई अझ संगठित, सशक्त र उपयोगी बनाउन थाले । आफ्नो पंक्तिलाई यसरी सुदृढीकरण गर्न खोज्दा केही अराजक कमरेडहरु छापामार दस्ता नै छाडेर भागे भने केही सजायका भागी भए । त्यस स्थितिमा छापामारहरुको नैतिकता र अनुशासनलाई अति महत्व दिएर छापामार नेताहरुले आफ्नो पंक्तिभित्र सुदृढीकरणको अभियान नै संचालन गर्नुपऱ्यो । किनकि छापामार अभियानमा सहभागी हुँदैमा सांस्कृतिक न्यूनताको समस्या हट्दो रहेनछ ।

क्रान्तिकारीहरु आफू मात्र शुद्ध, सांस्कृतिक रुपले उन्नत भएर पुग्दैन, उनीहरुले आफ्नो वरिपरिको वातावरणलाई पनि, आफ्नो प्रभाव क्षेत्रका यावत विषयमा पनि सांस्कृतिक अभियान संचालन गर्नु पर्दोरहेछ । यही अनुभूतिका साथ क्यूबाली छापामारहरुले आफ्नो मुक्त इलाकामा क्रान्तिकारी सरकारको संस्कृति स्थापित गर्न शोषण, उत्पीडन, चोरी र डकैती निर्मूल गर्ने कार्य संचालन गरे ।

उनीहरुले किसानहरुलाई उत्पीडन गर्ने, हत्या गर्ने र लुट्ने ग्यांगका नेता एल चिनो चाङ्ग र अन्य दुई जना लुटेराहरुलाई गिरफ्तार गरेर जन अदालत मार्फत गोली हानी हत्या गर्ने फैसला सुनाए । तर क. फिडेलले एक पटक सुध्रने मौका दिनुपर्छ भन्ने अडान राखेपछि ती तीन जनालाई आँखामा पट्टीले बाँधी प्रतीकात्मक रुपमा हवाई फायर गरी मृत्यु दण्डको सजाय दिइयो, तर मारिएन । यो सजाय भोगेपछि 'पुनर्जन्म' पाएका ती तीनै जनाले क्रान्तिको सेवा गर्ने अनौठो बचन-वद्धता प्रकट गरी छापामार दस्तामा सहभागी भए ।

यस अनौठो घटनाका प्रत्यक्षदर्शी अभमेरिकी पत्रकार एवं सी.आई. ए. का एजेण्ट एन्ड्रयू जर्जले अमेरिकी पत्रिका 'लूक' (LOOK) मा त्यस वर्षकै सबैभन्दा सनसनीपूर्ण रिपोर्ट प्रकाशित गऱ्यो, जसका लागि ऊ पुरस्कृत समेत भयो ।

त्यसको दुई-तीन दिन पछाडि डायोनिग्गियोको लुटेरा दलका साथै दुई जना सरकारी जासूसहरुलाई समातेर सजाय दिइयो । लुटेरा दलका सबै व्यक्तिहरु क्रान्तिप्रति सहानुभूति देखाईकन मरे भने दुई जना जासूस मध्ये एक इच्चेभेरिया चाहिं 'ग्रान्मा अभियान' मा संलग्न एक कमरेडकै भाइ भएकोले उसले आफ्नो अपराध स्वीकारी एउटा लामो पत्र आफ्नी आमाको नाममा लेख्यो । पत्रमा आफ्नी आमालाई क्रान्तिप्रति बफादार भइरहन अनुरोध गरिएको थियो । अर्को जासूस एल माइस्त्रो भने पहिलेकै छापामार थियो । उसलाई छापामारहरु बीच जासूसी गरेको र एउटी सानी किसान केटीमाथि बलात्कार गरेको कारणले मृत्युदण्डको सजाय दिइएको थियो ।

यस अतिरिक्त एल हम्बरितो उपत्यकामा १९५७ को अक्टोबरको अन्ततिर ती छापामारहरु फर्केर गए । त्यहाँ नयाँ ढंगले आफ्नो क्रान्तिकारी प्रशासन स्थापित गरियो । यस भन्दा अघि सियरा माइस्त्राका मुक्त पहाडी इलाकाहरुमा तिनीहरुले क्रान्तिकारी प्रशासन स्थापना गर्ने काम थालिसकेका थिए । यसकै निरन्तरता स्वरुप एल हम्बरितो उपत्यकामा उनीहरुले आफ्नो लाल इलाकाको प्रतिरक्षा प्रणाली विकसित गरे । त्यस्तै, हवानाबाट आएका दुई जना प्रतिभाशाली विद्यार्थीहरुको सहयोगमा सानो जल विद्युत आयोजना संचालन गर्ने, EL CUBANO LIBRE नामक अखबार प्रकाशित गर्ने र साँचेज मोस्कुएराको सेनाको आक्रमणको प्रतिरोध गर्ने तयारी गर्न थालियो ।

## कोनराडका शिखरहरूमा युद्ध

यसैबीच, मार वर्देमा भएको युद्धले सान्ता आनामा आफ्नो अड्डा जमाएर बसिरहेको साँचेज मोस्कुएराका सेनाहरुलाई ललकाऱ्यो । त्यो युद्ध भएको चार-पाँच दिनपछि नै साँचेजको सेनाले एल हम्बरितो आउने सिधा बाटोबाट छापामारहरुलाई आक्रमण गर्ने लक्ष्यसहित हिंड्दा बीच बाटैमा छापामारहरुको छापामार आक्रमणको अकस्मात सामना गर्न पऱ्यो । भूमि-बम सहित अकस्मात गरिएको सो आक्रमणका कारणले साँचेजको सरकारी सेना भाग्न बाध्य भयो ।

८ डिसेम्बरमा पुनः साँचेजका सेनाहरु छापामारहरुमाथि आक्रमण गर्न कोनराडका शिखरहरुमा अगाडि बढ्न थाले । कैयौं दिनदेखि ढुकेर बसिरहेका छापामारहरु र सेनाबीच भीषण युद्ध भयो । उक्त युद्धमा क. चे M1 राइफलको बुलेटले गर्दा घाइते हुनुभयो भने सरकारी सेनाका जवानहरुले आफ्नो ठूलो नोकसानी सहेर पनि कोनराडका शिखरहरमाथि कब्जा जमाए । र, लुट्नसम्म लुटेर १९५७ को अन्ततिर उनीहरु आफ्नै गढमा फर्केर गए ।

कोनराडको युद्धमा केही पछि हटेका छापामारहरुले छापामार युद्ध शुरु भएको ठीक १ वर्षपछि पुनः आफ्नो शक्ति सुदृढीकरण गर्ने, राजनीतिक नेतृत्व कायम गर्ने र गाउँ गाउँमा आधारभूत औद्योगीकरणको योजना लागू गर्ने काम गर्दै गए ।

सियरा माइस्त्राका पहाडहरु मुक्त भएपछि छापामारहरु त्यहाँका गाउँहरुमा गई जनतासँग नजीकको सम्बन्ध कायम गर्न पनि स्वतन्त्र भए । पराजयले जस्तै विजयले समस्याहरुको पोको बोकेर ल्याउँदोरहेछ । ती समस्याहरु हल नगरीकन आगामी सफलताको लागि अगाडि बढ्न नै नसकिनेरहेछ । एल उवेरो विजयपछि दोस्रो चरणमा प्रवेश गरेको छापामार युद्धले अर्द्ध-स्थायी क्याम्प खडा गरी छापामार पंक्तिको विस्तार गर्न थालेको थियो । अब बढ्दो छापामार पंक्तिलाई व्यवस्थित गर्ने समस्या आइपऱ्यो । यसको लागि अत्यावश्यक खाद्यान्न, हातहतियार अन्य सप्लाईहरु पूर्ति गर्नका लागि सेवा र सप्लाई सम्बन्धी शाखाहरु खोलेर व्यवस्था गरियो । र, यसरी क्रान्तिकारी सरकारको भ्रुण जन्मिन थाल्यो ।

## क्रान्तिकारी सरकारको भ्रुण

छापामार युद्धका जटीलता र समस्याहरुले छापामारहरुलाई घच्घच्याउँदै क्रान्तिकारी सरकारका भ्रुणहरु निर्माण गर्ने स्थितिसम्म पुऱ्याइछाडे । उनीहरुले सियरा माइस्त्राका मुक्त इलाकाहरुमा सस्याना ग्रामीण उद्योगहरु, रेडियो स्टेशन र अस्पतालहरु निर्माण गरे । न्यायपूर्ण कानूनहरु बनाई लागू गरियो । जनअदालतहरु मार्फत् न्याय सम्पादन गरियो । र, क्रान्तिकारी सरकारका काम-कारवाहीहरु र छापामार संघर्षलाई विस्तृत गर्नका लागि व्यापक रुपमा प्रचार अभियान चलाइयो ।

सियरा माइस्त्राका पहाडहरु मुक्त भएपछि आएका नयाँ नयाँ चुनौतिहरुको सामना गर्दै क्रान्तिकारी सरकारको भ्रुण निर्माणमा क. चेको विशेष भूमिका रह्यो । छापामारहरुमध्येको उच्च पद-कमाण्डर पदमा चुनिनु भएका क. चेले मूलतः छापामारहरुका लागि अत्यावश्यक सप्लाईको व्यवस्था गर्नु भएको थियो । त्यसका अतिरिक्त, अस्पतालको संचालन, हतियार कारखानाको निर्माण, हवानाबाट प्राप्त हुने छापामार वर्दीको कपडाबाट निर्माण गर्ने सिलाई कारखानाको व्यवस्थापन, बेकरी र प्रेसको संचालन गरी उहाँले छापामार युद्धलाई व्यवस्थित गर्नु भएको थियो ।

क्रमशः...



क. क्यास्त्रो र क. चे ग्वेभारा एकसाथ संघर्ष गर्नुहुँदै


# के संसद विघटनको सिफारिस गर्नु फासीकरणको उत्कर्ष थियो ?

मूल्याङ्कनको अंक ३१ मा खगेन्द्र संग्रौलाको एउटा आलोचनात्मक लेख प्रकाशित भएको छ- 'वाम एकता कि वाम विसर्जन ?' शीर्षकमा । त्यस लेखमा मूल्याङ्कनकै अंक २९ मा प्रकाशित मैले लेखेको आवरण कथा- 'के आगामी सरकार वाम सरकार हुन सक्छ ?' मा उठाइएका केही मुख्य प्रस्थापनाहरुबारे उहाँले आफ्नो आलोचनात्मक विचार अघि सार्नु भएको छ ।

यो आलोचनाले नेपालमा अहिले भर्खरै घटिरहेका घटनाहरुलाई कसरी हेर्ने र विश्लेषण गर्ने भन्नेबारे बहस-छलफल गर्न राम्रो मौका सिर्जना गरेको छ । साथै मूल्याङ्कनले कतै आफ्ना पूर्व बाचाहरुलाई विर्सन थालेको त होइन भन्ने प्रश्न उठाइदिएर हामीलाई उहाँले आफ्ना वाचाहरुप्रति सजग हुन पनि उत्प्रेरित गर्नु भएको छ । यस परिप्रेक्ष्यमा म खगेन्द्र संग्रौलालाई आलोचनाको निम्ति धन्यवाद दिन चाहन्छु ।

उहाँको आलोचना मुख्य रुपले दुई वटा सवालमा केन्द्रित देखिएको छ- एउटा, एमाले सरकारले मध्यवाधि चुनावको घोषणा गरेकोलाई मैले 'खरावहरु मध्येको बेस विकल्प' भनेकोमा; अर्को, मध्यावधि चुनाव भएमा एमाले लगायत तमाम वामपन्थी शक्तिहरुले व्यापक एकता कायम गर्नुपर्छ र संयुक्त वाम सरकार स्थापना गर्नुपर्छ भन्ने प्रस्थापना मैले आफ्नो लेखमा अघि सारेकोमा ।

यिनै दुई सवालमा मुख्य रुपले आधारित भएर उहाँले 'मूल्याङ्कनले आफ्नो प्रकाशनताकाको दुई वटा वाचाहरु विर्सँदै गएको' र 'सस्तो लोकप्रियता कमाउने व्यापारिक बाटोतिर मूल्याङ्कन लहसिँदै गएको' जस्ता अति गंभीर आरोपहरु समेत लगाउनु भएको छ । उहाँको टिप्पणी छ- मूल्याङ्कनको खालि त्यो अंकको मेरो लेखमा मात्र होइन, निकट विगतका अंकहरुमा पनि यो प्रवृत्ति निकै मुखर हुँदै गएको छ ।



सर्वप्रथम, हामी पहिलो सवालबारे नै छलफल गरौं ।

मैले आफ्नो लेखमा एमाले सरकारले प्रतिनिधि सभा विघटन गरेर मध्यावधि चुनावको घोषणा गर्नुलाई खरावहरु मध्येको 'सबभन्दा कम खराव' वा 'खरावहरु मध्येको बेस विकल्प' भनेको छु । खगेन्द्र संग्रौलाको यसमा कडा आपत्ति छ । उहाँको भनाइ छ- "यो खराबहरु मध्येको कम खराव वा बेस विकल्प होइन, यो 'खतरनाक विकल्प' हो ।"

उहाँले यसको लागि के कारण अघि सार्नु भएको छ भने- मध्यावधि चुनाव घोषणा गर्न एमाले सरकारले राजालाई गुहार्नु 'सत्रसाले फौजी काण्डलाई जानाजान आमन्त्रण गर्नु पनि हुनसक्छ ।'

एमाले सरकारको यसपालाको मध्यावधि निर्वाचनको घोषणा र पोहोर गिरिजा गूटको मध्यावधि निर्वाचनको घोषणालाई खगेन्द्रजीले एउटै तूलोमा राख्नु भएको देखिएको छ । किनभने, उहाँको दृष्टिमा दुवैले मध्यावधि चुनावको घोषणा गर्न दरवारलाई गुहार्ने काम गरेका छन् र यो गुहार्नेहरुले 'छयालीस सालको जन-आन्दोलनको दवावको कारण यताउता छरिन गएको दरवारको शक्तिलाई बटुलेर दरवारकै पाउमा सुम्पुवा गर्ने कामलाई बढावा दिएका' छन् ।

खगेन्द्रजीको तर्क छ- 'आफ्नो कुर्सी जोगाउनको निम्ति राजतन्त्रको शरणमा पर्नुभन्दा कांग्रेस र राप्रपाको अविश्वासको प्रस्तावको सामना गर्नु र बरु पराजित हुनु एमाले नेतृत्वका निम्ति संसदीय मान्यताका दृष्टिले बढी प्रजातान्त्रिक र जनपक्षीय कदम हुन सक्थ्यो ।' किनकि, खगेन्द्रजीको ठम्याइमा 'कांग्रेस र राप्रपा जतिसुकै दक्षिणपन्थी शक्ति किन नहोऊन्, ती शाही संसदीय मान्यता अन्तर्गत जन निर्वाचित शक्ति हुन् । तर राजतन्त्र भनेको जननिर्वाचित शक्ति होइन ।' खगेन्द्रजीको भनाइ छ- 'सत्ता स्वार्थका निम्ति व्यक्ति विशेषलाई गुहार्नु र सिंगो राष्ट्र र जनताको भाग्यको साँचो सामन्तवादलाई सुम्पिदिनु भनेको संसदीय व्यवस्थाको फासीकरणको उत्कर्ष हो । यो संसदीय प्रजातन्त्रको परित्याग र राजावादको अवलम्बन गर्ने दिशातर्फको हनुमान फड्को हो ।'

खगेन्द्रजीको यो तर्क र तर्कपद्धति दुवैमा म पटक्कै सहमत हुन सकिंन ।

यो ०४६ सालको जन-आन्दोलनको तागतको सीमा हो कि- त्यसले सामन्तवादी निरंकुश राजतन्त्र समाप्त पाऱ्यो र त्यसको ठाउँमा पूँजीवादी संसदीय प्रणाली स्थापना गऱ्यो, तथापि त्यसले राजतन्त्रलाई पूरै खत्तम पार्न सकेन । त्यो सामन्तवादी अवशेष संवैधानिक राजतन्त्रका रुपमा यहाँ बाँकी रहिरह्यो, जापान, बेलायत, डेन्मार्कमा जस्तै । हाम्रो यहाँको यथार्थ के रह्यो भने- जनता राजतन्त्र विरोधी हुँदै आउँदा पनि आन्दोलनको नेतृत्व आफैं राजतन्त्रको पूर्ण ध्वंशका लागि वैचारिक-सांगठनिक दुवै किसिमले तम्तयार रहेन । यो जन आन्दोलनको तागतको ऐतिहासिक सीमाका कारणले हामीले नेपालमा संवैधानिक राजतन्त्र व्यहोर्नु पऱ्यो । जनक्रान्तिले यो व्यवस्थालाई अन्त नगरेसम्म यही संवैधानिक राजतन्त्र हामीले भोगिरहनु पर्ने भएको छ । यो हाम्रो ऐतिहासिक वाध्यता हो ।

यो सामान्य ज्ञानको कुरा हो कि संवैधानिक राजतन्त्र भएको कुनै पनि मुलुकमा संसद विघटन गर्नुपऱ्यो भने निर्णय सरकारले गर्छ, तर विघटनको औपचारिक घोषणा सरकारको सिफारिसमा राजामार्फत गराइन्छ । यो सबै संवैधानिक राजतन्त्र भएका मुलुकको आम प्रचलन हो । नेपालमा पनि यस्तै प्रचलन संविधानमा व्यवस्था गरिएको छ ।

के कुरा विवाद र बहसको विषय हुन सक्छ भने- एमाले सरकारमा जानु नै ठीक थियो कि थिएन ? सरकारमा गएपछि तात्कालीन ऐतिहासिक परिस्थितिमा नेपालको क्रान्ति र वर्ग

> खगेन्द्रजीको यो तर्क र तर्कपद्धति दुवैमा म पटक्कै सहमत हुन सकिंन

संघर्षको विकासको हिसाबले संसद विघटनको सिफारिस गर्नु तुलनात्मक रुपले बढी उपयुक्त थियो कि थिएन ? अथवा, त्योभन्दा बढी उपयुक्त विशेष अधिवेशन हुन दिएर अविश्वासको प्रस्ताव सामना गर्नु र कांग्रेस-राप्रपा-सद्भावनाको संयुक्त सरकार बन्न दिनु पो हुन्थ्यो कि ? अथवा, त्यो भन्दा उन्नत विकल्प पनि कुनै थियो कि ? नेकपा (मसाल) ले जस्तो मध्यावधि चुनाव महँगो हुनुको कारणले संसद विघटन बेठीक भन्ने तर्क पनि विचार र बहसको विषय हुन सक्छ ।

तर निर्णय गर्ने त मंत्री परिषदले नै हो, र विघटनको घोषणा गराउने राजामार्फत नै हो । सरकारमा गएपछि यो व्यवस्था बाँकी रहेसम्म संसद् विघटन गर्ने औपचारिक प्रक्रिया र संवैधानिक बाटो नै यही हो, अर्को उपाय नै के छ ? र संसद् विघटन गर्न यो बाटो अप्नाइयो भनेर चकित हुनुपर्ने कुरा नै के छ ?

तर खगेन्द्र संग्रौलाले भने संसद विघटन गर्न एमाले सरकारले राजालाई

## खगेन्द्र संग्रौलाको आलोचनाको प्रत्युत्तर



**खगेन्द्र संग्रौलाको तर्कअनुसार, राजा अनिर्वाचित शक्ति हो, कांग्रेस र राप्रपा चाहिँ निर्वाचित शक्ति हुन्**





## खगेन्द्रजी भन्नुहोला, आखिर संसद् विघटनको बाटोबाट जाँदा पनि त कांग्रेस-राप्रपाको प्रतिक्रियावादी गठबन्धन सरकार त आईहाल्यो । अनि फरक पर्‍यो नै के ?

सिफारिस गरेकै आधारमा यस औपचारिक प्रक्रिया अप्नाउने कामलाई 'राजा गुहार्नु' र 'सत्रसाले फौजी काण्डलाई जानाजान आमन्त्रण गर्नु' भन्नु भएको छ । यसलाई उहाँले 'छयालीस सालको जन-आन्दोलनको दवाबको कारण यताउता छरिन गएको दरबारको शक्तिलाई बटुलेर दरबारकै पाउमा सुम्पुवा गर्ने काम' बताउनु भएको छ । यहाँसम्म कि- उहाँले यसलाई 'संसादीय प्रजातन्त्रको परित्याग र राजावादको अवलम्बन गर्ने दिशातर्फको हनुमान फड्को' जस्ता अति गंभीर र संवेदनशील आरोपले आरोपित समेत गर्नु भएको छ । यही आधारमा उहाँले संसद् विघटनलाई 'खतरनाक विकल्प' ठहर्‍याउनु भएको छ ।

उहाँको तर्क छ- एमाले सरकारले यसरी राजालाई गुहारेर संसद विघटन गर्नुभन्दा बरु संसदमा अविश्वासको प्रस्ताव सामना गर्नु र हार्नु जाती थियो । किनभने, उहाँको तर्क अनुसार, राजा अनिर्वाचित शक्ति हो, कांग्रेस र राप्रपा चाहिं निर्वाचित शक्ति हुन् । अनिर्वाचित शक्ति विशेषको शरणमा जानु उहाँको नजरमा संसदीय व्यवस्थाको फासीकरणको उत्कर्ष हो । त्यसको वदला संसद्को विशेष अधिवेशनमा निर्वाचित शक्तिको अविश्वासको प्रस्ताव सामना गर्नु र बरु पराजित हुनु 'संसदीय मान्यताका दृष्टिले बढी प्रजातान्त्रिक र जनपक्षीय कदम हुन्थ्यो ।

खगेन्द्र संग्रौला एक जना स्थापित मार्क्सवादी साहित्यकार हुनहुन्छ । म उहाँलाई यसै आधारमा चिन्दछु र आदर गर्छु । तर ममा उठेको प्रश्न के हो भने- के ऐतिहासिक घटना-क्रमलाई हेर्ने र विश्लेषण गर्ने उहाँको यो दृष्टिकोण र पद्धति मार्क्सवादी भयो त ?

मार्क्सवादीहरुले त कुनै पनि घटनाक्रम र कामको मूल्याङ्कन गर्दा क्रान्तिकारी र क्रान्तिमुखी वर्ग-दृष्टिकोण प्रयोग गर्छन् । त्यो उपलब्ध अर्को विकल्पसित तुलना गर्दा क्रान्ति र श्रमिक वर्गको वर्ग-संघर्षको विकासको भविष्यका हिसाबले तुलनात्मक रुपमा बढी उपयुक्त थियो कि थिएन ? त्यसले श्रमिक वर्गको वर्ग संघर्ष र क्रान्तिको विकासलाई जम्माजम्मीमा तुलनात्मक रुपले बढी फाइदा पुर्‍याउँथ्यो कि कम ? उनीहरु त हरेक कामलाई यही सामाजिक क्रान्ति र श्रमिक वर्गको संघर्षको तुलनात्मक फाइदाको धरातलमा राखेर मूल्याङ्कन गर्छन् । र, त्यही आधारमा उनीहरु सर्वश्रेष्ठ विकल्प रोज्छन् । उनीहरुसित सर्वश्रेष्ठ विकल्प छैन भने तुलनामा बढी फाइदा गर्ने विकल्प रोज्छन् ।

मूल्याङ्कनको यही छडी नेपालको गत जेठको ऐतिहासिक घटनाक्रममा पनि लागू हुन सक्छ ।

एमाले सरकारले त्यतिखेर संसद् विघटन गर्नु उपयुक्त थियो कि षड्यन्त्रपूर्ण ढंगले डाकिएको विशेष अधिवेशनमा अविश्वासको प्रस्ताव सामना गर्नु ?

यो घटनाक्रममा पनि एक जना मार्क्सवादीले क्रान्तिकारी वर्ग दृष्टिकोण प्रयोग गरेरै उपलब्ध विकल्पहरुको मूल्याङ्कन र छनौट गर्नुपर्दछ भन्ने मलाई लाग्दछ ।

कुनै कुरा प्रतिक्रियावादी वर्गहरुले के नियतले यतिखेरै किन गर्न लाग्दैछन् ? त्यसले जम्माजम्मीमा समाजलाई कुन दिशामा लैजान्छ ? त्यतिखेर त्यो परिस्थितिमा उपलब्ध अर्को विकल्प के थियो ?- यी कुराहरुबारे सूक्ष्म दृष्टि नपुर्‍याई अनिर्वाचित शक्तिलाई गुहारेर गरेका काम जति सबै बेठीक, निर्वाचित शक्तिसँग संबद्ध भएर गरेका काम जति सबै ठीक भनेर घटनाक्रमको मूल्याङ्कन गर्ने हो भने कुनै घटनामा पनि सही निष्कर्ष निकाल्न असंभव हुनेछ ।

यो जगजाहेर छ- कांग्रेस र राप्रपाहरुले एमालेका केही सुधारवादी कामहरुबाट समेत आफ्नो अस्तित्वको टड्कारो संकट महशूस गरेकाले उसलाई पहिलो पूर्ण बजेट र कार्यक्रम समेत पेश गर्न नदिएर चाँडो भन्दा चाँडो सत्ताच्यूत गर्न संसद्को नियमित अधिवेशन नाकैमुनि हुँदाहुँदै संसदको विशेष अधिवेशन डाकेका थिए ।

त्यस ऐतिहासिक परिस्थितिमा एक जना मार्क्सवादीले हेर्नु पर्ने कुरा के हो भने- एमाले सरकारले तात्कालीन परिस्थितमा संसद्को विघटन गरेर मध्यावधि चुनाव गर्दा नेपालको क्रान्ति र श्रमिक वर्गको वर्ग संघर्षको विकासको हिसाबले तुलनात्मक रुपमा बढी फाइदाजनक हुन्थ्यो कि अविश्वासको


A WHOLE WORLD OF OPPORTUNITIES



नेपाल इण्डोस्वेज बैंक लि.
NEPAL INDOSUEZ BANK LTD.
MEMBER OF THE BANQUE INDOSUEZ GROUP

Durbar Marg, P.O. Box 3412, Kathmandu, Nepal, Tel: 228229, Tlx: 2435, 2328 INDOSU NP, Fax: 226349, 228927

INCORPORATED IN NEPAL WITH LIMITED LIABILITY



फोटो : चन्द्रशेखर/कान्तिपुर

## आखिर हालको राजा, कांग्रेस र राप्रपामा वर्ग प्रतिनिधित्वको हिसाबले तात्विक अन्तर नै के छ ?

प्रस्ताव व्यहोरेर, कांग्रेस, राप्रपा र सद्भावनाको प्रतिक्रियावादी गठबन्धन सरकार बन्न दिंदा ? दुई मध्ये कुनमा तुलनात्मक रुपले बढी फाइदा थियो ? र, संसद् विघटन नगर्दा विकल्प के थियो ?

हरेक मार्क्सवादीले घटनाक्रमलाई हेर्ने क्रान्तिमुखी वर्ग दृष्टिकोण यही नै हो ।

यस वर्ग- दृष्टिकोणबाट हेर्दा एमाले सरकारसित उपलब्ध विकल्प त्यतिखेर एउटै थियो, त्यो हो- संसद्को विशेष अधिवेशनमा अविश्वासको प्रस्तावको सामना गर्नु । यो विकल्प रोज्दा नेपाली समाज त्यतिखेरै कांग्रेस र राप्रपाहरुको प्रतिक्रियावादी गठबन्धन सरकार बन्ने दिशामा सोझै जान्थ्यो । घटनाक्रम त्यो दिशामा जानु नेपालको क्रान्ति र श्रमिक वर्गको वर्ग-संघर्षको विकासको निम्ति बढी नोक्सानीपूर्ण र खतराजनक हुन्थ्यो ।

यही हिसावले यो विकल्पको तुलनामा संसद विघटन गर्ने विकल्पलाई मैले खरावहरु मध्येको बेस विकल्प भनेको हुँ । किनकि यसो गर्दा देशमा एमालेको सुधारवादी सरकार कायम रहन्थ्यो । र, यो स्थिति नेपालको क्रान्ति र वर्ग संघर्षको विकासको लागि कांग्रेस-राप्रपाको चरम प्रतिक्रियावादी गठबन्धनको तुलनामा बढी अनुकूल हुन्थ्यो ।

यो वर्ग-दृष्टिकोण अप्नाउँदा हरेक मार्क्सवादीले क्रान्तिको तुलानात्मक फाइदा के गर्दा हुन्छ ? श्रमिक वर्गको वर्ग-संघर्षलाई तुलनात्मक फाइदा के गर्दा हुन्छ ? सूक्ष्म रुपमा त्यो हेरेर मात्र हरेक घटनाक्रममा विकल्पलाई मूल्याङ्कन गर्ने र क्रान्तिमुखी विकल्प छनौट गर्ने संभावना पैदा हुन्छ ।

तर खगेन्द्रजीले भने घटनाक्रमलाई हेर्न यस्तो वर्ग-दृष्टिकोण अप्नाउनु भएको देखिएन । कुन काम गर्दा क्रान्तिलाई तुलनात्मक रुपले बेसी फाइदा हुन्छ ? त्यो हिसाबले हरेक ऐतिहासिक घटनाक्रममा विकल्पहरु रोज्नुको साटो अनिर्वाचित शक्ति हुनाले राजालाई सिफारिस गरेर त्यसमार्फत गरेका काम जति 'खतरनाक विकल्प', बरु निर्वाचित शक्ति हुनाले कांग्रेस-राप्रपाकै गठबन्धन सरकार आए पनि उनीहरुको अविश्वासको प्रस्ताव सामना गर्नु ठीक विकल्प, घटनाक्रमलाई हेर्ने उहाँको यो दृष्टिकोण एकांगी, छिपछिपे र सतही रह्यो । यो बस्तुवादी वर्ग-दृष्टिकोण भएन ।

मेरो खगेन्द्रजीलाई प्रश्न के छ भने- आखिर हालको राजा, कांग्रेस र राप्रपामा वर्ग प्रतिनिधित्वको हिसाबले तात्विक अन्तर नै के छ ? के उनीहरु अलग अलग वर्गको प्रतिनिधित्व गर्छन् ? के कांग्रेस-राप्रपा चाहिं वर्गीय हिसाबले राजाभन्दा प्रगतिशील र जनपक्षीय वर्गका प्रतिनिधि हुन ?

मैले त अहिले उनीहरुको वर्ग-चरित्रमा कुनै तात्विक भिन्नता देखिरहेको छैन ।

खगेन्द्रजी भन्नुहोला, आखिर संसद् विघटनको बाटोबाट जाँदा पनि त कांग्रेस-राप्रपाको प्रतिक्रियावादी गठबन्धन सरकार त आईहाल्यो । अनि फरक पऱ्यो नै के ? यो साँचो हो, गठबन्धन सरकार त आई नै हाल्यो । तर यो पूँजीवादी अदालत जनताको आँखामा नांगै किसिमले पक्षपाती ठहरिने मूल्यमा आएको छ । पूँजीवादी अदालत पनि निष्पक्ष हुँदोरहेनछ, त्यसले निर्णायक घडीमा पूँजीपति वर्गकै पक्ष लिंदोरहेछ- यो कुरा जनसमक्ष उदांगो देखिने गरी हालको गठबन्धन सरकार आएको छ । पूँजीवादी अदालत जनताको आँखामा यति प्रष्टसित नांगिनु पनि क्रान्तिको भविष्यको निम्ति निकै उपयुक्त र अनुकूल कुरो हो । हिजो संसद् विघटन नभएको भए- अदालत यति राम्रोसित नांगिने यो घटना घट्नै पाउने थिएन । मुख्य फरक यसैमा परेको छ ।

यसो भए संसद् विघटन गर्ने घटनालाई सर्वश्रेष्ठ विकल्प नै भनीदिए भइहाल्यो नि ! किन यसलाई खरावहरु मध्येको असल विकल्प भनियो त ? प्रश्न यो पनि उठ्न संभव छ ।

यस्तो भन्नुका कारणहरु छन् ।

कुनै पनि घटनालाई अलगथलग रुपमा हेर्नु वैज्ञानिक हुँदैन । हरेक घटनालाई त्यो कसरी विकास हुँदै यो विन्दुमा पुग्यो भनेर ऐतिहासिक विकास क्रममा हेर्नुपर्छ । यसरी हेर्नु मात्र वैज्ञानिक हुन्छ ।

यसरी हेर्दा संसद विघटन गर्ने विन्दुमा एमाले सरकार पुग्नुअघि ऊसित सर्वश्रेष्ठ विकल्प भएको, तर त्यो प्रयोगै नगरेको देखिन्छ । एमालेले चुनावैदेखि अलगावमुखी नीति अप्नाउँदै एक्लै मैमत्त ढंगले अघि बढ्ने कार्यनीति अप्नायो । सरकारमा आएपछि पनिकुर्सी स्वार्थलाई नै प्रमुख विषय बनाएर उसले अलगावमुखी कार्यनीति नै अप्नाइरह्यो । क्रान्तिकारी जनबल सिर्जना गर्ने र क्रान्तिकारी शक्तिहरुसित एकतावद्ध हुने र त्यसैका आधारमा टिक्ने नीति लिनुको सट्टा मूलतः प्रतिक्रियावादी शक्तिसितको कूटनीतिद्वारा नै टिक्ने नीति एमालेले अख्तियार गऱ्यो । यही कारणले एमाले सरकार नौ महीनामै चारैतिरबाट एक्लो पऱ्यो । वर्ग दुश्मनले उसलाई पत्याएन, वर्ग-मित्रहरुले उसलाई छोडे । जनताहरु पनि उसको पक्षमा संगठित तवरले मैदानमा उत्रने स्थितिमा रहेनन् ।

यसको सट्टा एमालेले क्रान्तिकारी सुधारको साझा कार्यक्रमका आधारमा व्यापक एकताको कार्यनीति अप्नाउन संभव थियो । मुख्य प्रतिक्रियावादी तत्वलाई मात्र एक्ल्याउँदै बाँकी सबैलाई नीति निर्णयमा समेत सहभागी गराउँदै-भटाभट क्रान्तिमुखी सुधारहरु गर्नु र तल उठ्ने वर्ग संघर्षलाई ढालको रुपमा रक्षा गर्नु र क्रान्तिकारी जनबल सिर्जना गर्नु नेपालमा बिल्कूलै संभव थियो । यस्तो काम गर्दा संसद्को बहुमतले लगातार छेक्यो भने, त्यतिखेर संसदको विघटन गर्नु सर्वश्रेष्ठ विकल्प हुन्थ्यो । जनताले त्यतिखेर प्रत्यक्ष व्यवहारद्वारा स्पष्ट बुझ्थ्यो कि पूँजीवादी संसद उनीहरुको विकासको बाधक छ । जनताले यसरी बुझ्नु क्रान्तिकै विकासको हितमा हुन्थ्यो । तर एमालेले यो क्रान्तिकारी कार्यनीति र सर्वश्रेष्ठ विकल्प अभ्यास नै गरेन । ऊ मार्क्सवादी बाटो छोडेर संसदीय बाटोको दायरामै सीमित भयो र पूँजीवादी संसदप्रतिको जनताको भ्रम हटाउने होइन, बढाउने दिशातिर अग्रसर भयो ।

अन्तिम घडीमा एमाले एक्लो पर्नु र एक्लै संसद् विघटन गर्ने विन्दुमा





**Nepal Airways in your neighbourhood**

**Maharajgunj Sales Office**
Hotel Karnali, Chakrapath
Tel: 411688

**Kalimati Sales Office**
Kalimati, Chowk
Tel: 272873

**Baneshwor Sales Office**
Old Baneshwor Chowk
Tel: 477169

**Pulchowk Sales Office**
In front of Shaja Yatayat
Tel: 522935

**Nepal Airways**

P.O. Box : 8922
Hattisar, Kamalpokhari, Kathmandu, Nepal
Tel : 412388, 412389, 410134, 410091
Tlx : 2256 HOKAT NP. Fax : 977-1-420585

Impact 214789

पुग्नु त खालि परिणाम मात्रै थियो, उपरोक्त सर्वश्रेष्ठ विकल्प अभ्यास नै नगर्नुको परिणाम । नत्र एमालेलाई यति सजिलै सत्ताच्यूत गर्नु गाह्रो हुन्थ्यो, असंभव नभए पनि । अन्तमा, एमाले जब एक्लो पर्‍यो र प्रतिक्रियावादीहरु उसलाई तुरुन्त सत्ताच्यूत गर्न षड्यन्त्रमूलक ढंगले विशेष अधिवेशन डाक्न उद्यत भए, त्यतिखेर त सबै विकल्पहरु खरावै खराव मात्र थिए । कुर्सीको स्वार्थको लागि संसद् विघटन गर्नु पनि खरावै विकल्प थियो । फगत कुर्सीकै लागि कुनै जायज तर्क र आधारविना संसद्को विशेष अधिवेशन डाक्नु र अविश्वास प्रस्ताव पास गर्न खोज्नु पनि खरावै विकल्प थियो । यी दुई खरावहरुमध्ये कम खराव वा खरावहरुमध्ये बेस विकल्प मात्र छनौट गर्ने ठाउँ बाँकी थियो । यही परिप्रेक्ष्यमा संसद् विघटन गर्नुलाई मैले खरावहरुमध्येको वेश वा कम खराव विकल्प भनेको हुँ ।

**अझै सेना, प्रहरी र प्रशासनयन्त्रको निकै ठूलो भाग राजतन्त्रप्रति आस्थावान बाँकी रहेकाले राजतन्त्रको भूमिकाप्रति हमेशा सजग बन्नुपर्छ भन्ने कुरामा म खगेन्द्रजीको भावनासित सहमत छु ।**

तर खगेन्द्रजीले भने राजालाई एमाले सरकारले संसद विघटन गर्न सिफारिस गर्‍यो भन्ने एउटा औपचारिक प्रकृया विशेषको आधारमा यसलाई 'खतरनाक विकल्प' भन्नु भएको छ ।

यो हामी दुईको ऐतिहासिक घटनाक्रमलाई हेर्ने विश्व-दृष्टिकोणको भिन्नताले गर्दा हुन गएको निष्कर्षको भिन्नता हो ।

हाम्रो मुलुकमा अझै सेना र प्रहरी र प्रशासनयन्त्रको निकै ठूलो भाग राजतन्त्रप्रति आस्थावान बाँकी रहेकाले राजतन्त्रको भूमिकाप्रति क्रान्तिकारहिरु हमेशा सजग बन्नुपर्छ भन्ने कुरामा म खगेन्द्रजीको भावनासित सहमत छु । तर यहाँ हाम्रै कमजोरीले बाँकी रहेको संवैधानिक राजतन्त्र संवैधानिक व्यवस्थाको रुपमा बाँकी रहुंजेल सरकारमा गएपछि तपाईंले संसद् विघटन गर्ने निर्णय गर्नुहोस्, राजामार्फत नै गर्नुपर्छ, संसद्को अधिवेशन डाक्नुहोस्, राजामार्फत नै गर्नुपर्छ, मन्त्री र राजदूत फेर्नुहोस्, राजामार्फत नै गर्नुपर्छ । यो यहाँको अहिलेको शक्ति सन्तुलनको ऐतिहासिक वाध्यता हो । यस मुताविक संसद विघटन गर्न राजालाई औपचारिकतावश सिफारिस गर्नासाथ राजा गुहारेको देख्ने, राजाको पाउमा आत्मसमर्पण गरेको देख्ने, राजावादी भएको देख्ने, १७ सालको फौजी काण्ड दोहर्‍याउन थालेको देख्ने हो भने कुनै पनि ऐतिहासिक घटनाक्रमको बस्तुवादी र न्यायपूर्ण मूल्याङ्कन संभव हुनेछैन । यस्तो देख्नुको मुख्य कारण हाम्रो मनोगतवादी दृष्टिकोण र भयग्रस्त मानसिकता मात्र हुनसक्छ । यो बस्तुगत यथार्थको सही प्रतिविम्ब हुन सक्दैन ।

हामी हरेक चिचिण्डोलाई भयवश हरियो सर्प देख्न थाल्छौं भने के त्यो वस्तुवादी अथवा मार्क्सवादी दृष्टिकोण हुनसक्छ ? कदापि हुँदैन । त्यो त दृष्टिभ्रम मात्रै हुन्छ । वस्तुलाई बढाई-घटाई नगरी जस्तो छ, त्यस्तै देख्न खोज्नु मात्र बस्तुवाद हो । मनगढन्त हिसावले अन्यथा देख्नु आदर्शवाद हो । मार्क्सवादीहरुले त वस्तुवादी विश्व-दृष्टिकोण नै अख्तियार गर्नुपर्छ ।

न्यायकै हिसाबले पनि संसद विघटन गर्न राजालाई सिफारिस गर्नुलाई 'राजावादी' भनिदिनु, राजाको पाउमा समर्पण भनीदिनु, १७ साले फौजीकाण्ड दोहर्‍याउन खोजेको भनीदिनु के न्यायपूर्ण आरोप हुन्छ ?

अझ खगेन्द्रजीले त संसद् विघटन गर्न राजालाई सिफारिस गर्ने कामलाई 'संसदीय व्यवस्थाको फासीकरणको उत्कर्ष हो' भन्नु भएको छ । उत्कर्ष भनेको त चरमचुली हो, जहाँ पुगेपछि त्यहाँभन्दा माथि जाने ठाउँ नै हुँदैन । नेपालको यो पटकको संसद विघटन गर्ने सिफारिस त पूँजीवादी तानाशाहीको चरमचुली भयो, खगेन्द्रजीको भनाइ अनुसार । संवैधानिक राजतन्त्र बाँकी रहुन्जेल यहाँ यस्तो सिफारिस त पटक पटक भइरहनेवाला छ । त्यो स्थितिमा चरम चुलीमा पुगिसकेको फासीकरण फेरि कति पटक चरमचुलीमा पुगिरहला त ? के हरेक पटकको संसद विघटनको सिफारिसको घटना पंटकैपिच्छे फासीकरणको उत्कर्ष ठहरीरहन सक्छ ?

यी सब कारणले खगेन्द्रजीको गत जेष्ठको संसद विघटनलाई 'खतरनाक विकल्प' भन्ने तर्क र तर्कपद्धति प्रति म सहमत हुन सकिंन । उहाँको मूल्याङ्कन वस्तुगत यथार्थलाई जस्तो छ, त्यस्तै प्रतिविम्बित गर्न खोज्नेभन्दा बेसी, पूर्वाग्रहले पो लैश भयो कि भन्ने मलाई लागेको छ ।

***स्थानको अभावले दोस्रो प्रश्नबारे हामी अर्को अंकमा मात्र छलफल गर्नेछौं ।*** ❑




# टुहुरो
# नेपाली कथानक चलचित्र

राजेन्द्रप्रसाद अधिकारी



आशिष

थाई प्रोडक्सन प्रा.लि.को प्रथम प्रस्तुतिको रुपमा युवा निर्देशक रेशराज आचार्यद्वारा निर्देशित ठूलो पर्दाको नेपाली चलचित्र हो- टुहुरो ।

यही सिनेमा हेरेर हलबाट बाहिर निस्कँदै गरेका एक दर्शकलाई "कस्तो छ त फिल्म ?" भनेर सोधें ।

"यो त हिन्दी सिनेमा जस्तो छ" उसको टिप्पणी यस्तो रहेको थियो ।

साँच्चै नै शुरुवात चाहिँ हिन्दी चलचित्र 'फूल और काँटे' को नेपाली संस्करण भैं लाग्छ- टुहुरो ।

लामो समयसम्म पनि अफ्नो बच्चा नजन्मिएको सूर्यप्रसादको दम्पतिले कसैले फ्याँकेको बच्चालाई आफ्नो छोरा रवि (भूवन के.सी) बनाउँछन् । यसको लगत्तै ती दम्पतिको आफ्नै बच्चा किरण (आशिष) पनि जन्मन्छ । यी दम्पतिले रवी र किरणलाई समान व्यवहार गरेर हुर्काउँछन् । रवि सज्जन चरित्रको हुन्छ भने किरण आवारा खालको हुन्छ । रवि पढ्नमा मन लगाउँछ, तर किरण गुण्डागर्दी र केटी जिस्काउने काममा मग्न हुन्छ ।

सूर्यप्रसादले आफ्नै उद्योग चलाएको हुन्छ । त्यसै उद्योगमा काम गर्ने योगप्रसाद उनको विश्वासपात्र हुन्छ । योगप्रसाद चाहिं सूर्यप्रसादको विश्वासको फाइदा उठाएर सो उद्योग आफ्नो हात पार्ने दाउ रच्न थाल्छ । यस काममा त्यसै उद्योगमा काम गर्ने एकाउन्टेण्ट 'लालमोहन'ले पनि योगप्रसादको योजनामा सघाउन थाल्छ ।

सूर्यप्रसाद आफ्नो उद्योगको जिम्मेवारी रविलाई सुम्पन्छ । यस कार्यले योगप्रसादको योजनामा बाधा पुग्छ । उता योगप्रसादले किरणलाई उद्योगबाट नियमित रुपमा पैसा दिएर उसको पैसाको आवश्यकता पूरा गरिदिने गरेर किरणलाई आफ्नो इशारामा नचाउन थालिसकेको हुन्छ । उद्योगमा रविको आगमनले किरणलाई पनि अप्ठ्यारो पर्न थाल्छ ।

योगप्रसाद अब किरणलाई उकासेर रविलाई उद्योगबाट हटाउन चाहन्छ र यसको निमित्त सूर्यप्रसादलाई पनि तह लगाउनु पर्ने हुन्छ । अतः योगप्रसादले यौटा योजना बनाउँछ ।

सूर्यप्रसाद चढेको कारलाई ट्रकले ठक्कर दिएर उसलाई मारिदिन्छ । यसपछि किरणलाई रवि उसको दाजु नभएर एक टुहुरो केटो भएको बताउँछ । उद्योगको खास मालिक नै किरण हुनुपर्ने र रविले उसलाई नियन्त्रण गर्ने स्थिति हुनु नहुने भनी उचाल्छ ।

यस कार्यमा योगप्रसाद सफल बन्दै जान्छ र उद्योग किरणले हेर्न थाल्छ । किरणको बदलिएको व्यवहारले रवि घर नै छाडेर बाहिरिन्छ । योगप्रसादले चलाकीसाथ नीलम ( मौसमी) सँग किरणको विवाह गरिदिन्छ ।

नीलमलाई यहाँ परिस्थितिवश बाध्य भई योगप्रसादको चंगुलमा परेकी देखाइएको छ । योगप्रसाद नीलमको हातबाट किरणलाई मार्न चाहन्छ । योगप्रसादको यो योजना रविले थाहा पाउँछ र यसको जानकारी किरणलाई गराउँछ । अन्तमा रवि र किरणको मेल हुन्छ र योगप्रसाद पराजित हुन्छ ।

**यस चलचित्रबाट सतर्क रहनुपर्ने केही कुराहरु**

❑ शैक्षिक संस्थाहरुले चलचित्रको छायाङ्कनको लागि आफ्नो संस्था प्रयोग गर्न दिंदा चलचित्रको कथा र चलचित्रले कस्तो दृष्यको लागि आफ्नो संस्था प्रयोग गर्ने हो भन्ने बारेमा सचेत भएर सोच्नुपर्ने देखिन्छ ।

यस चलचित्रमा विश्वविद्यालयमा छायाङ्कन गरिएको दृष्य छ । त्रिभुवन विश्वविद्यालय लामो समयसम्म नेपालको एक मात्र विश्वविद्यालयको रुपमा रहेको पुरानो प्रतिष्ठित संस्था हो । यसले गुण्डागर्दी, अमर्यादित ढंगले केटी जिस्काउने स्थानको रुपमा प्रशिद्धि पाएको होइन । यसको आफ्नै गरिमा र इतिहास छ । फिल्म टुहुरोमा किरणको समूहले पूजा (सिर्जना बस्नेत) लाई यही विश्वविद्यालयमा एक्लो पारेर मनलाग्दो गरी जिस्काएको, खेलाएको देखाइएको छ । यस्तो दृश्यले एकातिर विश्व विद्यालयको छविलाई विगारेको छ भने विद्यालय जाने केटाहरुले केटीलाई जे गरे पनि हुने पाठ पनि सिकाएको छ । यो र यस्ता दृश्य शैक्षिक संस्था, अभिभावक, विद्यार्थी संगठनहरु र सिङ्गो समाजको निमित्त आपत्तिजनक हुनुपर्दछ ।

❑ "यो केटीको ठीक छैन चाला, जवानीमै सुकेछ गाला" भन्ने जस्ता छाडा गीतहरुले महिलाहरुको अपमान गर्दछ । सस्तो मनोरन्जन दिने प्रयास मात्र हुन् यस्ता गीतहरु । गीतको शब्दमा हुनुपर्ने भाव र मीठासलाई छोडेर यसमा महिलाहरुलाई भद्दा तवरले अपमान गर्न खोजिएको छ र यो फिल्मले दर्शकलाई केटी जिस्काएर हुने सस्तो आनन्द प्रदान गर्न खोजेको छ । यस्तो गीतले समस्त महिलाहरु, सचेत गीतकार र गीति क्षेत्रको नै अपमान गर्दछ ।

❑ नेपालमा भारतीय शैलीको अपराध ज्यादै कम हुने गरेको छ । टुहुरो जस्ता चलचित्रहरुले आफूलाई मन लागेको दृश्य देखाउन पाउने हो भने नेपाल पनि यो समस्याबाट चाँडै नै ग्रसित हुनेछ । यस चलचित्रमा एक उद्योगपतिलाई आफ्नो स्वार्थ पूरा गर्नको लागि मार्नको निमित्त उद्योगपति चढेको कारलाई बीच बाटोमै सुनियोजित रुपमा ट्रकले ठक्कर दिएको देखाइएको छ ।

यो दृश्यले हत्यालाई सामान्यीकरण गरिदिएको छ र हत्याको निमित्त नयाँ शैलीको नमूना प्रदर्शित गरेको छ । यस्तो दृश्य प्रहरी, उद्योगपति एवं समाजसेवीहरुको निमित्त आपत्तिजनक हुनुपर्ने हो । यस्ता दृश्यहरुले नेपालको आपराधिक मानसिकता र हत्याको शैलीको इतिहासमा नयाँ आयाम थपिदिन सक्छन् ।

❑ यस चलचित्रमा खलनायक



योगप्रसादको अदालत देखाइएको छ। योगप्रसाद आफ्नो योजनालाई सफल पार्नका निमित्त सूर्यप्रसादका परिवारहरुको अपहरण गर्छ र आफ्नै अदालतमा (जसलाई 'योगप्रसादको अदालत' भनिएको छ) लगेर उनीहरुको भाग्यको फैसला गर्दछ। यद्यपि, यस कार्यमा योगप्रसाद सफल हुँदैन। 'योगप्रसादको अदालत' नभनी यो कार्य देखाइएको भए त्यो ठीकै हुन सक्थ्यो होला। कुनै व्यक्तिले प्रहरीबाट बचेर अन्याय गर्न सक्छ वा कसैमाथि बल प्रयोग गर्न सक्छ। तर, योगप्रसादको अदालत भन्ने शब्दले सरकार, प्रहरी र अदालतप्रति निरर्थक व्यंग्य गरेको छ।

चलचित्र व्यवसायलाई व्यवसायीकरण गरिनु आवश्यक छ, तर 'बाजारु' प्रवृत्तितर्फ उन्मुख गराइनु भने कुनै पनि हालतमा राम्रो हुन सक्दैन। यस चलचित्रलाई 'बाजारु' बनाउनको निमित्त उपयोग गरिएका उल्लिखित केही नकारात्मक पक्षहरु समाजको निमित्त डरलागदो विष बन्न सक्नेहुँदा यसतर्फ सम्बन्धित सबैले समयमै ध्यान दिनुपर्ने देखिन्छ। यद्यपि, अन्य चलचित्रहरुको तुलनामा यस चलचित्रमा 'बाजारु' प्रवृत्ति त्यत्ति प्रवल बन्न सकेको छैन। र यो नै यस चलचित्रको राम्रो पक्ष बन्न पुगेको छ।

भद्दा खालका थोरै संवादहरु यसमा परेका छन्। त्यस्ता ठाउँहरुमा स्वस्थ मनोरञ्जन दिन मौलिक हास्यव्यंग्यहरु राख्न सक्नुपर्छ। चलचित्रमा होचा मानिसको एक जोडी मिलाएर मनोरञ्जको निमित्त प्रस्तुत गरिएको छ। यो प्रस्तुति पनि त्यति सफल देखिँदैन। यस्ता प्रस्तुतिहरु कुशलतापूर्वक सही ठाउँमा प्रयोग गर्न सके साँच्चै नै प्रभावकारी बन्न सक्थे। र, त्यस्ता कलाकारहरुले पनि कला देखाउन पाउँथे। उनीहरुमा आफ्नो शारीरिक बनोटको कारणले आउन सक्ने हीनतावोध पनि हट्न सक्थ्यो।

अभिनयतर्फ रवि (भुवन के.सी.), नीलम (मौसमी) र सूर्यप्रसाद प्रभावकारी छन्। सिर्जना वस्नेतको अभिनय पनि नराम्रो छैन। तर अभिनयमा कला पक्षपट्टि अझै निखार ल्याउने प्रयत्न गर्नु उपयोगी हुने देखिन्छ। कलाकार बन्नको निमित्त शारीरिक बनोट प्रमुख कुरा नभएर कला (अभिनय) चाहिं प्रमुख कुरा हो। त्यसैले किरण (आशिष) ले थुप्रै मिहिनेत गर्नुपर्ने देखिन्छ।

अन्य प्राविधिक पक्षहरु आफ्ना ठाउँमा राम्रै छन्। भूपेन्द्र रायमाझीको संगीत राम्रो छ। गीतकारहरुले उत्कृष्ट गीत भने दिन सकेको देखिन्न। गायन क्षेत्रतर्फ नेपाली कलाकारहरुलाई नै अगाडि सार्न सके राम्रो हुने थियो। ❑

# हास्य-ब्यंग्यको क्यासेट "टपरटुइयाँ" कस्तो छ ?

गत कार्तिक ४ गते पत्रकारहरु र कलाकारहरुको सानो जमघटका बीच एमालेका युवा नेता तथा साहित्यकार क. प्रदिप नेपालले विमोचन गर्नु भएको क्यासेट "टपरटुइयाँ" वर्तमान समयको नेपालको राजनीतिक स्थितिप्रति व्यंग्य गरिएको एक ताजा कला-सृजनाको रुपमा बजारमा देखिएको छ। प्रगतिशील हास्य-व्यंग्य क्षेत्रका युवा कलाकार मनोज गजुरेल आफ्नो यो चौथो क्यासेट एल्वमसम्म आइपुग्दा निकै खारिएका पाइन्छन्। यसभन्दा अघि उनका हास्य-व्यंग्यका क्यासेटहरु "उथलपुथल", "महाप्रलय" र "अब खाँडो जाग्यो" बजारमा आइसकेका छन्। गायक शंभु राईको पुतली सडकस्थित "श्रद्धा" रेकर्डिङ्ग स्टुडियोमा तयार गरिएको यो क्यासेटको विमोचन समारोहको सभापतित्व कलाकार जे.वि. टुहुरेले गर्नु भएको थियो।




"टपरटुईयाँ" मा जम्मा दश वटा आइटमहरु छन्। यिनमध्ये सडक-चोकमा औषधी बेच्ने मान्छेको शैलीमा डमरु बजाएर प्रस्तुत गरिएको प्रहशन यसको प्रमुख प्रस्तुति हो।

"ए हजूर ! अब महान इन्द्रजाल, चन्द्रजाल खेला शुरु गरिहाल्छ, त देशभक्त भाइ-दाजुहरु अगाडि अगाडि बस्नुहोस्, राष्ट्रघाती क्रेटाकेटी ठिटाठिटीहरु पछाडि पछाडि पछाडि....."

यसरी शुरु हुने यो शैलीमा चार शीर्षकहरु परेका छन् भने बीचमा दुईवटा प्यारोडी गीतहरु रहेका छन्। यी बाहेक "संसद् गतिविधि" अन्तरगत सभामुख रामचन्द्र पौडेल, ने.का. सभापति कृष्णप्रसाद भट्टराई र एमाले नेता माधवकुमार नेपालको स्वर-नक्कल, "तपाईको झटारो हाम्रो गुलेली" अन्तरगत प्रश्न र कवितात्मक उत्तर र "मै खिलाडी तु अनाडी" अन्तरगत अमिन सायनीद्वारा हिन्दी फिल्महरुको विज्ञापन गरिएको शैलीको नक्कल आदि यसमा रहेका छन्।

यी सबै प्रस्तुतिहरुमा आजको गठबन्धन सरकार, यसमा संलग्न पार्टीहरुको चरित्र, समाजमा विद्यमान विकृति, नातावाद, भ्रष्टाचार, चाकरीचाप्लुसी, धोकाधडी आदि विषयमा व्यंग्यहरु गरिएका छन्। शैली र शब्दको माध्यमबाट हास्यको सृजना गरिएको छ।

सामाजिक राजनीतिक स्थितिलाई कलात्मक रुपले पक्रने जुन कोशीस यस क्यासेटमा गरिएको छ, त्यो नै यसको मूल विशेषता हो। सर्वसाधारण जनतामा समेत परिचित भाषा-शैलीको प्रयोगले गर्दा क्यासेट आम-जनताको निम्ति पनि बुझ्न सकिने बन्न पुगेको छ।

वर्तमानका विसंगतिहरुको राम्रो चित्रण हुँदाहुँदै पनि कुनै उन्नत विकल्पको संकेत चाहिं गर्न नसक्नु यसको मूल कमजोरी हो। यसका वावजूद, क्यासेटले रोचकतापूर्ण स्वस्थ मनोरंजनको सामग्री जुटाएको कुरामा भने विवाद रहन्न।

**-हरिगोविन्द लुईंटेल**


विजया दशमीको उपलक्ष्यमा समस्त देशवासीहरुमा हार्दिक शुभकामना !

नेपाल बैंक लिमिटेड
(स्थापित १९९४)

# पुसको रात

प्रसिद्ध भारतीय कथाकार-प्रेमचन्दको कथा

**१** हल्कुले आएर स्वास्नीसँग भन्यो- "सहना आएको छ । खै, ले सँगालेको जति रुपियाँ त्यसलाई दिऊँ, आखिर पाशोबाट छुटकारा त पाइन्छ ।"

मुन्नी कुचो लगाइरहेकी थिई । ऊ पछडि फर्केर बोली- "जम्मा तीन रुपियाँ त छ, त्यै पनि दियौं भने कम्बल कहाँबाट आउँछ ? पुस-माघको रात खेतमा कसरी कट्छ ? अहिले छैन, बाली काटिसकेपछि दिउँला भनेर उसलाई भनिदेऊ ।"

हल्कु एकछिन अनिश्चित अवस्थामा उभिइरह्यो । पुस नजीकै आइसक्यो, कम्बलविना ऊ राती खेतमा कुनै हालतमा पनि सुत्न सक्दैन । तर सहना पक्कै पनि मान्दैन, धम्की दिन थाल्छ, गाली गर्न थाल्छ । जे सुकै होस्, जाडोमा मरी त हालिन्न होला, यो आपत त हटेर जान्छ कि ! यही सोच्दै ऊ आफ्नो ठूलो जीउ (जसले उसको नामलाई झुठो ठहराउँथ्यो) चलाउँदै स्वास्नीको नजीक गयो र चाप्लुसी गर्दै भन्न लाग्यो- "खै खै दिऊँ, कमसेकम पाशोबाट त गर्धन छुट्छ । कम्बलको लागि अर्को कुनै उपाय सोचूँला ।"

मुन्नी उभन्दा पर हटी र आँखा तर्दै बोली- "गर्यौं अर्को उपाय ! के उपाय गर्छौ, सुनूँ त ? कसैले दानमा दिन्छ कि कम्बल ? अझ कति तिर्न बाँकी छ कुन्नि, जति तिरे पनि कहिल्यै चुक्ता हुँदैन । म त भन्छु- तिमी खेती किन छोड्दैनौ ? मरी मरी काम गर, बाली भयो भने बाँकी ऋण तिर, तब केही शान्ति हुन्छ । मानौं, बाँकी चुकाउनको लागि मात्रै हाम्रो जन्म भएको हो । पेटको लागि बरु ज्यामी काम गर, यस्तो खेती चाहिएन । म रुपियाँ दिन्न दिन्न ।"

> 'जम्मा तीन रूपियाँ त छ, त्यै पनि दियौं भने कम्बल कहाँबाट आउँछ'? पुस-माघको रात खेतमा कसरी कट्छ ?

हल्कुले उदास भएर भन्यो- "त्यसो भए के गाली खाऊँ त ?"

तड्पिएर मुन्नीले भनी- "किन गाली खाने ? के त्यसको राज्य छ र ?" तर यति भनिसक्नासाथ उसका तन्किएका आँखीभौंहरु शिथिल भए । हल्कुले भनेको त्यो वाक्यमा जुन कठोर सत्य थियो, त्यसले कुनै डरलाग्दो जन्तुले जस्तै गरी उसलाई आँखा तरिरहेको थियो ।

उसले गएर खोपाबाट रुपियाँ झिकी र हल्कुको हातमा राखिदिई र फेरि बोली- "अबदेखि खेती छाडीदेऊ । ज्यामी काममा सुखसँग एउटा रोटी त खान पाइन्छ ! कसैको धाक धम्की त सहनु पर्दैन । गजबको खेती छ ! ज्यामी भएर कमाको पैसा पनि यसैमा होमिदेऊ, त्यसमाथि पनि फेरि धम्की सहनु पर्ने ।"

हल्कु रुपिया लिएर यसरी बाहिर गयो, मानौं ऊ आफ्नो मुटु झिकेर दिन गइरहेछ । उसले ज्यामी काम गरेर एक एक पैसा गर्दै कम्बलको लागि भनेर तीन रुपिया जम्मा गरेको थियो र त्यही रुपियाँ आज बाहिर गइरहेको थियो । पाइलैपिच्छे उसको शिर आफ्नो दरिद्रताको भारले थिचिएर झुक्दै गइरहेको थियो ।

**२** पुसको अँध्यारो रात ! आकाशमा ताराहरु पनि जाडोले काँपिरहे जस्तो लाग्थ्यो । हल्कु आफ्नो खेतको छेउमा, उखुका पातहरुको सानो झुप्रोमुनि बाँसको खाटमा आफ्नो पुरानो ओढ्ने ओढेर जाडोले थरथर् कामिरहेको थियो । खाटमुनि जवरा आफ्नो पेटमा मुख लुकाएर जाडोले कुँ कुँ गर्दै कराइरहेको थियो । दुईमध्ये कुनै एकलाई पनि निद्रा लागेको थिएन ।

हल्कुले गर्धनलाई कुममा टाँस्दै भन्यो- "जवरा, जाडो लाग्यो ? भनेकै थिएँ नि घरमै परालमा सुतिराख् भनेर, मानिनस्, यहाँ के खान आएको थिइस्, अब खा जाडो, के गरुँ म, यहाँ हलुवापुरीखान आइरहेको छु जस्तो गरी दौडिदैदौडिदै अघि अघि आइस्, अब रो आफ्नी बुढ्यामालाई सम्झेर ।"

जवराले सुतीसुती पुच्छर हल्लायो र आफ्नो कुँ कुँलाई लामो पार्दै एक पल्ट हाई काढेर चुप लाग्यो । मालिकलाई आफ्नो कुँ कुँले गर्दा निद्रा नलागेको कुरा शायद उसको कुकुर बुद्धिले थाहा पाइसकेको थियो । हल्कुले जवराको चिसो पिठिउँ सुमसुम्याउँदै भन्यो- "भोलिदेखि नआउनू मसँग, नत्र जमेर बरफ बन्लास् । थाहा छैन, यो बजिया हावा पनि कहाँबाट हिउँ बोकेर आउँछ ! उठूँ फेरि एक चिलिम भरुँ । जेन तेन रात त कटोस् ! आठ चिलिम खाइसकें । यही हो खेतीको मजा ! एकथरि भाग्यमानी यस्ता पनि छन्, जसको नजीक जाडो गयो भने गर्मीदेखि डराएर भाग्छ । बाक्ला बाक्ला डस्ना, सिरक, कम्बल ! जाडोको केही चल्दैन । भाग्यकै कुरो हो, काम हामी गरौं, मोज अरुले गरुन् !"

हल्कु उठ्यो, आगो बालेको ठाउँबाट अलिकति आगो झिकेर चिलिम भर्‍यो । जवरा पनि उठेर बस्यो ।

हल्कुले तमाखु तान्दै भन्यो- "तमाखु खान्छस् ? जाडो त के हट्थ्यो र, अँ मन भने अलिकति फेरिन्छ । जबराले उसको अनुहारमा प्रेम छचल्किरहेको आँखाले हेर्‍यो । "आज एकदिन जाडो खप्, भोलिदेखि म यहाँ पराल ओछ्याइदिउँला, अनि त्यसैमा घुसेर सुत्नू, तब जाडो लाग्दैन ।"

जवराले आफ्नो पञ्जा उसको काँधमाथि राख्यो र उसको अनुहार नजीक आफ्नो मुख लग्यो । हल्कुले जवराको तातो सासलाई नजीकै महशूस गर्‍यो । तमाखु खाइसकेपछि हल्कु जे परे पनि अब त सुत्छु भनेर पल्ट्यो, तर एकछिन पछि नै जाडोले उसको मुटु काम्न थाल्यो । कहिले एकातिर कोल्टे फर्किन्थ्यो त कहिले अर्कोतिर, तर जाडोले भने कुनै पिशाचले जस्तै उसको छाति थिचेको थिच्यै थियो । जब अन्तमा केही लागेन तब उसले जवरालाई विस्तारै उठायो र उसको टाउकोलाई हलुकासँग थप्की दिंदै काखमा सुतायो । कुकुरको शरीरबाट नमीठो दुर्गन्ध आइरहेको थियो, तर ऊ कुकुरलाई काखमा सुताएर यस्तो सुखको अनुभव गरिरहेको थियो, जुन केही महिनायता उसले पाउनै सकेको थिएन । जवरा शायद सोचिरहेको थियो कि- स्वर्ग यहीं छ । अनि हल्कुको पवित्र हृदयमा त त्यस कुकुरप्रति घृणाको लेससम्म पनि थिएन । आफ्नो कुनै अभिन्न मित्र या दाजुभाइलाई पनि ऊ यसरी नै अँगालो मार्थ्यो होला । ऊ आफ्नो दीनताबाट आहत थिएन, जसले आज उसलाई यो अवस्थामा पुर्‍याएको थियो । यस अनौठो मित्रताले मानौं, उसको आत्माका सबै ढोकाहरु खोलिदिएको थियो र त्यसका एक एक अणु उज्यालोले नुहाइरहेका थिए ।

अकस्मात् जवराले कुनै जनावरको गन्ध पायो । अहिले भर्खरै पाएको विशेष आत्मीयताले गर्दा उसमा एउटा नयाँ स्फूर्ति जन्माइदिएको थियो, जो हावाका चिसा सिरेटोहरुलाई पनि तुच्छ संझिन्थ्यो । जवरा झट्पट् उठ्यो र त्यो सानो झुप्रोबाट बाहिर निस्केर भुक्न थाल्यो । हल्कुले निकैपल्ट उसलाई च्व च्व गर्दै बोलायो तर ऊ हल्कुकहाँ आएन,



कथाकार प्रेमचन्द

खेतको चारैतिर दगुरी दगुरीकन भुकीरह्यो । केही गरी आइहाले पनि ऊ तुरुन्तै फेरि दगुर्थ्यो । कर्तव्य उसको हृदयमा सपना जस्तै उर्लिइरहेको थियो । एक घण्टा बित्यो । रातले हावाका झोंकाहरुद्वारा शीत छर्न शुरु गर्‍यो ।

३ हल्कु उठेर टुक्रुक्क बस्यो र घुँडालाई छातीमा जोडेर टाउँको त्यहाँ लुकायो, तर पनि जाडो भने कम भएन । सारा रगत जमेजस्तो र नसाहरुमा पनि रगतको सट्टा हिउँ बगिरहेजस्तो लाग्न थाल्यो । रात कति बाँकी छ भनेर थाहा पाउन झुप्रो बाहिर यसो निहुरेर उसले आकाशतिर हेर्‍यो । सप्तर्षि तारा अझै आकाशको बीचसम्म पनि पुगेका थिएनन् । माथि पुगिसकेपछि मात्रै विहानी हुन्छ, अझै एक पहर भन्दा बढी रात बाँकी थियो ।

हल्कुको खेतनिरै आँपको एउटा बगैंचा थियो । हिउँद शुरु भैसकेको थियो, त्यसैले बगैंचामा सुकेका पातहरुको थुप्रो लागेको थियो । हल्कुले सोच्यो- "गएर पतिङ्गरहरु जम्मा गरौं र तिनीहरुलाई बालेर आगो तापूँ । रातमा मलाई पतिङ्गर बटुलीरहेको कसैले देख्यो भने फेरि भूत भनीठान्न बेर छैन । के ठेगान, कुनै जनावर नै पनि त लुकेर बसीरहेको हुन सक्छ । तर अब त बसीरहन कुनै पनि हालतमा सकिँदैन ।"

उसले नजिकैको दाल-खेतमा गएर केही विरुवाहरु उखेल्यो र कुचो बनायो अनि हातमा सल्कीरहेको चिलिम बोकेर बगैंचातर्फ लाग्यो । जवराले ऊ हिंड्न लागेको देख्नासाथ नजिकै आएर पुच्छर हल्लाउन लाग्यो । हल्कुले भन्यो- "अब यहाँ बस्न नसकिने भयो जवरु ! जाउँ हिंड् बगैंचामा गएर पतिङ्गर बालेर तापूँ । न्यानो भएपछि फेरि आएर सुतौंला, अझै रात निकै बाँकी छ ।" जवराले कुँ कुँ गर्दै सहमति जनायो र अघि अघि बगैंचातर्फ हिंड्यो ।

बगैंचामा एकदमै अन्धकार छाएको थियो र अँध्यारोमा निर्दयी हावा पातहरुलाई कुल्चँदै जान्थ्यो । रुखहरुबाट शीतका थोपाहरु तपतप तल खसीरहेका थिए । अकस्मात् हावाको एक झोंका चमेली फूलको मीठो सुगन्ध बोकेर आयो ।

हल्कुले भन्यो- "आहा, कत्ति मीठो बास्ना आयो हो जवरु ! तेरो नाकमा पनि बास्ना आइरहेछ ?" जवराले त्यहीं भुईंमा एक टुक्रा हाड भेट्टाएको थियो र ऊ अहिले त्यही चपाउनमा मस्त थियो । हल्कुले आगो भुईंमा खन्यायो र पतिङ्गरहरु बटुल्न थाल्यो । हात ठिहिर्‍याएर काठ जस्तै हुन्थ्यो र खुट्टा जाडोले जम्न थाल्थ्यो तर ऊ पतिङ्गरहरुको पहाड बटुलिरहेको थियो, मानौं यसैको आगोमा ऊ जाडोलाई उठाएर भष्म पारिदिनेछ ।

केही छिनपछि आगो बल्न थाल्यो । त्यसका ज्वालाहरु रुखका पातहरुलाई छुँदै जाँदै गर्न थाले । त्यो अस्थायी उज्यालोमा बगैंचाका अग्ला रुखहरु त्यो अथाह अन्धकारलाई आफ्नो काँधमाथि बोकेर उभिएका छन् जस्तो लाग्थ्यो । अन्धाकारको त्यो आनन्द- सागरमा यो उज्यालो एउटा सानो डुङ्गा जस्तो



तिमी खेती
किन छोड्दैनौ ?
मरी मरी काम गर,
बाली भयो भने
बांकी ऋण तिर,
तब केही शान्ति हुन्छ ।

हल्लिरहेको र नाचीरहेको जस्तो लाग्थ्यो

हल्कु धुनी नजीकै बसेर आगो तापीरहेको थियो । एकछिन पछि उसले ओढेको ओढ्नी फुकालेर काखीमुनी च्याप्यो । दुवै खुट्टा आनन्दले पसार्‍यो, मानौं ऊ जाडोलाई चुनौति दिइरहेछ- सक्छस् भने जे मन लाग्छ गर् । जाडोको असीम शक्तिमाथि विजय पाएकोले ऊ विजयको गर्वलाई हृदयमा लुकाउन सकिरहेको थिएन । त्यसैले उसले जवरासँग भन्यो- "जवरे, अब त जाडो लागिरहेको छैन हैन ?" जवराले कुँ कुँ गर्दै मानौं भन्यो- "अब के खाली जाडै लागि रहन्छ र ?" "पहिले यो उपाय सुझेनर पो, नत्र यति जाडो पनि किन खाइन्थ्यो र !" जवराले पुच्छर हल्लायो ।

"लु आइज यो धुनीलाई नाघेर पार गरौं । हेरौं कसले चैं सक्छ, तर बुझी राख् पोलीस् भने म औषधी-सौषधी चाहिं गर्दिन नि !"

जवराले डर भरिएका आँखाले त्यो आगोको थुप्रोलाई हेर्‍यो । "भोलि मुन्नीलाई नभन्नू नि, नत्र त फेरि झगडा गर्छे !" यसो भन्दै ऊ उफ्र्यो र सजिलै आगोभन्दा माथिबाट पारी पुग्यो । खुट्टामा ज्वालाले अलिकति भेट्यो, तर त्यो केही खास थिएन । जवरा धुनीलाई घुमेर ऊ नजीकै आएर उभियो ।

हल्कुले भन्यो- "अहँ, अहँ यसरी हुँदैन ।"

"माथिबाट उफ्रेर नाघेर आइज" ऊ फेरि उफ्र्यो र धुनी नाघेर यतापट्टि आयो ।

४ पतिङ्गरहरु जलिसकेका थिए । बगैंचामा फेरि अँध्यारो छाइसकेको थियो । खरानीमुनि केही आगोका फिलुङ्गाहरु थिए, जो हावाको झोंक्का बहँदा बिउँझिन्थे र फेरि एकैछिन पछि आँखा चिम्लन्थे ।

हल्कुले फेरि ओढ्ने ओढ्यो र तातो खरानीको नजीकै बसेर एउटा गीत गुनगुनाउन थाल्यो । उसको जीउमा न्यानोपना बढेको थियो, तर जब जब शीतले भिजाउँदै जान थाल्यो, तर आलस्यले उसलाई दबाउन थाल्यो । जवरा जोड्ले भुक्दै खेततिर दगुर्‍यो । जनावरहरुको एक झुण्ड आफ्नो खेतमा पसे जस्तो हल्कुलाई लाग्यो । शायद जङ्गली गाईहरुको झुण्ड थियो, तिनीहरु दगुरीरहेको प्रष्ट आवाज कानमा आइरहेको थियो र तिनीहरु खेतमा चरीरहेको जस्तो लाग्न थाल्यो । तिनीहरुले चपाईरहेको चर-चर आवाज प्रष्ट सुनिन थाल्यो

उसले मनमनै भन्यो- "अहँ हैन, जवरा छँदाछँदै कुनै जनावर पनि खेतमा पस्न सक्दैन । खाओस् है, मलाई भ्रम भइरहेको छ । खै, अब त केही पनि देखिंदैन । म पनि कस्तो झुक्किएछु पो !"

उसले जोडेले बोलायो- "जवरा, जवरा !"

जवरा भुकी नै रह्यो, ऊ भएको ठाउँमा आएन । फेरि बाली चरेको आवाज आउन थाल्यो । अब उसले आफूलाई झुक्याउन सकेन । उसलाई आफ्नो ठाउँबाट यसो चल्मलाउनु पनि विष खानु जस्तै लागिरहेको थियो । कस्तो मज्जाले तातो भएर बसिरहेको थियो । यस्तो जाडोमा उठेर खेतमा जानु र जनावरको पछि दगुर्नु । ऊ असहाय जस्तो भयो । ऊ आफ्नो ठाउँबाट चल्मलाएन । ऊ जोडले चिच्यायो- "दगुर ! दगुर ! दगुर !" जवराले फेरि भुक्यो । जनावरहरु मजाले चरीरहेछन् । बाली पाकेर लटरम्म छ । कति मजाको खेती थियो, तर यी दुष्ट जनावरहरुले उसको सर्वनाश गरेर छाड्छन् ।

हल्कु मन बलियो पारेर उठ्यो र दुई तीन कदम अघि बढ्यो तर एकाएक हावाको ज्यादै चिसो र तीर जस्तो झोंक्का आयो, जसले गर्दा ऊ फेरि आगो बालेको ठाउँ नजीकै गयो र खरानी खोसेर आगो फुक्दै आफ्नो चिसो जीउ तातो पार्न थाल्यो ।

उता जवरा आफ्नो घाँटी नै फुटाउँला झैं गरी भुकिरहेको थियो, जङ्गली गाईहरु बाली चर्नमा व्यस्त थिए र हल्कु तातो खरानीको छेउमा शान्त भएर बसीरहेको थियो । कुनै पाशोले जस्तै अकर्मण्यताले उसलाई चारैतिरबाट जकडेको थियो । ऊ त्यही खरानीको छेउमै तातो भुईमाथि ओढ्ने ओढेर सुत्यो । विहान जब उसको निद्रा खुल्यो, त्यसबेला घाम चारैतिर फैलिसकेको थियो र मुन्नी कराईरहेकी थिई- "आ आज सुती मात्रै रहन्छौ कि क्यों हो ? तिमी यता आएर रमायौ उता खेत भने चौपट भयो ।"

हल्कुले उठेर भन्यो- "के तैं अहिले खेतबाट आइरहेकी होस् ?" मुन्नीले भनी- "अँ, खेत सारा सत्यानाश भएको छ । यसरी पनि कोही सुत्छ ? तिमी झुप्रो हालेर बसेको के काम लाग्यो ?"

हल्कुले बहाना बनायो- "आफू झण्डै मर्न लागेको थिएँ, तँलाई भने खेतकै ध्याउन्ना छ । राती कस्तो पेट दुख्यो भन्ने कुरो मलाई थाहा छ ।" दुवैजना खेततिर आए । देखे- सारा खेत जनावरले कुल्चेर चउर पारेको छ र जवरा झुप्रोमुनि जीउ फालेर लडेको छ, मानौं, उसमा प्राणै छैन । दुवै खेतको दशा हेरीरहेका थिए । मुन्नीको अनुहारमा उदासी छाएको थियो भने हल्कु प्रसन्न थियो ।

मुन्नीले चिंतित भएर भनी- "अब फेरि मेला धाएर मालपोत तिर्नु पर्ने भो ।"

हल्कुले प्रसन्न मुखले भन्यो "राती जाडोमा यहाँ सुत्नु त नपर्ने भो कि ।"

*(अनु- रघु पन्त, नव-आलोक २०३७ बाट)*

यस्तो जाडोमा उठेर खेतमा जानु र जनावरको पछि दगुर्नु । ऊ असहाय जस्तो भयो । ऊ आफ्नो ठाउँबाट चल्मलाएन । ऊ जोडले चिच्यायो- "दगुर ! दगुर ! दगुर !"



कथाकार प्रेमचन्द

# के गणेशले दूध खाएकै हो त ?

तुल्सीदास महर्जन

गत असोज ५ गते विहिवार दिनभरि नै नेपालका मन्दिर-मन्दिरमा रहेका गणेशको मूर्तिमा 'गणेशजीले दूध खाए' भनेर दूध चढाउनेहरुको घुइचो लाग्यो । गणेशलाई दूध चढाउँदा चढाउँदा भारतको राजधानी दिल्लीमा दूधको हाहाकार नै मच्चियो । बच्चालाई ख्वाउन समेत दूधको अभाव हुन गयो ।

हुन त चमत्कारी घटनाको रुपमा कहिले शिवजीको आँखाबाट आँसु आयो त कहिले देवीको आँखाबाट आगो आयो आदि इत्यादि भनी बेलाबेलामा विभिन्न हौवाहरु नेपालमा र भारतमा फैलँदै आएका छन् । यसपालिको 'गणेशजीले दूध खानु भयो' भनेर मूर्तिमा दूध चढाएको घटना पनि काठमाडौं र नेपाल अधिराज्यभित्र मात्र सीमित रहेन । यो हल्ला विश्वव्यापी रुपमा डढेलो झैं फैलिएको देखियो ।

आस्थाका अन्य चमत्कारी घटनाहरुको जस्तै यो घटनाको सन्दर्भमा पनि जनमानसमा फरक फरक विश्लेषणहरु रहे । हिन्दू धर्मका धार्मिक गुरुहरुले यसलाई दैवीय शक्ति-सन्देशको संकेतको रुपमा व्याख्या गरे भने भक्तजनहरुले विश्वास र भक्तिभावकासाथ भगवानको सेवा गर्ने



## गणेशले दूध खाएको प्रकरणभित्रको वैज्ञानिक रहस्य के हो ?

यो घटनाको सूत्रपात भारतबाट भयो । त्यहाँबाट हिन्दू कट्टरपन्थी केही खास व्यक्तिहरुले विभिन्न देशका आ-आफ्ना आफन्तहरुलाई टेलिफोन मार्फत खबर गरे । एक कान, दुई कान मैदान हुँदै विजुलीको गतिमा एकै दिनमा यो घटना विश्वभरि नै सर्वाधिक चर्चित घटना बन्यो । विज्ञान तथा प्रविधिमा अति विकसित वेलायत तथा अमेरिका जस्ता राष्ट्रहरुमा पनि यो घटनाले महत्वपूर्ण स्थान पायो । त्यस्तै हङ्कङ्ग, इण्डोनेशिया जस्ता अन्य एशियाली मुलुकहरुमा पनि यो घटना घट्यो ।

नेपालमा यो समाचार काठमाडौं कमलादीमा बस्ने व्यापारी मधुसूदन अग्रवालले आफूले भारतको नयाँ दिल्लीस्थित राम निरञ्जन चौधरीको घरको गणेशको मूर्तिले दूध पिएको खबर टेलिफोनबाट पाएपछि कमलादी गणेशथानमा गएर दूध ख्वाई हेरेपछि फिँजिएको बताइन्छ ।

तर विगत समयमा घटेका धार्मिक सुअवसरको रुपमा यसलाई लिए ।

उत्तरी भारतका एक ख्यातिप्राप्त ज्योतिषी श्री कृष्ण अवतार दुवे 'परमेश' ले हिन्दू धर्मशास्त्र अनुसार यस्तो घटना पृथ्वीमा भगवानले अवतार लिने समयमा हुने र भगवानको पच्चीसौं अवतार सन् १९९५ देखि २००० सम्ममा हुने भएकोले यो घटना त्यसैको संकेत हुनुपर्ने बताए ।

त्यस्तै भारतका कट्टरपन्थी हिन्दू सम्प्रदायका एक गिरफ्तार व्यक्ति चन्द्रस्वामीले आफूले सहयोगको लागि भगवान गणेशलाई प्रार्थना गरेको र यो चमत्कारी घटना शायद त्यसैको कारण हुन सक्ने बताए । स्मरणीय छ- उनलाई गत सन् १९९३ को मार्चमा बम्बईमा भएको भयानक बमकाण्डसँग सम्बन्धित भएको आरोप लगाई हाल नजरबन्दमा राखिएको छ ।

तर तथ्य र कारणहरुलाई आधार मान्ने धार्मिक क्षेत्र बाहिरका मानिसहरुले भने यो घट्नालाई सामूहिक भ्रम अथवा जन उन्माद (Mass Hysteria) रोगको परिणामका रुपमा लिए । उनीहरुले गणेशको मूर्तिमा सूँडनेर दूधले भरिएको चम्चा छुवाउँदा दूध हराउँदै जानुमा कुनै वैज्ञानिक कारण हुनसक्ने तर त्यो गणेशको दैवीय शक्तिले ग्रहण गरेको हुन नसक्ने तर्कहरु गरे । कसैले त यो घटना राजनैतिक तथा धार्मिक स्वार्थवश कसैद्वारा प्रायोजित हल्लाको कारणले भएको हुनसक्ने कुरा बताए । खास गरीकन, भारतका भारतीय जनता पार्टीसँग सम्बन्धित कट्टरपन्थी हिन्दू सम्प्रदायका नेता चन्द्रस्वामीको भनाइलाई आधार मानी मानिसहरुले यस्तो शंका उठाएका हुन् ।

यो घटना कसैद्वारा प्रायोजित गरिएको भए पनि नभए पनि यसको सन्दर्भमा जस्तोसुकै व्याख्या तथा धारणाहरु रहे पनि यो घटनाको पछाडि अवश्य पनि वास्तविक वैज्ञानिक कारणहरु भएको पत्तो लागेको छ । यो कुरा यस घटनाको सन्दर्भमा वैज्ञानिकहरुले गरेको अध्ययन अनुसन्धानको प्रतिवेदनबाट छर्लंगिन आएको छ ।

असोज ५ गते गणेशका भक्तहरुले स्टीलको चम्चामा दूध राखी चम्चाको किनाराले मूर्तिको मुखमा छुवाई दूध पिलाउँदा मूर्तिले राम्ररी नै पिएको देखियो । अर्थात् चम्चामा रहेको दूध विस्तारै बिलीन हुन पुग्यो । प्रश्न उठ्छ- यस्तो कसरी भयो त ?

दूध पक्का घोल (Solution) नै नभएपनि रगत, खोटो जस्तै यो पनि एक किसिमको कोल्वाइड (Colloid) भन्ने समान मिश्रण (Homogenous Mixture) हो । यसलाई कोल्वाइडल घोल (Colloidal Solution) पनि भन्न सकिन्छ ।

यो कोल्वाइडल घोलको स्वभाव के हुन्छ भने- यदि यसलाई कुनै चम्चा जस्तो बस्तुमा राखी सो वस्तुले 'J' आकारको कुनै पनि ठोस वस्तुको टुप्पोमा छुवाईदियो भने त्यो घोल विस्तारै 'J' आकारको वस्तुमा पातलो झिल्ली (Film) बनाइ फिँजिन्छ । फिँजिएको झिल्ली पातलो र रङ्गरहित हुने भएकाले झट्ट हेर्दा देख्न सकिँदैन । यही कारणले नै चम्चामा भएको दूध गणेशको 'J' आकारको सुँडमा अदृश्य ढंगले फिँजिन पुगेको र भक्तजनहरुलाई गणेशले दूध पिएको भनी भ्रम हुन गएको हो । नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रतिष्ठान (Ronast) का वैज्ञानिकहरुले व्यापक अध्ययन अनुसन्धानपछि यो निष्कर्ष निकालेका हुन् ।

प्रश्न फेरि उठ्न सक्छ- दूध जस्तो कोल्वाइडल घोललाई चम्चा जस्तो वस्तुमा राखी 'J' आकारको वस्तुमा छुवाउँदा पातलो झिल्ली बनाउँदै फिँजिदै जानुको कारण चाहिं के हो त ?

तरल वस्तुको सतहमा रहेको अणुलाई वरपरका अणुहरुले आकर्षित गरिरहेका हुन्छन् । यही कारणले सतहमा रहेका अणुहरु तलतिर आकर्षित भइरहेका हुन्छन् । परिणामस्वरुप, तरल

धार्मिक क्षेत्रभन्दा बाहिरका मानिसहरूले यो घट्नालाई सामूहिक भ्रम अथवा जन उन्माद (MASS HYSTERIA) रोगको परिणामका रूपमा लिए



**भारतको तामिलनाडु साइन्स फोरमका सचिव टि.भी वेंकटेस्वरण महात्मा गान्धीको शालिकलाई पनि दूध खुवाउँदैछन् ! शालिकमा ओठ 'J' आकारको रहेको छ ।**

वस्तुको सतहको खुम्चने प्रवृत्ति हुन्छ । यसलाई सतह-तनाव (Surface tension) भनिन्छ ।

सतह तनाव कतिको हुन्छ भन्ने कुरा तरल वस्तुको प्रकृति र तापक्रममा भर पर्छ । कम तापक्रममा बढी र बढी तापक्रममा कम सतह तनाव हुन्छ । सतह तनाव बढेको बेलामा दूध जस्तो तरल वस्तुमा सतह माथिबाट छुवाइएको वा डुवाइएको सुँड आकारको कुनै पनि ठोस नलीमा तरल बस्तु माथि चढ्ने हुन्छ ।

त्यसैले, सतह तनावको कारणले दूध जस्तो कोल्वाइडल घोललाई 'J' अथवा सुँड आकारको बस्तुसँग सम्पर्कमा ल्याउँदा दूध त्यसमाथि चढ्न सक्छ । फेरि सो घोलको टाँसिने गुण (Viscose Property) पनि भएकोले त्यो पातलो झिल्लीको रुपमा बगेर वरपर फिँजिन सक्छ । सुँड वा 'J' आकारको भागले अन्य ठाउँमा छोएको छ भने त्यसमा फिँजिएको पातलो झिल्ली छोएको ठाउँमा पनि सजिलै फिँजिन सक्छ ।

सतह तनाव (Surface tension) र टाँसिने गुण (Viscose Property) भएको कारणले नै चम्चा अलिकति ढल्काई गणेशको सुँडमा दूध छुवाउँदा चम्चामा भएको दूध सुँडमा चढेको हो । तर त्यो पातलो झिल्लीको रुपमा फिँजिदा नाङ्गो आँखाले झट्ट देख्न नसकिने भएकोले चम्चामा भएको दूध त्यत्तिकै विलाएर गएको जस्तो लागेको हो । फेरि गणेशको सुँडले शरीरको अन्य भागमा पनि छोएको हुने भएकोले सुँडमा अदृश्य (Invisible) पातलो झिल्लीको रुपमा फिँजिएको दूध क्रमशः शरीरमा पनि फिँजिदै जाँदा कैयौं भक्तजनहरुले चम्चाबाट चढाएको दूध गणेशले साँच्चै नै पिएको भन्ने भान सामान्य रुपमा उनीहरुलाई लाग्नु स्वाभाविक नै हो ।

**भारतमा भक्तजनहरुले गणेशको मूर्तिमा मात्र होइन शिव, पार्वती र शिवको बहान गोरु (नन्दी) को मूर्तिमा पनि दूध चढाएर हेर्दा चम्चामा रहेको दूध बिलाएर गएको पाइयो !**

माटोबाट निर्मित मूर्तिमा त चम्चाबाट चढाएको दूध त्यस मूर्तिमा हुने असंख्य सूक्ष्म छिद्रहरुले सोस्ने र सोसिएको दूध पातलो सेतो झिल्ली (White Film) को रुपमा थोपा थोपा गर्दै मूर्तिको तल झर्ने भएकोले त्यसलाई सजिलै देख्न सकिदैन । त्यसैले गणेशको ढुङ्गा वा माटोको मूर्तिले भक्तजनहरुले चढाएको दूध सजिलै पिएको देखिएको हुनुपर्छ । भारतका भौतिक शास्त्रका वैज्ञानिक के.के. महाजनले पनि यही तर्क अगाडि सारेका छन् ।

दूधको लागि स्टीलको बस्तुमा टाँसिने प्रवृत्ति र ढुङ्गाको वस्तुमा टाँसिने प्रवृत्ति फरक हुन्छ । यही फरकको कारणले नै स्टीलको चम्चालाई अलिकति मात्र ढल्काई गणेशको ढुङ्गाको मूर्तिमा छुवाउँदा त्यसमा रहेको दूध पातलो झिल्लीको रुपमा बगेर जान्छ र गणेशको मूर्तिमा अदृश्य ढंगले फिँजिन जान्छ । यसरी भक्तजनहरुले स्टीलको चम्चामा राखी चढाएको दूध गणेशले पिएको देखिएको तर्क वैज्ञानिकहरुले राखेका छन् ।

समग्रमा स्टीलको चम्चामा राखी चढाएको दूध गणेशको मूर्तिले दैवीय शक्तिको कारणले ग्रहण गरेको नभई सो घटना बस्तुहरु बीचको स्वाभाविक भौतिक प्रकृयाको कारण भएको कुरा वैज्ञानिक तथ्यहरुबाट पुष्टि हुन्छ । सो प्रक्रिया स्वाभाविक भएकोले अब उप्रान्त पनि यस्तो प्रक्रिया संभव भइरहने कुरा प्रष्ट छ । तर वैज्ञानिक तथ्यहरु थाहा नहुनु, भगवान गणेशप्रति असीम आस्था हुनु र यस्तो घटनालाई अझ नियोजित ढंगले प्रसारित गरिनुले पनि भक्तजनहरुलाई गणेशले साँच्चिकै दूध ग्रहण गरेको हो कि भनी भ्रम परेको हो ।

त्यसैले, गणेशको मूर्तिले दूध पिउने घटना गत असोज ५ गते मात्र हुने होइन कि त्यो भन्दा अघि र पछि कुनै पनि बेला हुन्छ । अझ गणेशको मूर्तिले मात्र होइन गणेशको जस्तो कुनै पनि मूर्तिले दूध पिएको हामी कुनै पनि दिन देख्न सक्छौं । भारतमा भक्तजनहरुले गणेशको मूर्तिमा मात्र होइन, शिव, पार्वती र शिवको बहान गोरु (नन्दी) को मूर्तिमा पनि दूध चढाएर हेर्दा चम्चामा रहेको दूध विलाएर गएको पाइयो ।

नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रतिष्ठानका वैज्ञानिकहरुले चिनीयाँ माटोका चिया पिउँने कपलाई घोप्ट्याई कपको औंला राख्ने 'J' आकारको भाग (Handle) मा चम्चामा दूध राखी अलि ढल्काई छुवाउँदा दूध विलाएर गएको पाए ।

यस घटनाले कुनै पनि 'चमत्कारी' घट्ना पछाडि कुनै वैज्ञानिक कारण अवश्य नै हुने र घटनाको कारण खोतल्न कसैको हाहामा नलागी वैज्ञानिक विधि अप्नाउनु पर्ने शिक्षा दिएको छ । ❑


# चिराग उद्योग समूह

अन्तर्राष्ट्रिय स्तरको फोमका डस्ना, चकटी, तकिया तथा फर्निचर आदिमा प्रयोग गर्न सकिने फोमका सिटहरुको लागि हामीलाई संझनुहोस् ।

खानेपानी, ढल निकास, सिंचाई, ट्यूबवेल आदिमा प्रयोग गर्न सकिने अत्याधुनिक प्रविधिबाट उत्पादित विभिन्न साईजका उच्चस्तरीय पि.भि.सि. पाईपहरू प्रयोग गर्नु भई ढुक्क हुनुहोस् ।

**पि.भि.सि. पाईपहरु बलियो, किफायती, हलुको, खिया नलाग्ने, कडा हुने र यसलाई चूहावट नहुने गरी जडान गर्न सकिन्छन् ।**

*मुक्तेश्वर पि.भि.सि. पाईपहरू नेपाल अधिराज्यका मुख्य शहरहरूका हार्डवेयर पसलहरूमा पाइन्छन् ।*

प्राकृतिक रवर प्रयोग गरी निर्माण गरिएका विभिन्न साईजका डनलपका (रवर) डस्ना, चकटी, तकियाको लागि संपर्क गर्नुहोस् ।

निर्माता: **चिराग फोम ई. प्रा. लि.**, वा. औ. क्षे., काठमाडौं, फोन नं. : २७२२८४

निर्माता: **मुक्तेश्वर पाईप ई. प्रा. लि.**, पुतलीसडक, काठमाडौं, फोन : ४२०७७३

निर्माता: **श्री राम रवर ई.**, वालाजु, काठमाडौं, फोन नं.: २७०००८

**मुख्य कार्यालय : फोन नं : ४२०७७३, २२७३८५, फ्याक्स नं.: ९७७-१-४२०७७३, पुतली सडक, काठमाडौं**

## गणेशको मूर्ति र दूध प्रकरण

# जब 'प्रगतिशील' व्यक्तिहरू पनि 'क्या हो, क्या हो' भन्न थाल्छन् !

— चन्द्रदेव नेपाली

गत असोजको पहिलो हप्तामा नेपालमा गणेशले दूध खाएको हल्लाले जुन विशाल रूप लियो, गणेश मन्दिरहरुमा दूध चढाउन जुन निकै लामा लामा लाइनमा मानिसहरु उभिए, रहस्यको जुन चमत्कारिक अनुभव सबैले गरे- यी सब कुराहरु वैज्ञानिकहरुले यस घटनाको गुह्य कारण पत्ता लगाएर प्रचार प्रसार गरेपछि अब स्वतः थन्को लागेका छन् । अंग्रेजीको 'J' आकारको बस्तुमा दूध जस्तो कुनै पनि घोल छुवाउँदा नदेखिने गरी घोल चुहिएर जाने कुरा वैज्ञानिकहरुले यस्तो आकारका विभिन्न कुरामा घटित भएको प्रत्यक्ष प्रमाणद्वारा देखाइसकेपछि अब यस विषयमा शंका-उपशंका वा रोमाञ्च वा आश्चर्य अनुभव गरिरहनु जरुरी बाँकी रहेन ।

"लौ गणेशले दूध खाए !"

"लौ भगवान साक्षात भए !"

"दैवी लिला शुरु भयो !"

"कलीयुगको अन्ततिर यस्तो हुनेगर्छ !"

संकेत दिन दूध पिउनु भएको हो" भनी दावी गरिरहन सक्ने स्थिति रहेन । किनभने, दूध त अंग्रेजीका 'J' आकारको जुनसुकै चीजले पनि तान्दोरहेछ, चाहे त्यो गणेशको मूर्तिको सुँड होस् या चियाखाने कपको ह्याण्डल होस् वा फलामे ढोकाको वा ढुंगे झ्यालको बुट्टा नै किन नहोस् !

जम्मा जम्मीमा भन्ने हो भने, जुन रहस्य व्याप्त भएर जनमानसमा छाएको थियो, त्यसको अब भण्डाफोर भैसकेको छ ।

यसरी घटनाको पटाक्षेप भैसकेको छ । र, पनि त्यस घटनासँग संबन्धित एउटा कुरालाई भने हामीले आज पनि गंभीरतापूर्वक लिनु जरुरी देखिएको छ । त्यो हो- यो रहस्यमय घटना घटेको देख्दा हामीहरुले त्यसबारे तत्कालै बनाएको धारणा !

अचम्मको कुनै घटना घट्यो । यस्तोमा हामीले कसरी आफ्नो धारणा बनाउने ?- यो प्रश्न उक्त "दूध प्रकरण"ले प्रष्ट रुपमा व्यवहारमा

भीड ठूलो उन्मादमा डुबेको थियो । निर्जीव मूर्तिले दूध खानु कसरी संभव भयो हँ ? भनी प्रश्न गर्ने, शंका गर्ने, आलोचनात्मक दृष्टि राखी छानबिन गर्नेहरु भने त्यहाँ अत्यन्त कम थिए ।

हाम्रो देशमा ठाडै धर्म र रुढीवादको प्रचार गर्नमा संलग्न सरकारी संचार माध्यमहरुले यस घटनालाई तत्कालै ठूलो समाचार बनाएर प्रस्तुत गरेपछि त के चाहियो- यो घटना, मानौं, ध्रुवसत्य नै बन्यो ।

धर्मभीरुहरुको "भक्त" भीडले जुनसुकै मन्दिरहरुलाई पनि छोप्न थाले । धर्मका ठेकेदारहरुले चाहिँ तत्कालै रमाउँदै व्याख्या र प्रवचन दिन थाले- लौ, अब भगवान सक्रिय हुनु भयो, अब सत्य युग फिर्ने भयो ।

भनीदिनु भएन, 'गणेशको सुँडमा दूध सोसियो' भन्नु पर्‍यो । र, वैज्ञानिक विधिले रहस्य खोतल्न थाल्नु पर्‍यो ।" -यो दिइयो तर यस सुझावलाई उहाँहरुले गंभीरतापूर्वक लिनु भएन ।

पछि थाहा भयो- किसान, मजदूर, महिला आदि मोर्चामा काम गर्ने थुप्रै प्रगतिशील विचारका मित्रहरुमा पनि यस्तै विश्वास पो पैदा भएको रहेछ त ।

"खै क्या हो, क्या हो, खान त गणेशले दूध खाएकै हो ।"

उहाँहरुले नै यस्तो सोच लिइदिएपछि उहाँहरुका घरका असचेत परिवारजनहरु पनि हातमा दूधको भाँडो बोकेर दौडे- मन्दिरहरुतिर ।

जे होस्, दुई तीन दिनभित्रै



"पाप बढेकोले प्रभूले अवतार लिन थाल्नु भएको कुराको संकेत हो यो !"

"वैज्ञानिकहरुलाई, भौतिकवादीहरुलाई यस घटनाले ठूलै लोप्पा खुवाएको छ !"

"भगवान छन् । भगवान छैन भन्नेहरुको मूर्खतामाथि भगवान स्वयंले यसरी ठूलो झापड दिनु भएको छ ।"

"यो घटना आध्यात्मिक पुनरुत्थान वा पुनर्जागरणको ठूलो संकेत हो !"

आदि आदि भनाइहरुको जुन बाढी त्यतिखेर चलेको थियो, त्यो सबै प्राकृतिक नियमहरु नबुझ्नुको कारणले पैदा भएको भ्रम मात्र रहेछ भन्ने कुरा पनि अब उक्त वैज्ञानिक निष्कर्षले देखाएको छ ।

अब कुनै भारतीय धूर्त नेता चन्द्र स्वामीहरुले "मेरो पुकार सुनेर प्रभूले आफ्नो अस्तित्वको संकेत दिन र मेरो गिरफ्तारीप्रति आफ्नो असन्तुष्टिको

उठाएको छ । यो प्रश्नमा हामी गंभीर हुनु जरुरी देखिएको छ ।

"गणेशले दूध खाए !"

यो हल्ला व्यापक हुन नपाई काठमाडौंका गणेशथानहरुमा "के हो हँ, यसमा कुनै रहस्य छ कि ?" भनी थोरै मान्छेहरु मात्र हेर्न पुगे । असंख्य मानिसहरु चाहिं बिनाप्रश्न, विना शंका हातमा दूध बोकेर भगवानलाई चढाउन र "पुण्य कमाउन" दौडे । सडकहरुसम्म ढाकेर लाइन लागेका यस्ता अन्धभक्तहरुमा ठूलो संख्या महिलाहरुको थियो । तिनीहरुमा वृद्धा महिलाहरु मात्र हैन, युवती महिलाहरुको पनि ठूलो सहभागिता देखिन्थ्यो । लाइनमा पुरुषहरु पनि कम थिएनन्, यतिसम्म कि विज्ञान पढेका केही युवकहरु पनि "भगवानलाई दूध खुवाएर धर्म कमाउन" लाइनमा घण्टौं उभिएका थिए ।

काठमाडौं कमलादीको गणेशथानको विशाल भीडमा गणेशको मूर्तिभन्दा अलिपर दूध जमेको, बगेको दृश्यलाई कसैले पनि ध्यान दिएन । ध्यान दिने एक दुई जनालाई पनि भीडले हकारेर पठायो ।

वैज्ञानिक सामाजिक सोंच राख्ने भनिएका केही वामपन्थी कार्यकर्ताहरुले पनि यो पंक्तिको लेखकलाई घटनाको बारेमा बताउनु भयो- "हो, गणेशले दूध खाएकै हो !"

"कसरी ?" - प्रश्न सोद्धा उहाँहरुको जवाफ थियो- "आफ्नै आँखाले देखेपछि पनि कसरी विश्वास नगर्ने ? चम्चाको दूध देखादेख घट्दै गएर चम्चा रित्तिएको देखियो ।"

"रित्तिएको हुन सक्छ, तर सुँडले सोस्ने वा त्यसबाट पोखिने वा यस्तै कुनै प्रष्ट कारण हुनुपर्छ, कारण खोज्नु पर्छ । हामीले 'गणेशले दूध खायो'

वैज्ञानिकहरुको अनुसन्धानको विवरण प्राप्त भयो र ती मित्रहरुलगायत सबै सर्वसाधारण जनतामासमेत वास्तविकताको रहस्योद्घाटन भयो । यत्ति छिट्टै यो वास्तविकता पत्ता नलागेको भए के हुन्थ्यो ?

केही वर्षअघि काठमाडौं बौद्धनेर रामघाट-आरुवारी भेकको एउटा सीम-खेतमा सात टाउके सर्प देखियो भनी हल्ला हुँदा जे भयो, त्यस्तै हुन सक्थ्यो ।

त्यतिखेर केही हप्तासम्म नै विशाल मेला त्यहाँ चल्यो । तत्कालै सडक बन्यो, चियापसलदेखि लिएर हडकङ्ग सामानका पसलसम्म खेतखेतमा खडा भए । ध्वजा-पताका टांगिए । मिठाइ र चिया पसलेहरुले हिन्दीका फिल्मी भजनहरु ठूलो स्वरमा घन्काएर वातावरणलाई धार्मिक रुप दिएर ठूलो व्यापार गरे ।

यस्ता किम्बदन्तीहरु प्रशस्त सुनिन थाले- एउटा केटोले सात टाउके नागको

निन्दा गरेछ, ऊ त्यहीं भुतुक्कै भएछ, एउटा बूढोले एक दर्जन माला नागलाई चढाएछ, त्यही दिन उसको सोह्र वर्षदेखि हराइरहेको छोरो टुप्लुक्क घर आइपुगेछ । आदि आदि अनेक ।

हुँदा हुँदा त्यहाँ तात्कालीन पञ्चायती सरकारले विशाल नागमन्दिर बनाउन र वरिपरि पर्खाल घेर्न नाप जाँच समेत गरेको केही दिनमा पो थाहा भयो- सात टाउके भनिएको नाग त कसैले भकुयाउन राखिदिएको प्लाष्टिकको सर्प पो रहेछ ! जसलाई पर कतैबाट धागोले बाँधेर तानेर चलाउने गरिएको रहेछ ।

शायद् यो गणेशले दूध खाएको भन्ने कुराको रहस्य पनि बेलैमा थाहा हुन नसकेको भए यस्तै केही यहाँ जरुर हुनेवाला थियो । नाफाखोरहरु र रुढीवादका प्रचारकहरु मिलेर शायद् थुप्रै नाफामुखी मेला र दर्शन-यात्राहरु शुरू गरिन्थे । धर्मका ठेकेदारहरुले वैज्ञानिक सोचहरुलाई चुनौती दिन्थे । स्वर्ग जाने सपना देखेर सबै अबोध जनताहरु मन्दिर मन्दिर भौंतारिन्थे । प्रतिक्रियावादीहरु एक स्वरले भन्थे होलान्- "अब आन्दोलन, संघर्ष आदि गर्नु जरुरी छैन, भगवान ज्यूँदै छन्, सबथोक उनैले गर्नेछन् ।" आदि ।

यो भनेको संसारको इतिहास र मानव सभ्यताको विकासमा ठूलो र उलटपुलटकारी हेरफेर ल्याउने ठूलो प्रतिगामी र प्रतिक्रियावादी सोच हुन्थ्यो ।

यस्तो ठूलो असर पर्ने कुरोमा हाम्रा कतिपय वाममित्रहरु किन अझै "क्या हो क्या हो ?" भन्ने स्तरमा वा यसलाई पत्याउने स्तरमा रहनु भएको छ ?- यो उउटा गंभीर र सोचनीय प्रश्न हो ।

"यस्तो हुनै सक्दैन, अस्तित्वमा हुँदै नभएको र मान्छेको अज्ञानको कारण उसको दिमागमा जन्मेको कमजोरीमा मात्र बाँचेको 'ईश्वर' भन्ने काल्पनिक वस्तु जिउँदो हुनै सक्दैन । त्यसैले त्यसको मूर्तिले दूध खान सक्ने कुरै आउँदैन । चम्चाको दूध सोसिएको चाहिं हो, तर यसको वैज्ञानिक अनुसन्धान हुनु पर्छ ।

किन हाम्रा ती वाममित्रहरु यसो भन्ने हैसियतमा पुग्नु भएन ? उहाँहरुले यसो गर्न सक्नु पर्थ्यो । तर सक्नु भएन । किन ? यसको कारण खोज्नु जरुरी छ ।

वास्तवमा, यसको कारण हो- उहाँहरुमा वैज्ञानिक दृष्टिकोण नै नहुनु वा आफूभित्रको दार्शनिक अडान कमजोर हुनु, अस्पष्ट हुनु । दार्शनिक अडानलाई बलियो पार्न र स्पष्ट पार्न उहाँहरुले ध्यान दिनु भएको छैन । ईश्वरबारे यथार्थ ज्ञान, कुनै पनि घटनाको कार्य-कारण संबन्धको जानकारी, त्यसलाई हेर्ने, बुझ्ने, वैज्ञानिक पद्धतिको खोजी आदि दिशामा मुलुकमा वाम आन्दोलनले २०४६ सालपछि अत्यन्त कम ध्यान दिएको छ । थुप्रै नयाँ कार्यकर्ताहरु त्यसपछि आन्दोलनमा पसेका छन्, तर तिनको वैचारिक-सैद्धान्तिक प्रशिक्षण अत्यन्त कम हुने गरेको छ । प्रशिक्षणहरु केवल दैनिक राजनीतिका बारेमा हुने गरेका छन् ।

कार्यकर्ताहरुको दृष्टिकोण (Outlook) लाई द्वन्द्वात्मक भौतिकवादी बनाउने खालका प्रशिक्षणहरु त अत्यन्त कम हुने गरेका छन् । पार्टी नजीकका अखवारहरुमा यी क्षेत्रहरुका सामग्रीहरु प्रकाशित हुनै छाडेका छन् । छलफल, वाद-विवाद, अध्ययन गर्ने र गराउने काम अति मत्थर हुन पुगेका छन् ।

यी कुराहरुमा गंभीरतापूर्वक ध्यान दिई जरुरी कदम नचाल्ने हो भने- हाम्रा वैज्ञानिक र द्वन्द्वात्मक भौतिकवादी सोच राख्ने भनिएका पार्टीका अनुयायीहरु साना-साना रहस्यहरु वा साना-साना भ्रमहरुको पनि शिकार हुने स्थितिको अन्त हुने छैन । शत्रु वर्गका ठूला ठूला चलाखी, जाल र चालवाजीहरु झेलेर अगाडि बढ्नु पर्ने कार्यकर्ताको पंक्तिलाई यस्ता झिना-मसिना तर आधारभूत कुरामै अस्पष्ट र अदृढ राखिराख्ने हो भने हाम्रो आन्दोलन तासको घरजस्तो नाजूक हुँदैन भन्ने के ग्यारेण्टी छ ?

यतिखेर गत असोजको पहिलो साता गणेशलाई कथित दूध खुवाउन लाइनमा उभिएका शिक्षित युवा-युवतीहरुको ठूलो संख्याले बताएको थप एक कुरोमा पनि हाम्रो ध्यान जानु जरुरी छ । त्यो हो-

मान्छेले पढेर मात्र हुने रहेनछ, विज्ञान विषय पढेर मात्र पनि हुँदो रहेनछ । उसको धारणा बनाउने तरीका अवैज्ञानिक वा रुढीवादमा आधारित छ भने जति धेरै पढेको मान्छे भए पनि ऊ छिटै अन्धविश्वासको शिकार हुन पुग्ने रहेछ । त्यसैले आम युवा-युवतीहरुमा बस्तुवादी-वैज्ञानिक विचार प्रणाली विकास गर्नु आजको प्रमुख खाँचो भएको छ । □

## नेपालगंजमा भुसको आगो जस्तो साम्प्रदायिकता

*नेपालको पश्चिमी तराईस्थित चर्चित शहर नेपालगंजमा गत कार्तिक ८ गते स्थानीय एक तरकारी पसलमा विहान पसले र ग्राहकबीचको भनाभन भई कुटपीटसमेत भए पनि सामसुम भएको घटना साँझ भैली खेल्ने टोलीले पटका पड्काएको अर्को निहुँमा बल्झिएर हिन्दू-मुसलमान दंगाको रुपमा फेरिएपछिको स्थिति अझै भुसको आगो झैं रहिरहेको समाचार छ । यस समाचारले देशका जिम्मेवार नागरिकहरुलाई चिन्तित तुल्याएको छ ।*

*सानो घटना चर्किदै गएर दर्जनौंको गिरफ्तारी, लाठी चार्ज, अश्रु ग्याँस प्रयोग र हवाई फायरमा मात्र सीमित रहेन, यसले केही दिन कर्फ्यू लगाउनु पर्ने हदसम्मको आकार लियो । नाहकमा स्थानीय जनताका पसलहरु तोडफोड भए, जलाइए । एउटा हल्ला, आशंका र आतंकको वातावरण नेपालगंज शहरमा व्याप्त भयो ।*

*सर्वदलीय वैठक, सद्भावना जुलूस आदिले स्थितिलाई शान्त पारे पनि जुनसुकै बेला त्यहाँ शान्ति भड्किन सक्ने आशय कांग्रेसी गृहमन्त्री स्वयंले व्यक्त गरेका छन् ।*

*वास्तवमा, पोहोर पनि शिवमन्दिर निर्माणको सन्दर्भमा त्यहाँ यस्तै प्रकृतिको स्थिति बढ्न खोजेको थियो । अहिले पनि स्थिति विश्वसनीय बनेको छैन ।*


*यसरी मुसलमान र हिन्दूहरु दुवै उल्लेखनीय संख्यामा रहेको यस जिल्लामा स्थितिलाई साम्प्रदायिक रंग दिएर विवाद चर्किने हदसम्म बढ्न दिनुमा प्रशासनको कमजोरी र लुटपीट गर्ने हुल्याह वर्गको स्वार्थको हात रहेको निश्चय नै छ । तर यसबाहेक, यसरी त्यहाँ पटक पटक साम्प्रदायिक रंगमा विवाद बढ्न जानुका पछाडिको रहस्य त्यहाँका प्रतिक्रियावादी राजनीतिक पार्टीहरुको अवसरवादी भूमिकालाई पनि सचेत मानिसहरुले लिन थालेका छन् । प्रगतिशील चेतनाको विकास तीव्र गतिमा नभैसकेका आम जनतालाई उचालेर र भड्काएर जुधाउन चाहनेहरुले जुनसुकै स्थानमा पनि छिट्टै यसो गर्न सक्ने संभावना देखिन्छ । तर त्यहाँ "पाकिस्तानको पक्षमा नारा लाग्यो" भन्ने खालको जुन स्थिति समेत पैदा भयो, यसले बुझाउँछ- त्यहाँ छिमेकी मुलुकका प्रतिक्रियावादी राजनीतिक गुटहरुका पिछलग्गूहरुको पनि भित्री घूसपैठ हुन सक्ने संभावना रहेको देखिन्छ ।*

*कारण जेसुकै होस् साम्प्रदायिक दंगाको विउ कहीं पनि प्रकटमा वा लुकेर रहनु पनि राम्रो हुन्न । शोषक वर्ग र यसको मात्र स्वार्थ रक्षा गर्ने देशको समग्र राजनीतिक-सामाजिक परिस्थितिका विरुद्ध शोषित जनता जति सबै एक जूट भएर संघर्षमा उत्रिनु पर्नेमा धर्म र संप्रदायको जालोमा फसेर आपसमा फूट र कलहमा डुब्नुबाट सचेत श्रमजीवी जनताले बच्नु जरुरी छ ।*

□

दीपावलीको
उपलक्ष्यमा
समस्त
देशवासीहरुमा
हार्दिक
शुभकामना !
दुग्ध विकास संस्थान

विजयादशमी तथा
दीपावलीको
उपलक्ष्यमा समस्त देशवासीहरूमा
हार्दिक मंगलमय
शुभकामना !
धरान नगरपालिका परिवार



# गठबन्धन सरकारको पचास दिन

**कुर्सीको छिनाझप्टी, अकर्मण्यता र अन्यौलमै गठबन्धन सरकारको पहिलो पचास दिन बितेको छ**

कुर्सीको छिनाझप्टी, अकर्मण्यता र अन्यौलमै ने.का., रा.प्र.पा. र सद्भावना पार्टीको गठबन्धन सरकारको पहिलो पचास दिन बितेको छ।

पहिलो पाँच सात दिनसम्म मंत्री-मण्डल नै गठन गर्न नसक्नुले गठबन्धन सरकारभित्र कुर्सीको छिनाझप्टी कति चर्को रहेछ, त्यो प्रष्टै अभिव्यक्त भएको छ। त्यसमाथि थप, पहिलो पचास दिनसम्ममा राष्ट्रिय योजना आयोग नै गठन हुन सकेन। योजना आयोगको गठन विना नै बजेट पेश गर्नुपर्ने हदको संकट गठबन्धन सरकारका प्रारंभिक दिनहरुमै देखा पर्नुले यो सरकारको पतन अल्पायुमै हुन सक्ने र त्यसको मुख्य कारण कुर्सी तानातान नै हुनसक्ने संभावना औंल्याएको छ।

गठबन्धन सरकारको पहिलो पचास दिनको मुख्य काम भनेको नयाँ बजेट पेश गर्नु रह्यो। योदेखि बाहेक, अर्को कुनै उल्लेखनीय काम उसबाट भएको देखिएन।

बजेटमा नयाँ उल्लेख्य कुरा भनेको विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषलाई प्रशन्न पार्न नेपालको अर्थतन्त्रलाई फुक्काफाल उदारीकरण गर्ने योजना र स्थानीय स्तरमा विकेन्द्रकरणको नीति मात्र देखियो। सुधारका सवालमा गठबन्धन सरकाले कुनै नयाँपन र मौलिकता देखाउन सकेन। ऊ हूबहू एमालेकै पदचिन्हमा हिंड्न खोजेको देखियो। एमालेलाई वितरणमुखी बजेट ल्यायो भनेर घोर आलोचना गर्ने पार्टीहरुले आफू सत्तामा गएपछि उत्तिकै वितरणमुखी बजेट ल्याउनुले देखाएको छ- उनीहरुको आलोचनामा कुनै तुक थिएन र त्यो नैतिकताहीन आलोचना थियो।

बजेटमा प्रहरी र सेनाको खर्च निकै बढाइएको छ। तर अरु सबै विकास खर्च भने एमाले-बजेटको तुलनामा घटाइएका छन्। गठबन्धन सरकारको यो परिघटनाले दुई वटा नियत प्रष्ट पारेको छ। एउटा, नेपालमा अब यो सरकारले प्रतिक्रियावादी दमन-यन्त्र र दमनात्मक कार्वाही निकै बढाउने वाला छ। अर्को, यो सरकार आफू कुर्सीमा टिक्न प्रहरी र सेनालाई खूश पार्न चाहन्छ।

हामी सरकारमा आएमा अरुण फर्काउँछौं भनेर जतिसुकै हल्ला गरे पनि यो आर्थिक वर्षमा अरुण तेस्रोको लागि कुनै बजेट छुट्याएको देखिएन। यसले छर्लंग्याएकोछ- त्यो हल्ला गँजडीको गफ सिवाय केही थिएन र उनीहरु आफैं यो मामलामा हताश भइसकेका छन्।

गठबन्धन सरकारको अर्को काम रेडियो र टिभीबाट आउने प्रगतिशील कार्यक्रम वन्द गर्नु रहेको छ। बहुदलीय व्यवस्था भएको मुलुकमा बहुदलीय संस्कृतिलाई फुल्न मौलाउनु दिनु बृहदलीय प्रजातन्तको चरित्र हुनुपर्ने। तर गठबन्धन सरकारले यो प्रजातान्त्रिक चरित्र पटक्कै देखाएन, उसले एकदलीय चरित्र प्रदर्शित गर्‍यो। उसले रेडियो नेपालमा "जागृति गान" बन्द गर्‍यो। यसको सट्टामा धार्मिक कार्यक्रमको समय दोब्बर पार्‍यो। यसले देखाएको छ- गठबन्धन सरकार जनता चेतनशील र जागृत होलान् भनेर निकै भयभीत त। जनतालाई बिउँझाउनुको सट्टा ऊ जनतालाई धर्मको निहुँमा अन्धकारमै राखिराख्न चाहन्छ।

गठबन्धन सरकार आएपछि देशमा हत्या र गुण्डोगर्दी निकै बढेको छ। राजधानीमै समसाँझै विदेशी नागरिक सहितको हत्या भएको छ, जस्तो- हालै ठमेलमा। जिल्लाहरुमा हिजोका कांग्रेस र मण्डले गुण्डाहरु फेरि निकै चम्किन थालेका र जथाभावी भिन्न विचारका मानिसहरुलाई शारीरिक आक्रमण गर्न थालेका देखिएका छन्।

ठोस कामका हिसावले यसरी चिरफार गर्ने हो भने गठबन्धन सरकारको पचास दिनलाई 'अकर्मण्यताको सात हप्ता' भनिदिएमा केही फरक पर्ने छैन। प्रशासनमा अन्ध रुपले आफ्ना राजनीतिक मतियार-हरुलाई भित्र्याउने र अरुलाई पाखा लगाउने काममा तीव्रता ल्याउन थालिएको छ।

बाँकी उसको काम गर्ने समय सबैभन्दा बेसी कुर्सीको झगडाले नै चट पारेको देखियो। अकर्मण्यता त्यसैको परिणाम मात्र हो।

राप्रपाले शुरुदेखि नै आफ्नो औकातभन्दा धेरै ठूलो भाग मन्त्री मण्डलमा खोज्यो र त्यो पायो पनि। राप्रपाका झण्डै धेरैजसो सांसद पूर्वपंचहरुले मंत्री हुने सौभाग्य पाए।

तर यसले उनीहरुको आकांक्षा पूर्ति भएन, बरु यो अझ चर्को भएर चुलियो। अहिले उनीहरु संपूर्ण राजनीतिक नियुक्तिमा आफ्नो सामर्थ्यभन्दा धेरै ठूलो भाग लिई छाड्न कम्मर कसेर लागिरहेछन्। यस्तो प्रतीत हुन्छ- राप्रपाले सरकारमा जानु र रहनुलाई आफ्नो शक्ति सुदृढीकरणको सबैभन्दा अहं मौका ठानिरहेछ।

येनकेन प्रकारेण आफ्नो सांगठनिक शक्ति बलियो पार्नुलाई नै उसले आफ्नो मुख्य रणनीति बनाएको देखिएको छ।

औंलो दिंदा डुँडुल्नो निल्न खोज्ने राप्रापाको व्यवहारले नेपाली कांग्रेसलाई अहिले निकै त्रसित, क्षुब्ध र संकटग्रस्त बनाएको देखिएको छ। तलदेखि माथिसम्म कांग्रेसी नेता र कार्यकर्ताहरुले आफू निकै ठगिएको र राप्रपाले अझै ब्ल्याक्मेल गरिरहेको महसुस गरिरहेका छन्। कांग्रेसमा सर्वत्र अपमानवोध छाएको देखिन्छ। नेपाली कांग्रेसका मुखर नेता गिरिजाप्रसाद कोइरालाले खुलेआम नै घोषणा गरेका छन्- राप्रपा असलमा पार्टी नै भइसकेको रहेनछ।


**प्रगतिशील पुस्तक-पत्रिकाको एकमात्र पसल**



रूस, चीन, भारत, नेपाल लगायत विश्वकै वामपन्थी साहित्य सम्बन्धी पुस्तक एवं पत्रिकाहरूका लागि सम्पर्क राख्नु होस्

*हामी नेपाली तथा विदेशी पुस्तक-पत्रिकाहरू काठमाडौं बाहिर पनि वितरण गर्छौं।*

**पुस्तक पत्रपत्रिका बिक्री तथा वितरण केन्द्र प्रा. लि.**
डिल्लीबजार उकालो, काठमाडौं, फोन: ४२१०७५



**विकास अभियानमा व्यापक जनसहभागिता ! हरित नगरी पहिलो प्राथमिकता !!**

डोरमणी पौडेल, *मेयर*
तथा
हेटौंडा नगरपालिका परिवार
हेटौंडा

उता राप्रपाका खरा नेता सूर्यबहादुर थापाले पनि घोषणा गरेका छन्- अहिले सत्तारुढ पार्टीभित्र शीतयुद्ध शुरु भएको छ। यी पोलापोलहरुले कांग्रेस राप्रपा बीचको हालको अन्तरबिरोध र वैमनस्यलाई एक हदसम्म उदांगो पारेका छन्। यसले सरकारको भविष्यबारे चारैतिर अन्यौल पैदा गरेको छ।

के यो शीतयुद्धले गठबन्धन सरकारको पतन नै हुने हदसम्म विकास गर्ला त ? के तुरुन्तै यो सरकार गिर्ला र फेरि एमालेको सरकार आउला त ?

सरकार गिर्नासाथ पुनः एमाले सरकार आउने भयले मात्रै कांग्रेस र राप्रपालाई अहिले एकै ठाउँमा जोडेको छ। यो भय अहिले पनि व्याप्त छ र यसको त्रास सबैभन्दा बेसी नेपाली कांग्रेसलाई भएको देखिएको छ। कांग्रेस यतिखेर हर मूल्यमा एकलौटी एमाले सरकार आउन नदिन कार्यरत छ।

यस परिप्रेक्ष्यमा गठबन्धन सरकार अहिले तुरुन्तै गिरेर एमालेको एकलौटी सरकार आउने संभावना निकै कम देखिएको छ।

राप्रपाले यही ढंगले पेल्दै लग्यो र कांग्रेस पार्टीभित्र त्यही कारणले चर्को संकट पैदा भयो भने, बढी संभावना छ- उसले आफू सत्तामा रहेर फेरि मध्यावधि चुनावमा जाने विकल्प रोज्न वाध्य हुनेछ। किनकि भएका विकल्पहरुमध्ये यसैमा उसलाई तुलनात्मक लाभ बेसी देखिएको छ। तर उसले घचेटिएर भित्तामा पुगेपछि मात्र यो विकल्पको चयन गर्नेछ।

नेकपा (एमाले) भने घटनाक्रमलाई त्यो दिशामा जान नदिन क्रियाशील भएको छ। एमालेको हालै भएको केन्द्रीय समितिको बैठकले एमाले राप्रपा संयुक्त सरकारको निम्ति सिद्धान्ततः ढोका खुला गरिदिएको छ। अब त्यस बैठकको निर्णय अनुसार राप्रपा जस्तो अति दक्षिणपन्थी शक्तिसित मिलेर सरकार बनाउन पनि एमालेलाई कुनै आपत्ति देखिन्न। यस स्थितिमा घटनाक्रम प्रवाहित हुनसक्ने अर्को दिशा भनेको एमाले-राप्रपा गठबन्धन सरकार हो।

परिदृष्यमा विकल्प त अरु पनि छन्- जस्तो कांग्रेस-एमाले सरकार वा सबै पार्टीको आनुपातिक सरकार आदि। तर यी मध्ये कुनै विकल्प कार्यान्वयन हुनको निमित्त पनि अहिले भावभूमि तयार देखिन्न।

नेपालका श्रमिक वर्ग र पीडित जनताको प्रगति र वर्ग संघर्षको विकासको हिसाबले भने संसदीय सीमाभित्र तुलनात्मक फाइदा कांग्रेस-राप्रपा बीचको हालको संकट झन् झन् गहिरिंदै जानुमा छ र, गंभीर संकटकै कारणले र गंभीर संकटकै अवस्थामा चुनाव घोषणा हुनु र एकलौटी वाम सरकार बन्नुमा देखिन्छ। ❑

# 'प्रजातान्त्रिक' संचार नीति र गोरखापत्रमा प्रहरी



एकातिर हालैमात्र नेपाली कांग्रेसको संसदीय दलको सूचना तथा संचार विषय समितिले तयार पारेको संचार संबन्धी प्रतिवेदनद्वारा त्यस पार्टीले 'उदारतातर्फ उन्मुख खालका परिमार्जनहरु सहित संचार नीति कार्यान्वयन गर्नु वाञ्छनीय' भएको सुझाव सरकारलाई दिइरहेको छ। अर्कातिर व्यवहारमा भने यसै पार्टीको नेतृत्वको वर्तमान गठबन्धन सरकार संचार क्षेत्रमा अत्यन्त अनुदार रवैया प्रदर्शन गरिरहेको छ।

गत महिना प्रम शेरबहादुर देउवा अमेरिकी राष्ट्रपति बिल क्लिन्टनसँगै उभिएको एउटा फोटो गोरखापत्रले भित्री पेजमा छापेकोमा प्रम र निजका आसेपासेहरुद्वारा गोरखापत्रलाई ठूलो दवाब र अवगाल दिइयो। फेरि केही दिनपछि सोही फोटो प्रथम पृष्ठमा छाप्न गोरखापत्रका संपादकहरु बाध्य भए।

स्मरणीय छ, गोरखापत्रका संपादकहरुलाई यसरी आफ्नो एउटा फोटोको निम्ति गाइजात्रे काम गर्न बाध्य गर्ने कांग्रेसीहरु आफ्नो प्रतिवेदनमा भने यस्तो लेख्न पछि पर्दैनन्- "एकाधिकारवादी प्रणालीले निरन्तरता पाइरहेको संरचनाबाट प्रजातन्त्र अनुरुपको प्रतिफल कहिल्यै प्राप्त हुँदैन।"

सांसद् नरहरि आचार्यको संयोजकत्वमा गठित सो सूचना तथा संचार समितिमार्फत् कांग्रेसीहरु संचार माध्यमहरुलाई "प्रजातन्त्र अनुरुप संचालन गर्न" भनी ठूला ठूला कूरा गरिरहेछन्। तर यिनको व्यवहारले देखाइरहेछ यिनीहरुको कथित "प्रजातन्त्र" को सक्कली अनुहार !

यो प्रतिवेदनमा सरकारी संचार माध्यमलाई निजीकरणमा लगी पश्चिमा पूँजीवादीहरुको स्वार्थसिद्धि गराउने आतुरी तीव्र रुपमा प्रकट भएको छ।

सार्वजनिक राष्ट्रिय प्रसारणले मादक पदार्थको प्रचारलाई निरुत्साहित गर्नुपर्छ भन्ने सानो सकारात्मक अव-धारणा बाहेक बाँकी विषयहरुमा संचार माध्यमका भाषा-शैली, प्राविधिक विस्तार आदि गौण महत्त्वका कुराहरुमा मात्र यो कांग्रेसी प्रतिवेदन केन्द्रित छ। यसले शब्दमा पंचायती व्यवस्थाको एकाधिकारवादी संचार प्रणालीको विरोध भने गरेको छ तर पंचायती कुशासनको एकाधिकारवादको विरुद्ध "सबै विचारलाई समान स्थान दिनुपर्छ" भन्ने प्रजातान्त्रिक अवधारणालाई चाहिं कहीं शब्दमा वा आशयमा मात्रै पनि उल्लेख गरेको छैन।

'प्रजातन्त्र' को दुहाई दिने कांग्रेसीहरु सत्तामा आउन नपाई प्रगतिशील गीत संगीतका कार्यक्रमहरु र साहित्यहरु रेडियो, टि.भी.बाट निमिट्यान्न पारिएका छन्।

साथै आफ्नो एउटा फोटोलाई मुखपृष्ठमा छाप्न गोरखापत्र लाई निर्लज्ज दवाब दिने यी कांग्रेसीहरुको नेतृत्वको वर्तमान सरकारले गोरखापत्रमा अर्को निर्लज्जता प्रदर्शन हालै मात्र गरेको छ।

गत कार्तिक २१ गते सरकारले गोरखापत्रमा प्रहरी पठाई ६ जना संपादकलाई पक्राउ गरी वयान लिने काम गरेको छ। गोरखापत्रको सहप्रकाशन 'सण्डे डिस्प्याच' मा राजाको एउटा फोटो मुनिको क्याप्सन अर्कै पर्न गई भिन्न अर्थ लाग्न गएको थियो।

जुनसुकै प्रकाशनमा पनि यस्ता भूलहरु कहिले काहीं हुन सक्छन्। यस्तोमा भूल स्वीकारी क्षमायाचना गर्ने काम प्रकाशनले गर्ने गर्छ। तर "सण्डे डिस्प्याच" लाई यति गरेर मात्र पनि पुगेन। संबन्धित कर्मचारीको ग्रेड रोक्का गरियो। यसबारे छानबिन समिति गठन गरियो। यतिले नपुगेर यसरी गत कार्तिक २१ गते पत्रकारहरुलाई पक्राउ गरी पुलिस-वयान समेत लिइयो।

जनताका आदरणीय जन-नेताहरुलाई कुतत्व, अराष्ट्रिय, आतंकवादी भनी ठाडै लेख्ने गोरखापत्रमा पंचायती कालमा निरंकुश राजाको परिवारका सदस्यहरुको नाम छाप्दा प्रुफ गल्ती भएमा पनि संपादकको जागीर खोसिन्थ्यो। हिजोको पंचायती कुशासनको यस्तै रवैया आज कांग्रेसी नेतृत्वको वर्तमान सरकारले पनि लिन खोजेको कुरा यस घटनाबाट प्रष्ट हुन्छ।

यसले देखाएको छ- संचारमा प्रजातान्त्रीकरणको कांग्रेसी नारा निजीकरणद्वारा साम्राज्यवादीहरुलाई खुसी पार्ने र तिनको चाकरी गर्ने एउटा कुरामा मात्र केन्द्रित छ। यो साँच्चै प्रजातन्त्रको पक्षमा भने छैन। हैन भने, किन भिन्न मतलाई संचार माध्यमबाट हटाइन्छ ? किन आफ्नो एउटा फोटोको निमित्त त्यत्रो गाईजात्रा गरिन्छ ? किन सामान्य संपादन त्रुटिका निम्ति प्रहरी लगाएर पत्रकारलाई पक्राउ गरिन्छ ? ❑

दीपावलीको उपलक्ष्यमा समस्त देशवासीहरूमा हार्दिक शुभकामना !

काठमाडौं नगरपालिका

विजयादशमी तथा दीपावलीको उपलक्ष्यमा समस्त देशवासीहरूमा हार्दिक शुभकामना !


नेपाल इण्डोस्वेज बैंक लि.
NEPAL INDOSUEZ BANK LTD.

# राबिनको हत्यामा नस्लवादीहरूको हात !

इजरायलका प्रधानमन्त्री यित्ज्याक राबिनको गत कार्तिक १८ गते निर्मम हत्या भयो । राबिनको हत्या न कुनै प्यालेष्टिनी वा अरबीको हातबाट भएको थियो, न यो इरानी वा लेबनानका गुप्तचरहरुले नै गरेका थिए । सो हत्या इजरायलकै एक यहूदी विद्यार्थी यिगाल अमिरको पिस्तोलको गोलीबाट भएको थियो ।

एकजना यहूदीबाटै यहूदी प्रधानमन्त्री राबिनको हत्या हुनुलाई विश्लेषकहरु इजरायलमा दिनदिनै बढिरहेको उग्रवादी नस्लवादी उभारको परिणामको रुपमा व्याख्या गरिरहेका छ; यसै उभारको परिणामस्वरुप इजरायलमा हिंसा-आतंक, हत्या र बम विस्फोटका घटनाहरुमा वृद्धि भैरहेको छ । काच मुभमेन्ट जस्तो उग्रवादी नस्लवादी यहूदी सशस्त्र समूहहरु विकसित हुँदैछन् । यसै श्रृंखलाको कडीको रुपमा प्रधानमन्त्री राबिनको हत्या भएको देखिन्छ ।

इजरायलका यहूदीहरुले फासिवादका उन्नत भ्रुणहरु आफ्नो देशको स्थापना कालदेखि नै अमेरिकालगायतका पूँजीवादी राष्ट्रहरुबाट पाएका थिए । हिटलरको फासिवादी सेनाद्वारा मारिएका, यातना



यित्ज्याक राबिन



हत्यारा यिगाल अमिर

छन् । १९४८ मा स्थापित इजरायल राष्ट्रको इतिहासमै पहिलो पटक एक प्रधानमन्त्रीको हत्या हुनुमा बाहिरी परिदृष्यमा यिगाल अमिर नामक एक यहूदी विद्यार्थीको हात रहेको देखिन्छ । तर सतहभित्र खोतलेर हेर्ने हो भने देखिन्छ- प्यालेष्टिनी र अरब जनतासंगको 'शान्ति संझौता' लाई क्रियान्वयन हुन नदिने अठोटसहित राबिनको हत्या गर्ने यिगाल अमिर जस्ता यहूदी मध्यमवर्गीय युवाहरुमा फासीवादी भावनाको उभार बढिरहेको

दिइएका र लखेटिएका यहूदीहरुले अमेरिको अगुवाइमा अलिकति जमीन पाएपछि प्यालेष्टिनी र अरबीहरुलाई लखेट्ने, मार्ने फासीवादी शैलीका कामहरु इजरायली शासक वर्ग र उग्र यहूदीहरुले गर्दै आएका छन् ।

प्यालेस्टिनी र अरव जनतामाथिको तीन तीन पटकको कहालीलाग्दो युद्ध र चारदशकभन्दा लामो टकराव आदि सबै इजरायली यहूदीहरुबीच हुर्कंदो फासिवादकै नमूना हुन् । प्यालेस्टिनीहरुको स्वायत्त शासन र अरव जनताप्रति शान्तिको हात मिलाउने ल्याबोर पार्टीका प्रधानमन्त्री यित्ज्याक राबिनको सामान्य सुधारवादी काम पनि यी फासीवादीहरुलाई पचेन र त्यस फासिवादले राबिनको निर्ममतापूर्वक हत्या गऱ्यो ।


उत्तम स्वाद.........
भरपूर सन्तुष्टि !

राजहंस घ्यू
राजहंस तेल



ऋषिराज बरालद्वारा लिखित
मार्क्सवादी साहित्य चिन्तनसंबन्धी
लेखहरुको संगालो

मार्क्सवाद र उत्तर आधुनिकतावाद
बजारमा उपलब्ध छ ।



नवयुवा मासिक

युवाहरूको निम्ति
ज्ञानवर्धक, जीवनमुखी र
प्रगतिमुखी मासिक
प्रकाशन !



*पहिलो अंक आगामी पुस*
*१५ गते प्रकाशित हुँदैछ ।*


नव युवा मासिक

मूल्यांकनको सहकर्मी

तपाई आफ्ना छोराछोरीहरूका निम्ति,
भाइ-बहिनीहरूका निम्ति
स्वस्थ्य र ज्ञानवर्द्धक पाठ्य सामग्रीहरूको खोजीमा हुनुहुन्छ ?
तपाईंको यही खोजीबाट प्रेरित भएर
हामी यो युवा-प्रकाशन शुरू गर्दैछौं ।
यसलाई बढीभन्दा बढी उपयोगी बनाउन तपाईंको सुझाव
हामीलाई पठाउनुहोस् ।
तथ्यमा आधारित लेख-रचनाहरूको निम्ति पनि हामी
यहाँहरूसँग अनुरोध गर्दछौं ।
*विक्रीको निम्ति आफूलाई के कति प्रति जरूरी हुन्छ,*
*सो खुलाएर मंसिर १५ भित्र पत्रद्वारा सूचना गर्नको निम्ति*
*विक्रेताहरूलाई पनि अनुरोध गर्दछौं ।*

-नव युवा मासिक
**अन्तर्क्रिया प्रकाशन प्रा. लि.,**
**फोनः ४२२७६९, पो.ब.नं. ७०५०, पुतलीसडक**


**मूल्यांकनको अफिस सरेको सूचना !**




न्हूसाल, भोछेंबाट
यस मासिकको कार्यालय
पुतली सडक, काठमाडौंमा
सरेको छ ।

१० पेजको बाँकी



संस्थाहरुले द्विपक्षीय विकास सहयोग मार्फत् गरीबीमा बाँचिरहेका महिलाहरुको सेवा पुऱ्याउने लक्ष्य राख्नु पर्छ र त्यस्तो वातावरण तयार गर्नुपर्छ, जसले महिलाहरुलाई दीगो जीविका जुटाउन र कायम गर्न सक्षम पारोस् ।

## संयुक्त राष्ट्र संघका विश्व महिला सम्मेलनहरू

### कहिले कहिले कहाँ कहाँ भएका थिए ?

| क्रम | स्थान | साल | प्रतिनिधि संख्या |
|---|---|---|---|
| पहिलो | मेक्सिको सिटी | १९७५ | ३ हजार |
| दोस्रो | कोपेनहेगन, डेनमार्क | १९८५ | ८ हजार |
| तेस्रो | नैरोवी, केन्या | १९९० | १३ हजार |
| चौथो | बेइजिङ, चीन | १९९५ | १७ हजार |

*शिक्षा*

मंचले औंल्याएको छ– शिक्षा आधारभूत मानव अधिकार हो र यो समानता, विकास र शान्तिको लक्ष्य हासिल गर्नका लागि जरुरी साधन हो । पक्षपातरहित शिक्षाले बालक र बालिका दुवैलाई फाइदा पुऱ्याउँछ र यसरी अन्ततः महिला र पुरुषका बीच अरु बढी समान संबन्ध कायम गर्न योगदान पुऱ्याउँछ ।

महिलाहरुको साक्षरता-परिवारको स्वास्थ्य, पौष्टिक खाना र शिक्षाको विकासको लागि समाजको निर्णय लिने प्रक्रियामा महिलाहरुले सहभागी हुन सक्ने पार्नका लागि एउटा महत्त्वपूर्ण साँचो हो ।

बालिका र महिलाहरुको औपचारिक र अनौपचारिक शिक्षा र तालिममा गर्ने लगानीले अपवादरहित ढंगले उच्च सामाजिक र आर्थिक प्रतिफल मात्र दिने होइन, दीगो विकास र आर्थिक संवृद्धिका लागि यो सबभन्दा राम्रो साधनहरुमध्ये एउटा सावित भएको छ ।

प्राथमिक शिक्षामा बालिका र बालकहरुले समान पहुँच हासिल गरिसके तापनि उच्च गुणस्तरको शिक्षामा भने बालिकाहरुको पूर्ण पहुँचको अभाव छ । विशेषतः विज्ञानको पाठ्यक्रम लैंगिक पूर्वाग्रहले ग्रस्त छ । संसारका ९६ करोड निरक्षर वयस्कहरुमध्ये दुई तिहाईभन्दा बेसी त महिलाहरु नै छन् ।

मञ्चले, त्यसैले, मुख्य रुपमा सबै देशका सरकारहरुलाई यी काम कारवाही गर्न आव्हान गरेको छ–

❑ सन् २००० सम्ममा, प्राथमिक शिक्षा पाउने उमेरका कम्तीमा ८०% केटाकेटीहरुलाई आधारभूत शिक्षामा सार्वजनिक पहूँच र पूर्ण प्राथमिक शिक्षा सुनिश्चित पार्ने ।

❑ सन् २००५ सम्ममा, प्राथमिक र माध्यमिक तहको शिक्षामा रहेको लैंगिक खाडल पुरिसक्ने ।

❑ व्यक्तित्व विकास, तालिम, छात्रवृत्ति र विद्वतवृत्तिमा महिलाहरुको समान पहुँच सुनिश्चित हुने गरी र उपयुक्त समयमा सकारात्मक कदम चाल्दै जाने गरी उच्च शिक्षाको संपूर्ण क्षेत्रका पहुँचमा विद्यमान लैंगिक भेदभाव उन्मूलन गर्ने ।

❑ सन् २००० सम्ममा महिलाहरुको निरक्षरता दर सन् १९९० को स्तरभन्दा कम्तीमा आधा हुनेगरी घटाउने

❑ विज्ञान र प्रविधिका क्षेत्रमा भेदभावरहित शिक्षा र तालीमको विकास गर्ने, जसभित्र व्यावसायिक तालीम पनि पर्दछ ।

*स्वास्थ्य*

मञ्चले औंल्याएको छ–

संभव शारीरिक र मानसिक स्थास्थ्यको उच्चतम प्राप्त गर्न स्तर प्राप्त गर्ने अधिकार महिलाहरुसित छ ।

स्वास्थ्य भन्नाले रोग र कमजोरी नहुनु मात्र होइन, यो पूर्ण शारीरिक, मानसिक र सामाजिक तन्दुरुस्तताको स्थिति हो ।

महिलाहरुले उच्चतम प्राप्त गर्न संभव स्वास्थ्य स्तर प्राप्त गर्न नसक्नुमा मुख्य तगारो असमानता हो, जुन महिला र पुरुषबीच छ र विभिन्न भौगोलिक क्षेत्रका, सामाजिक वर्गका, आदिवासी र जनजातिका समूहका महिला-महिलाबीच पनि छ ।

महिला स्वास्थ्यको लागि मञ्चले निम्न काम गर्न संपूर्ण सरकारहरुलाई आव्हान गरेको छ–

❑ प्राप्त गर्न संभव उच्चतम शारीरिक र मानसिक स्वास्थ्य निर्वाह गर्ने महिलाहरुको अधिकारलाई पुनः सुनिश्चित गर्ने; महिला र बालिकाहरुको यो अधिकारको रक्षा र अभिवृद्धि गर्ने; राष्ट्रिय कानूनमा यो अधिकार समाविष्ट गर्ने; भएका कानूनहरुको पुनरावलोकन गर्ने ।

❑ जीवन अवधिभर महिलाहरुको स्वास्थ्य आवश्यकतालाई धान्ने खालको विकेन्द्रिकृत स्वास्थ्य सेवालगायत लैंगिक रुपले संवेदनशील स्वास्थ्य कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।

❑ त्यस्ता प्रतिकारात्मक स्वास्थ्य कार्यक्रमहरुलाई सुदृढ गर्ने, जुन कार्यक्रमहरुले महिला स्वास्थ्यका जोखिमहरुसँग सरोकार राख्छन् ।

❑ त्यस्ता लैंगिक रुपले संवेदनशील बहुक्षेत्रीय पहलहरु लिने, जसले एच.आई.भी./एड्स जस्ता सर्वत्र

सबैभन्दा शुद्ध, स्वास्थ्यवर्द्धक तथा गुणस्तरयुक्त

# नेपाल वनस्पति घ्यू उद्योग लि. का

सम्पूर्ण उत्पादनहरूमा

# बम्पर उपहार कार्यक्रम योजना

लागू गरिएको छ ।

स्वस्थ जीवनको लागि आजै उपरोक्त उत्पादनहरु खरिद गरौं

र

बम्पर उपहार कार्यक्रममा सहभागी बनौं ।




नेपाल वनस्पति घ्यू उद्योग लि.

कालिमाटी, काठमाडौं, फोनः २७१२०८, हेटौडा, फोनः २०६६०

फैलिएका यौनकार्यले सर्ने सरुवा रोगहरु तथा अन्य यौनजन्य र प्रजननसँग संबन्धित स्वास्थ्य समस्याहरुसँग सरोकार राख्छ ।

❑ महिला स्वास्थ्य संबन्धमा अनुसन्धान र सूचना प्रसार गर्ने ।

*हिंसा*

मञ्चले पहिलो पटक महिलामाथि हुने हिंसालाई पनि मुख्य सरोकारको विषय बनाएको छ ।

"महिला विरुद्धको हिंसा भन्नाले मञ्चले त्यस्ता कुनै पनि लिंगमा आधारित हिंसाहरु बुझिन्छ भनेको छ, जसले महिलाहरुलाई शारीरिक, यौनजन्य वा मनोवैज्ञानिक नोक्सानी वा दुःख पुऱ्याउँछ वा पुऱ्याउने संभावना राख्छ । चाहे सार्वजनिक रुपले होस् वा व्यक्तिगत जीवनमा, बल प्रयोग वा महिला स्वतन्त्रताको मनोमानी हनन् पनि महिलामाथिको हिंसा हो ।

संचार माध्यममा महिलाहरुमाथि हुने हिंसाका दृश्यहरु देखाइनु, विशेष गरी– बलात्कार, यौन दासत्व, महिलाहरुलाई र बालिकाहरुलाई यौन साधनका रुपमा देखाउने दृश्यहरु प्रदर्शन गर्नु, नांगा यौन दृश्यहरु संबन्धी साहित्य (Pornography) त्यस्ता तत्वहरु हुन, जसले लगातार महिलामाथिको हिंसा कायम राख्छ ।

महिलामाथिको हिंसालाई उन्मूलन गर्न मंचले सरकारहरुलाई निम्न कुराहरु गर्न आव्हान गरेको छ :

❑ महिलामाथिको हिंसालाई भर्त्सना गर्नु,

❑ हिंसाबाट पीडित महिलाहरुलाई न्याय संयन्त्रको पहुँचमा पुऱ्याई दिनु,

❑ महिलामाथि हिंसात्मक कार्य गर्ने अपराधीहरु विरुद्ध कानून बनाउनु र लागू गर्नु;

❑ हिंसाको शिकार भएका महिलाहरुलाई र बालिकाहरुलाई आश्रय र राहत सहयोग प्रदान गर्नु, जसभित्र स्वास्थ्य सल्लाह, मनोवैज्ञानिक र अन्य सल्लाहहरु पनि पर्दछन्;

❑ त्यस्ता बालिका, युवा र बयस्क महिलाहरु, जो त्यस्ता अभिशापपूर्ण संबन्धमा संलग्न छन् वा संलग्न हुँदै आएका छन, उनीहरुको निम्ति सरसल्लाह दिने, उपचार गर्ने र सहयोग गर्ने खालका कार्यक्रमहरु संचालन गर्नु;

❑ हिंसा सिर्जना गर्ने खालका संचार माध्यमका कार्यक्रम प्रस्तुतिका ढाँचाहरु उन्मूलन गर्नु; संचार माध्यमको विषयवस्तुको उत्तरदायित्व सम्हालेका–हरुलाई व्यावसायिक मार्ग निर्देशन र आचार संहिता पालना गर्न प्रोत्साहित गर्नु ।

*आर्थिक सहभागिता*

मंचले यस दस्तावेज मुताविक विभिन्न सरकारहरुले लिनु पर्ने कदमहरुबारे पुग्रै सुझावहरु प्रस्तुत गरेको छ । त्यसले यी कदमहरु चाल्न सरकारहरुलाई आव्हान गरेको छ :

❑ समान कामको र समान मूल्यको कामको लागि समान ज्याला संबन्धी महिला र पुरुषको अधिकार ग्यारेण्टी गर्नका लागि कानून बनाउनु र लागू गर्नु;

> संचार माध्यममा महिलाहरूमाथि हुने हिंसाका दृश्यहरू देखाइनुले लगातार महिलामाथिको हिंसा कायम राख्छ

❑ त्यस्ता भेदभावहरु विरुद्ध कानूनहरु तर्जुमा गर्नु र कार्यान्वयन गर्नु, जुन श्रम बजारमा लिंगको आधारमा हुन्छन्, ज्यालामा काम लगाउने र पदोन्नति गर्ने कुरामा हुन्छन्, रोजगार सुविधाहरु र सामाजिक सुरक्षाको क्षेत्रमा हुन्छन् र कामको हालतका आधारमा हुन्छन् ।

❑ रोजगारदाताहरुबाट हुने भेदभावपूर्ण व्यवहारहरु अन्त गर्नु र महिलाहरुको सन्तान उत्पादन गर्ने भूमिका र कामहरुको बारेमा ध्यान पुऱ्याएर उपयुक्त कदमहरु लिनु ।

नीति निर्माणमा महिलाहरुको सहभागिता संबन्धमा मञ्चले भनेको छ– राजनीतिक जीवनमा महिलाहरुको समान सहभागिताले महिलाहरुको समुन्नतिको आम प्रक्रियामा निर्णायक भूमिका खेल्छ । यस संबन्धमा सरकारले निम्न कदमहरु चाल्न आव्हान गरिएको छ :

❑ सरकारी अंगहरुमा र समितिहरुमा, निजामती प्रशासकीय अंगहरुमा र न्यायपालिकामा लैंगिक सन्तुलन कायम गर्ने लक्ष्य हासिल गर्न आफूलाई प्रतिबद्ध गर्नु

❑ राजनीतिक गतिविधिहरुमा सामेल हुने, राजनीतिक पार्टीको वा ट्रेड युनियनको सदस्यता लिने लगायत संगठित हुने स्वतन्त्रता उपभोग गर्ने महिला र पुरुषहरुको समान अधिकारको रक्षा र संवर्द्धन गर्नु ।

❑ निर्वाचित अंगहरुमा महिलाहरुको राजनीतिक प्रतिनिधित्व संबन्धमा विभिन्न निर्वाचन प्रणालीले पार्ने भिन्न भिन्न प्रभावहरुबारे समीक्षा गर्नु र जहाँ उपयुक्त हुन्छ, ती प्रणालीहरुको समायोजन र सुधार गर्नु ।

*महिलाहरू र बालिकाहरूको मानव अधिकार*

मञ्चले औंल्याएको छ– महिला र बालिकाहरुको मानव अधिकार विश्वव्यापी मानव अधिकारको छुटाउनै नमिल्ने अविभाजीय र अभिन्न अंग हो । संपूर्ण मानव अधिकार र आधारभूत स्वतन्त्रताहरुमा महिलाहरु र बालिकाहरुको समान हिस्सा कायम गर्नु संपूर्ण सरकारहरु र संयुक्त राष्ट्र संघको प्राथमिक काम हो । महिलाहरुको समुन्नतिको लागि यो निर्णायक कुरो हो ।

यसका लागि सरकारहरुले निम्न कदम चाल्नु जरुरी छ :

❑ अन्तर्राष्ट्रिय र क्षेत्रीय मानव अधिकार सन्धिहरुलाई अनुमोदन गर्ने, थप्ने र कार्यान्वयन गर्ने दिशामा सक्रियतापूर्वक काम गर्नु ।

❑ महिलाहरुलाई आफ्नो मानव अधिकार संबन्धमा र अरुहरुलाई महिलाहरुको मानव अधिकार संबन्धमा जागरुकता जगाउने समष्टिगत मानव अधिकार शिक्षा कार्यक्रम विकास गर्नु ।

❑ १९९५ को समाप्ति अघि नै बालिकाहरुको अधिकार संबन्धी अभिसन्धिको विश्वव्यापी अनुमोदन र सम्मेलन गर्ने कार्य सक्नका लागि तुरुन्त कदमहरु चाल्नु ।

❑ संपूर्ण महिला र बालिकाहरुको निम्ति लिंगका आधारमा हुने भेदभाव निषेध गर्न संवैधानिक ग्यारेण्टी प्रदान गर्नु र कानूनहरु बनाउनु ।

❑ महिलाहरुमाथि हुने हिंसा विरुद्ध जुध्न र त्यसलाई अन्त गर्न तुरुन्त कार्यवाही थाल्नु ।

*बालिकाहरू*

मञ्चले बालिकाहरुमाथि हुने सबै किसिमका भेदभावहरु र उनीहरुको हकको हनन् अन्त गर्न संपूर्ण सरकारहरुलाई तत्काल कदमहरु चल्न अपील गरेको छ । यस उद्देश्यका निम्ति त्यसले ९ वटा रणनीतिहरु तय गरेको छ । यी नौ रणनीतिक लक्ष्यमध्ये बालिकाहरुमाथिका संपूर्ण भेदभावहरु अन्त गर्ने, उनीहरुप्रतिको नकारात्मक सांस्कृतिक रबैया र कार्यवाही अन्त गर्ने, शिक्षामा, प्राविधि विकासमा, स्वास्थ्य सेवामा, पौष्टिक खानामा र अरु पक्षमा विद्यमान भेदभाव अन्त गर्ने र उनीहरुमाथिको हिंसा अन्त गर्ने लक्ष्यहरु मुख्य छन् ।

मंचले औंल्याएको छ–

बालिकाहरुको अस्तित्व, संरक्षण, विकास र समुन्नतिको लागि सबै राष्ट्रका सरकारहरुले सर्वांगीण नीतिहरु, कार्य योजनाहरु र कार्यक्रमहरु विकास गर्नुपर्छ र कार्यान्वयन गर्नुपर्छ, संपत्तिको उत्तराधिकारको सवालमा रहेका अन्याय र बाधाहरुलाई अन्त गर्नुपर्छ, बच्चाको लिंग जे सुकै भएतापनि संपत्ति स्थानान्तरण हुने समान हक सुनिश्चित गर्नुपर्छ ।

सरकारहरुले केटाकेटीहरुलाई आर्थिक शोषणबाट बचाउनु पर्छ र त्यस्ता कुनै पनि काम गर्नुबाट बचाउनु पर्छ, जसले उनीहरुको शिक्षामा, स्वास्थ्यमा, तिनीहरुको शारीरिक, मानसिक, आत्मिक, नैतिक र सामाजिक विकासमा नोक्सानी पुऱ्याउन सक्छ वा हस्तक्षेप गर्न सक्छ ।

*संचार माध्यम*

मञ्चले भनेका छ–

❑ विभिन्न संचार माध्यमहरुमा


नगर सफा राखौं
नगरको सुन्दरता
बढाऔं !
स्वच्छ
पर्यावरणलाई
विशेष ध्यान
दिऔं !!
अध्यक्ष
प्रमोदकुमार श्रेष्ठ
नगर विकास समिति
इटहरी गा.वि.स. परिवार

निरन्तर रुपमा महिलाहरुको नकारात्मक र घटिया चित्र प्रस्तुत गर्ने कार्यलाई परिवर्तन गर्नुपर्छ ।

❑ संपूर्ण सरकारहरुले र अन्तर्राष्ट्रिय संस्थाहरुले परंपरागत र आधुनिक संचार माध्यमको भूमिकालाई महिलाहरु र पुरुषबीचको समानताप्रति सजगता जगाउने कार्यमा प्रभावकारी तवरले अघि बढाउनु पर्छ ।

### महिला र वातावरण

मंचले वातावरण संबन्धी सबै तहको निर्णय प्रक्रियामा महिलाहरुलाई सामेल गर्न संपूर्ण सरकारहरुलाई आव्हान गरेको छ ।

### संयन्त्रहरू

मंचले सरकारहरु र अन्तर्राष्ट्रिय संगठनहरुलाई महिलाहरुसँग संबन्धित राज्य र अन्तर्राष्ट्रिय संयन्त्रहरुलाई मजबूत पार्न आव्हान गरेको छ ताकि- महिलाहरुको मर्यादा स्तरको समुन्नतिलाई झन् झन् अघि बढाउँदै लान सकियोस् ।

मञ्चले भनेको छ-

महिलाहरुको मर्यादा स्तरको समुन्नतिको लागि राष्ट्रिय संयन्त्र भनेको सरकारभित्रको केन्द्रीय नीति समन्वय इकाई हो । यसको मुख्य काम संपूर्ण नीतिका क्षेत्रहरुमा लैंगिक समानताको दृष्टिकोणलाई सरकारव्यापी रुपमा मूल धारमा ल्याउन सहयोग गर्नु हो ।

❑ एक जना क्याविनेट स्तरको मंत्रीको उत्तरदायित्वमा सरकारको सबभन्दा माथिल्लो तहमा यो संयन्त्र बन्नुपर्छ

❑ त्यस्तो राज्य अंगलाई स्पष्ट रुपले परिभाषित जनादेश र अधिकार हुनुपर्छ ।

### सशस्त्र झडपहरू


मंचले भनेको छ- संसारका २ करोड ३० लाख शरणार्थीहरु र २ करोड ६० लाख घरवारविहीन मानिसहरुमध्ये ८०% महिला र बालिकाहरु छन् । सरकारहरुले, अन्तर्राष्ट्रिय र क्षेत्रीय संगठनहरुले राष्ट्रिय शान्ति प्रक्रियाहरुमा र सबै प्रकारका झडपहरुपछि हुने पुनर्निर्माण कार्यमा महिलाहरुको सहभागितालाई वृद्धि र सुदृढ गर्नुपर्छ ।

### स्थितिको समुन्नति

मञ्चले भनेको छ- दीगो विकास र आर्थिक संवृद्धि, जुन दीगो बनाइन्छ र दीगो बनाउन संभव हुन्छ, महिलाहरुको आर्थिक, सामाजिक, राजनीतिक, कानूनी र सांस्कृतिक मर्यादा स्तरलाई समुन्नति-तिर लगेर मात्रै संभव हुन्छ । ❑

# रोल्पामा क्रूर राज्य आतंक

## आफ्नो पार्टीलाई आतंककारी, मान्छे काट्ने आदि आरोप लगाइएकोमा डा. बाबुराम भट्टराईद्वारा आपत्ति



कांग्रेस-राप्रपा र सद्भावना पार्टीको गठबन्धन सरकारकाले हाले रोल्पामा व्यापक स्तरको जुन दमन अभियान संचालन गर्दैछ, यस दमन अभियानले यस सरकारको घोर प्रतिक्रियावादी चरित्रको पर्दाफास गरेको छ । संजमो (भट्टराई) समूहको बाहुल्यता भएको सो जिल्लामा सो पार्टीका कार्यकर्ताहरु र समर्थकहरुलाई प्रहरीले सयौंको संख्यामा गिरफ्तार गरेको छ । प्रत्येक गाउँमा दुई-तीन दर्जन प्रहरी पठाइएको, जनतालाई रोल्पाबाट बाहिर जानलाई पनि प्रहरीले दिएको परिचय पत्र चाहिने गरिएको, घरघरमा घेराउ र खानतलासी गरिएको आदि घटनाहरु रोल्पामा आज भइरहेका छन् । कांग्रेसी गृहमन्त्री खुमबहादुर खड्का र राप्रपा मन्त्री वालाराम घर्ती मगरको प्रत्यक्ष निर्देशनमा वामपन्थीहरुमाथि दमन गर्ने यो अभियान चलाइएको बुझिएको छ । आपनो पार्टीले देशका गाउँ गाउँमा शक्ति केन्द्रित गरी जनसेवा संचालन गरेको कारण जनतामा परेको राजनीतिक प्रभावबाट आत्तिएर प्रतिक्रियावादी शक्तिहरुद्वारा राज्यको ढुकुटी रित्याउँदै दमन गर्न यो सुनियोजित अभियान चालिएको कुरा बताउँदै उक्त पार्टीका अध्यक्ष डा.बाबुराम भट्टराईले यसको घोर भर्त्सना गर्नुभएको छ ।

संजमो (डा. भट्टराई) ले एक प्रेस विज्ञप्ति जारी गर्दै प्रसंग र तथ्यहरुलाई नबुझी वा तोडमरोड गरी केही पत्रपत्रिकाहरुमा उल्टै पीडित पक्ष आफ्नो पार्टीलाई नै "आतंककारी", "मान्छे काट्ने" आदि आरोप लगाएर छापिएकोमा आपत्ति जनाइएको छ । विज्ञप्तिले त्यस्ता समाचारलाई ज्यादै भ्रमपूर्ण, तथ्यहीन र दुराशयपूर्ण रहेको उल्लेख गर्दै त्यस्ता कपोलकल्पित प्रचारबाजीको भ्रममा नपर्न जनतालाई अपील पनि गरेको छ । ❑

१२ पेजको बाँकी

गरिनेछ । किनभने सामाजिक न्यायको नामो-निशान बजेटमा देखिँदैन । सट्टामा बजेटले 'सामाजिक सुरक्षा' शब्द प्रयोग गरेको छ । 'सामाजिक सुरक्षा' भनेको गरीबलाई गरीब नै कायम राख्ने, तर नांगै भोकै मर्न मात्र नदिने, संगठित विद्रोहमा उत्रन नदिने विश्व बैंकको अवधारणा हो ।

यही परिप्रेक्ष्यमा यो बजेटले द्वैध स्वामित्व उन्मूलनको नाममा भूमिसुधार कार्यक्रम ऐनको रुपमा ल्याउने र कार्यान्वयन गर्ने कुरा गरेको छ । तर बजेट छुट्याइएकोछ- जम्मा ५ करोड । त्यति बजेटले द्वैध स्वामित्व उन्मूलन गर्ने काम विल्कूलै संभव छैन, यसबाट सरकारले यस वर्ष पनि कुनै भूमिसुधार गर्ने छैन । खालि भूमिसुधारको हल्ला मात्र पिटेर जग्गा लुकाउने मौका मात्र प्रदान गर्ने छाँटकाँट देखिएको छ ।

बजेटले व्यापार-घाटा घटाउन निर्यात बढाउने कुरो गरेको छ । कुरो राम्रो हो । तर निर्यात बढाउने कुनै ठोस र यथार्थसम्मत कार्यक्रम बजेटमा देखिन्न । खालि गलैंचा र गार्मेण्टमा आधारित भएर हामी दीगो निकासी वृद्धि कदापि गर्न सक्ने छैनौं । हाम्रो निर्यात क्षमता कृषिजन्य, वनजन्य, पानीजन्य, ढुंगाजन्य, माटोजन्य तयारी बस्तुमा आधारित हुनु जरुरी छ, जुन हामीसित यहीं प्रशस्त छ, कतै अन्तबाट कच्चापदार्थ आयात गर्नु पर्दैन । तर यसमा सरकारको दृष्टि पुगेको देखिन्न । अझ हामी तेल, तरकारी, फलफूल, सिमेण्ट, जूटका तयारी सामानहरु, साबुन, चिनी, कागज, विस्कूट, प्राकृतिक ग्याँस, रेशम, कफी, चिया आदि यहीं प्रशस्त उत्पादन गर्न सक्छौं र आयत गर्नु नपर्ने स्थिति ल्याउन सक्छौं । यो कार्यक्रमको दिशा पनि वर्तमान बजेटले समातेको पाइन्न ।

अर्थनीति पक्षेको छ - बजेटले उदारवादी, लक्ष्य लिएको छ बजेटले- व्यापार घाटा घटाउने । यो अन्तरविरोधी र हुनै नसक्ने कुरा हो । त्यसैले, नेपालको व्यापार घाटा भविष्यमा अरु बढ्ने निश्चित छ र नेपाली मुद्राको अरु बढी अवमूल्यन हुनेवाला छ ।

यो बजेटको सबैभन्दा राम्रो कुरा भनेको यसको विकेन्द्रीकरणको नीति हो । "गाउँको अधिकार गाउँलाई दिने" नीति कार्यान्वयन गर्न सके निकै राम्रो नीति हो । यस बाहेक नेपाललाई अन्तर्राष्ट्रिय वित्तीय कारोबार केन्द्र बनाउने अवधारणा पनि राम्रो छ । साना तथा घरेलु उद्योग बैंकको स्थापना पनि प्रशंसनीय कदम हो । त्यस्तै प्रशंसनीय कदम हो- स्वरोजगारीको निम्ति परियोजना नै धितो राखी ऋण दिने व्यवस्था र बहुआयामिक प्राविधिक तालिम केन्द्रको स्थापना ।

जम्मामा भन्नुपर्दा, यो बजेट विश्व सामाज्यवादी खेमाको सेवालाई सुधारवादको मखमली रुमालले राम्ररी छोप्ने जमर्कोको रुपमा देखिन्छ । ❑

दीपावलीको उपलक्ष्यमा समस्त देशवासीहरुमा हार्दिक
**शुभकामना !**
नेपाल खानेपानी संस्थान

# राष्ट्रिय जनतान्त्रिक मोर्चा जागरण अभियान

**ने.क.पा.** मसाल समर्थित अखिल नेपाल जनमोर्चा र ने.क.पा. एकता केन्द्रसँग निकट संयुक्त जनमोर्चा (वैद्य) मिली हालै बनेको कार्यनैतिक संयुक्त मोर्चा 'राष्ट्रिय जनतान्त्रिक मोर्चा नेपाल'ले गत कार्तिकको अन्तिम साता देशव्यापी जुलूस, आमसभा र विरोध प्रदर्शनसहित जनजागरण कार्यक्रमको शुरुवात गरेको छ ।

कांग्रेस, रा.प्र.पा. र सद्भावना पार्टीको संयुक्त सरकार बनेपछि देशमा बढेको प्रतिक्रियावादको खतराका विरुद्ध जागरण पैदा गर्न यो अभियानको आयोजना गरिएको हो । झापा, बुटवल, दाङ, धनगढी, नारायणघाट, जनकपुर आदि स्थानमा कार्यक्रम संपन्न गरी शुरु गरिएको यस अभियानलाई आगामी दिनहरुमा अरु विस्तार गरिने कुरा सो मोर्चाबाट थाहा हुन आएको छ । ❑

**गहन सामग्रीका निम्ति शुभकामना !**

लाखौं पाठकहरुका बीच अत्यन्त लोकप्रियताका साथ आफ्नो गौरव राख्न सफल यस मासिकले यस देशका र विदेशका पनि कैयौं व्यक्तिहरुलाई सत्य र यथार्थपूर्ण समाचार सम्पादन गरी राम्रो स्थान ओगट्न सफल भएकोमा म नियमित पाठकको हैसियतले अत्यन्त खुशी छु। यसमा प्रकाशित लेखहरु समय सान्दर्भिक छन्। गत अंकको अरुण सम्बन्धी विविध जानकारी, सर्वोच्च अदालतको फैसला सम्बन्धी लेखहरु ज्यादै उचित रहे र एमाले सत्ताबाट कसरी हट्यो भन्ने सम्बन्धी नयाँ अंक अझै उपयुक्त लाग्यो। भविष्यमा पनि यस्तै गहन सामग्रीहरु दिई यसले सफलता प्राप्त गरोस् भन्ने शुभकामना दिन चाहन्छु।

साथै, यस मासिकमा विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका नेताहरु जस्तै माओ, लेनिन, किम, मदन जस्ता व्यक्तित्वहरुको आवरण फोटो राखिदिनु भएमा अझ उचित हुने थियो।

*-प्रेम 'पीडित' भरतपुर १३*

**अन्य विश्व साहित्यकारका जीवनी**

मूल्याङ्कन महिनैपिच्छे पढ्न पाउँदा साह्रै खुशी लागेको छ। यो पत्रिकाले हाम्रो आवश्यकतालाई धेरै हदसम्म पूरा गरेको छ।

भाद्रको अंक पनि पढें। सर्वोच्चको फैसला, अरुण-३ जस्ता लेखहरुले हामी जस्ता युवाहरुलाई आफ्नो धारणा बनाउन महत्त्वपूर्ण भूमिका खेलेको महसुस भयो। त्यसै गरी विश्व कम्युनिष्ट आन्दोलनको रिपोर्टलगायत 'चे' को जीवनी, विज्ञान/प्रविधि सम्पूर्ण स्तम्भ ज्यादै महत्त्वपूर्ण छन्। यो क्रम चलिनै रहोस्। यसैगरी महान मार्क्सवादी साहित्यकार ब्रेख्तको बारेमा जानकारी गराउनु भएकोमा विशेष धन्यवाद !

अगामी अंकहरुमा विश्व कम्युनिष्ट आन्दोलनका हस्तिहरु मार्क्स, एङ्गेल्स, लेनिन, माओ, हो चि मिन्ह आदिको जीवनका रोचक झाँकीहरु क्रमशः प्रस्तुत गर्नु हुन अनुरोध गर्दछु। त्यसैगरी ब्रेख्त जस्तै अन्य साहित्यकारहरु नाजिम हिक्मत, पाब्लो नेरुदा, फैज अहमद फैज, गोर्की, प्रेमचन्द आदि साहित्यकारको बारेमा 'साहित्य' सम्बन्धी स्तम्भमा लेखहरु प्रस्तुत गर्न आग्रह गर्दछु।

*गोविन्द 'आकाश',*
*श्री पंचकन्या मा.वि., काभ्रे*

**दशैंको विदाभरि अध्ययन गर्दा**

मूल्याङ्कन पूर्णाङ्क ३२ असोज २०५२ समयमा नै हात परेकाले दशैंको विदाभरि राम्ररी अध्ययन गर्ने अवसर पाइयो, यसमा ज्यादै खुशी लागेको छ। यस अंकमा आवरण कथाअन्तर्गत विगतको सर्वोच्चको फैसलादेखि लिएर राप्रपा, कांग्रेस र सद्भावनाको सरकारको निर्माण भएको विषयमा गरिएको गहन विश्लेषण पढ्न पाइयो। विश्व कम्युनिष्ट आन्दोलन शीर्षकअन्तर्गत विश्वमा साम्राज्यवादी हस्तक्षेपद्वारा बहुजनहित विपरीत सत्ता कब्जा गर्ने, जनकल्याणकारी सरकारलाई जसरी हुन्छ, असफल गराउँदै आफ्नो हैकम विश्वमा फैलाउन चाहने अमेरिकाको बारेमा खोजपूर्ण लेखमाला पनि उक्त अंकमा अध्ययन गर्न पाउँदा र तथ्य जान्न पाउँदा खुशी लाग्यो।

त्यसैगरी क्यूबाको क्रान्तिका अग्रज नेताहरु क. चे ग्वेभारा र हालका राष्ट्रपति फिडेल क्यास्त्रोका बीच सर्वप्रथम कसरी, कहिले, कहाँ भेट भयो र कस्ता कस्ता बाधा उहाँहरुले ब्यहोर्नु पर्‍यो भन्ने कुराको खोजपूर्ण धारावाहिक लेखको अध्ययन गर्ने सुअवसर दिएकोमा तपाईहरुलाई धन्यवाद !

विज्ञान-प्रविधि शीर्षकअन्तर्गत अंग-प्रत्यंग प्रत्यारोपण गर्ने क्रियाकलापमा हुने गरेका लापर्वाहीको बारेमा जानकारी दिइएको लेख सनसनीपूर्ण भएको लाग्यो। नीति/संस्कृतिमा हाल विश्वमा चलिआएको दोहोरो मापदण्डका विषयमा गहन विचार प्रस्तुत गरिएको पाएँ।

निचोडमा भन्नुपर्दा यस पत्रिकाको नियमित स्तंभहरु सम्पूर्ण नै सनसनीपूर्ण, खोजपूर्ण हुनुका साथै, समसामयिक भएकाले उत्तिकै अध्ययन र मननयोग्य लाग्यो।

अन्त्यमा रुसको साइवेरियामा 'किन गिद्द भैं झुम्मिरहेछन् पश्चिमेलीहरु' भन्ने लेखले मनै चुँडिने खालको स्थिति र आक्रोश पैदा गर्‍यो। साइनिङ्ग पाथसँग सम्बद्ध रहेका पेरुभियाली जनताहरुको आन्दोलन हाल कतातिर गइरहेछ, यसबारेमा यो अंकमा पढ्न नपाउँदा भने अलिकति के नपुगे-नपुगे जस्तो लागिरहेछ, आगामी अंकमा यसतर्फ विस्तृत जानकारी दिने लेखमाला प्रकाशित हुनेछ भन्ने आशा गर्दछु।

*-कुमार 'बुभुत्सु', ल.पु., लामाटार-५*

**भूमिसुधारबारे किसानहरुको सुझाव**

मूल्याङ्कनको असोज अंक हात पर्‍यो। यो अंक अलि पातलो भएको महसुस भयो। सामग्री स्तरयुक्त नै समावेश गरिएको छ। कभरमा विमान दुर्घटनामा परी अस्पतालको बेडमा सुताइनु भएका तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको तस्वीरले नेपाली कांग्रेस र राप्रपाप्रति घृणा जगाएको छ भने कम्युनिष्टहरुप्रति अपार श्रद्धा जगाएको छ।

यसमा समावेश भएको चन्द्रदेव नेपालीको 'दोहोरो मापदण्ड' बारेको लेख समसामयिक छ। भारतीय ब्यंग्यकारको अति क्रान्तिकारिता सम्बन्धी ब्यंग्यले नेपालको कम्युनिष्ट आन्दोलनलाई पनि छोएको र ब्यंग्य हानेको छ। भूमिसुधार सम्बन्धी अन्तर्क्रिया कार्यक्रमको जीवन्त रिपोर्ट ज्यादै छोटो भयो। यी टिप्पणीकारहरु प्रत्यक्ष जमीनसँग सम्बन्ध नभएका उदियमान मध्यम वर्गको प्रतिनिधित्व गर्नेहरु बढी परेका छन्, यिनको सुझाव मात्र पूर्ण हुँदैन, जमीनसँग प्रत्यक्ष सम्बन्ध भएका जिल्लास्तरका राजनैतिक कार्यकर्ता र ४०/५० वर्ष माथिका किसानहरुसँग पनि सुझाव लिने काम होस्। यो अहिले देशको जल्दोबल्दो समस्या हो। यसपट्टी सबैको ध्यान जानु नितान्त आवश्यक छ।

नेकपा (एमाले) को सरकार सत्ताच्यूत भएपछिको स्थितिबारे मूल्याङ्कन मासिकले लिएको विभिन्न वाम-नेताहरुको अन्तर्वार्ताले के प्रष्टाएको छ भने अहिले देशमा पूँजीवादी राजनैतिक शक्तिको बाहुल्यता छ। त्यसकारण, यसको विकल्प भनेको मात्र नेकपा (एमाले) होइन, सम्पूर्ण वामशक्तिहरु हुनसक्छन्। सैद्धान्तिक, राजनैतिक र विचार धारात्मक रुपमा देखिएका सामान्य मतभेदलाई आपसी छलफलद्वारा समाधान गरेर देशी विदेशी प्रतिक्रियावादी साम्राज्यवादी शक्तिहरुको विरोधमा एक हुन सक्नुपर्छ।

*-राममणी पोखरेल, गाईघाट-२*

**केही सुझावहरु**

म मूल्याङ्कन मासिकको नियमित पाठक हुँ। समसामयिक विषयमा अन्तर्क्रिया, विश्व कम्युनिष्ट आन्दोलनको बारेमा जानकारी, देश विदेशका नयाँ तथा ताजा खोजपूर्ण खबरहरुलगायत विविध सामग्रीहरुको प्रकाशन निकै सन्हानीय छ। यसले नेपालका कुनै राजनैतिक पार्टीहरुले आफ्ना कार्यकर्ताहरुमाथि पूरा गर्नुपर्ने दायित्वभन्दा माथि उठेर काम गरेको लाग्दछ मलाई। मूल्याङ्कनको नियमित अध्ययनले युवाहरुमा मार्क्सवादप्रति आस्था जगाउने काम गरेको छ। यसले निम्न कुराहरुमा थप ध्यान पुर्‍याएमा अझ पूर्णता प्राप्त हुने थियो। विश्वका महान् वामपन्थी व्यक्तिहरुको तस्वीर (ब्लो-अप) (संभव भए रंगीन) प्रकाशन गरोस् जसले गर्दा मानिसमा जिज्ञासा र आस्था बढ्न जान्छ।

- नेपालको वाम-आन्दोलनको इतिहास सम्बन्धमा व्यापक अन्तर्क्रिया गरोस्।
- मार्क्सवादी र वामपन्थी भनाउँदा गैरमार्क्सवादीहरुलाई समान स्थानमा नराखी संशोधनवादीहरुका आलोचना र भण्डाफोरमा विशेष जोड देओस्।
- मार्क्सवादी दर्शन र राजनीति सम्बन्धमा श्रृंखलाबद्ध प्रकाशन शुरु गरोस्।
- सही कम्युनिष्ट नीति/संस्कृति सम्बन्धी लेख रचनाहरुलाई बढी प्रभावकारी बनाओस्।

*-विद्युत शर्मा, लालमटीया-४, दाङ*

**किन समाजवादी सत्ता शान्तिपूर्ण रुपले नै ढल्यो ?**

मूल्याङ्कन नेपालको बौद्धिक क्षेत्रमा लागेका सम्पूर्ण व्यक्ति र त्यसमा पनि वामपन्थी राजनीतिक गतिविधिमा आफूलाई समायोजन गर्ने हरकोही व्यक्तिको लागि अति नै ज्ञानवर्द्धक छ।

विश्व कम्युनिष्ट आन्दोलनमा अमेरिकाको सी.आई.ए. ले खेलेको भूमिकालाई ३२ औं अंकमा पढ्न पाउँदा अमेरिकाप्रति हामीमा आक्रोश एवं घृणाको तापक्रम बढ्यो।

मूल्याङ्कनले पाठकहरुलाई सु-सूचित गराउँनु पर्ने कुरा के छ भने- किन १९२९ को आर्थिक मन्दीसिवाय पूँजीवादी राजनीतिमा खासै त्यति ठूलो संकट आएको छैन, जुन पैमानामा मार्क्सवादमा आएको छ। किन द्वितीय विश्वयुद्ध र अझ भनौं न १९१७ को बोल्सेविक क्रान्तिपछि नै पूँजीवादी गुप्तचर संस्थाहरु कम्युनिष्ट मास्ने अभियानमा आंशिक रुपले सफल पनि भए त ? तर भनिन्छ स्वच्छ मार्क्सवादी राजनीतिबाट सञ्चालित राज्य व्यवस्थामा खासैगरी जन-आन्दोलन पनि हुँदैनन् तर तत्कालीन समाजवादी रुसमा त्यस्तै पूर्वी जर्मनी, हँगेरी, चेकोस्लोभाकिया, रुमानिया र एक हिसावले सम्पूर्ण पूर्वी यूरोपका समाजवादी मुलुकहरुमा के जनआन्दोलन भएनन् त ? के सी.आई.ए. ले मेशिनगन र टैंकमात्र प्रयोग गर्‍यो त ? के बर्लिनको पर्खाल सी.आई. ए. ले आणविक हतियारबाट चकनाचुर गर्‍यो त ? के रुसमा तत्कालीन उपराष्ट्रपति गेन्नादी यनायभले यल्तसीनले उभार ल्याएको जनमानसलाई टैंक र सेना प्रयोग गरी प्रतिक्रान्तिको नाम दिएर आफ्नो अनुकूल पार्ने असफल प्रयास गरेका थिएनन् ? तर जनताले यो लाल झण्डालाई त्यसपटक १९१७ मा झैं साथ नदिई विरोधमा नै उत्रे। अहिले भनिन्छ- ख्रुश्चेभको पालादेखि नै सी.आई.ए. का एजेण्ट घूसपैठ भएका थिए।

मूल्याङ्कन जस्तो गरिमामय, जिम्मेवार, निष्पक्ष, तथ्यपरक एवं वस्तुवादी दृष्टिकोण राख्ने पत्रिकाले अन्तर्क्रिया गर्नु पर्दछ- किन र कसरी त्यस्तो उत्कृष्ट राज्य व्यवस्था हुने हाम्रो यो वैज्ञानिक मार्क्सवादमा विभिन्न नामका कीरा लाग्छन् र त्यो एक हिसावले पूर्णतः शान्तिपूर्ण आक्रमण हुन्छ र बडो कठिनाइपूर्वक परिस्थितिसँग जुधेर र कुरवानी गरेर हतियार बोकेर लिइएको सत्ता 'बगरेको अगाडि बोकाले काँध थापे झैं' शान्तिपूर्ण ढंगले समाजवादीहरुले हस्तान्तरण गर्दै छोड्दै आएका छन् ? जब यसै पत्रिकाको यसै अंकको आवरण कथामा हतियारवन्द युद्धलाई प्रमुख र संसद्लाई गौण मानेर एमालेलाई मसाल बन्न त भनिएको छ तर उपरोक्त घटनामा मात्र अडेर हेर्ने हो भने यसको सार्थकता नै के छ र ? त्यतातर्फ सोच्नुपर्‍यो र हामीलाई ज्ञान दिनुपर्‍यो। किन केही सत्तामा भएका मार्क्सवादी मुलुकले आत्मरक्षा र अस्तित्वको लागि लडाइँ लड्नु मात्रै परेको छ ? के यी साच्चै मार्क्सवाद जस्तो वैज्ञानिक सिद्धान्तको विकृतिले जन्माएका हुन्। मूल्यांकनले यसमा पनि तथ्यपरक, वस्तुवादी एवं खोजपूर्ण र अनुसन्धनात्मक रचनाद्वारा हामीलाई सुसूचित गराओस्।

*-रबिन शर्मा, गणेशपुर-७, स्याङ्जा*

२० पेजको बाँकी

हो- अंग्रेजी शासनबाट स्वतन्त्रता प्राप्त गरेपछिको भारतमा भएको जनआन्दोलनहरुको इतिहासमा योभन्दा व्यापक, योभन्दा ठूलो मंच अहिलेसम्म कहिले पनि बनेको थिएन। यति व्यापक वामपन्थी जनसंगठनहरुलाई समेटेर त्यसका कार्यकर्ता, समर्थक र शुभेच्छुकहरुलाई आन्दोलनमा उतार्न सक्नु र त्यस आन्दोलनबाट जनतामा आस्थाको झिल्को बाल्न सक्नु यस मंचका सबलताहरु हुन्।

अर्कोतिर, आन्दोलनका क्रममा केही कमजोरीहरु पनि देखा परेका थिए। यो मंच जति व्यापक छ, त्यति सुसंगठित र चुस्त छैन र यसका आन्दोलनहरु पनि यी दुवै रोगबाट ग्रस्त छन्। त्यसको लागि राज्य, जिल्ला र ब्लक स्तरमा मंचका शाखाहरुलाई विस्तार गर्नु, मंचको घेरालाई अझ विस्तृत गरी विशाल जनसमूहलाई संगठित गर्नु र जनवर्गीय संगठनबीच आपसी तालमेल गर्नु जरुरी देखिएको छ। यस चुनौतीलाई सामना गरेर भारतका वामपन्थीहरु र तिनका जनसंगठनहरु कसरी 'अगाडि बढ्दछन्, त्यसैमा 'जन-संगठनहरुको राष्ट्रिय मंच' को सफलता/असफलता निर्भर हुने देखिन्छ।

एक मात्र छ विश्वविख्यात सगरमाथा...
एक मात्र छ अन्तर्राष्ट्रिय स्तरको फलामे डण्डी

**हिमाल**
**टोरस्टील** ®

Ask for it by name

सबै फलामे डण्डीहरु उस्तै देखिन्छन् । तर टोरस्टीलको प्रविधि प्रयोग गरी अन्तर्राष्ट्रिय स्तरको डण्डी निर्माण गर्ने नेपालमा एक मात्र निर्माता हो- **हिमाल** ।

त्यसैले बजारमा उपलब्ध अन्य साधारण फलामे डण्डीका दाँजोमा **हिमाल टोरस्टीलका** धेरै फाइदाहरु छन् :

- **कंक्रीटसँग शत प्रतिशत मेल खाने** • **मोड्नमा सजिलो**
- **साधारण छडभन्दा खपतमा करीब ४०% भन्दा बढीले बचत**
- **अन्य साधारण छड भन्दा ६५% बढी शक्तिशाली**

*सम्झनुहोस् : टोरस्टील भन्नु नै हिमाल टोरस्टील मात्र हो ।*




**BIRAT NURSING HOME**
MATERNITY HOME

हाम्रा विमारी वर्गहरू तथा सम्पूर्ण देशवासीहरूमा २०५२ विजयादशमी तथा दीपावलीको सुअवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

हाम्रा सेवाहरू :
२४ घण्टा उपलब्ध छन्

*स्त्री रोग सम्बन्धी सम्पूर्ण सुविधाहरु :-*

- **गर्भवती तथा डेलिभरी महिलाहरूको लागि,**
- **सबै** Gyno-Operation **हरू, विशेषगरी पाठेघरको क्यान्सर तथा सबै ठूला अप्रेशनहरु,**
- **मिनिल्याप तथा भ्यासेक्टोमी,**
- **अल्ट्रासाउण्ड तथा** Endoscopy **सुविधा,**

**विराट नर्सिङ्ग होम तथा प्रसूति गृह**
*विराटनगर-१० फो.नं. २१६१४, २६८७२३ शनिहाट चौक*

**DUCKHAMS**

**OILS**

*The Champion's Choice*

Mali Oil Store
Kalimati, Kathmandu, Nepal.
Phone : 2-70486, 2-72238

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.का.द.नं. ४८ : ०३९/४०    म.क्षे.हु.द.नं. १२/०५०/५१



स्त्री रोग तथा परिवार नियोजन विशेषज्ञ महिला डाक्टरहरुद्वारा सेवा उपलब्ध छ !

# मेरी स्टोप्स क्लिनिक

## उपलब्ध सेवाहरु

१. स्त्री रोग सम्बन्धी जाँच ।

२. परिवार नियोजन सम्बन्धी परामर्शका साथै सम्पूर्ण सेवाहरु ।

३. शिशु सुरक्षा खोप (टीका) प्रत्येक शनिवार मात्र ।

**ठेगाना :**
मेरी स्टोप्स क्लिनिक
मंगलादेवी विशाल बजार
हनुमानदास रोड (शनिमन्दिर अगाडि)
विराटनगर– ८
फोन : २-३२८०

**सेवा समय**
विहान १० बजेदेखि
बेलुका ५ बजेसम्म
आइतवार बन्द रहनेछ ।